जि.प्र.का. काठमाडौं, द.नं. ३६३/०७४/०७५

नेफ्स्कून

# साकोस आवाज
# SACCOS AAWAJ

नेफ्स्कूनको त्रैमासिक प्रकाशन

वर्ष ६ अंक १९ मुल्य रू. १००/- कार्तिक-पुस २०७८



नयाँ बानेश्वर, काठमाडौं
फोन नं.: ०१-४७९१९६३, ४७८०२०१
इमेल: nefscun@nefscun.org.np

www.nefscun.org.np




# विश्वको जुनसुकै ठाउँबाट पठाएको पैसा पाउन
# छिटो, भरपर्दो र सुरक्षित माध्यम




रकम प्राप्त गरौं हातैमा




रकम प्राप्त गरौं बैंक खातैमा




रकम प्राप्त गरौं वालेटमा

/imeremit ime_limited_official ime-ltd- info@imeremit.com.np imeremit.com.np

नेफ्स्कून


**प्रकाशक**
नेपाल बचत तथा ऋण केन्द्रीय सहकारी संघ लिमिटेड (नेफ्स्कून)

**संरक्षक**
परितोष पौड्याल
अध्यक्ष, नेफ्स्कून

**सूचना तथा प्रकाशन उपसमिति-संयोजक**
चन्द्र प्रसाद ढकाल
बरिष्ठ उपाध्यक्ष/प्रवक्ता


**सूचना तथा प्रकाशन उपसमिति सदस्यहरु**
विपिन शर्मा
लिला थापा
जगदिश भट्टराई
सालिकराम पुडासैनी

**सम्पादक**
सञ्जयराज तिमिल्सीना

**सह-सम्पादक**
राधा पौडेल
रञ्जनमणि पौड्याल

**मुद्रण**
एक्सिस प्रिन्टर्स प्रा.लि.
न्यूप्लाजा, काठमाडौं
०१-४५३६८६१

**मुल्य**
रु.१००/-


# यस भित्र


नेफ्स्कूनको ३० औं वार्षिक साधारणसभा सम्पन्न... ३
बैंकिङ्ग क्षेत्रको तरलता र सहकारी क्षेत्रमा पर्नसक्ने प्रभाव... ९
नेफ्स्कून साकोस म्यानेजर्स क्लबको पदभार हस्तान्तरण... १३
सहकारी संस्थामा सुशासन: प्रमुख चुनौती र चाल्नुपर्ने कदम... २१
सहकारी क्षेत्रको व्यावसायिक विकासमा अन्तरसहकारी... २७
स्थिरीकरण कोष सहकारी अभियानको कोषेढुङ्गा... ३१
नेफ्स्कून साकोस म्यानेजर्स क्लब... ३५
सहकारी अभियानमा विषयगत संघहरुको भूमिका... ४१
सदस्य सन्तुष्टिमा जोड दिँदै कञ्चनपुरको सिर्जना साकोस... ५१



**© नेपाल बचत तथा ऋण केन्द्रीय सहकारी संघ लि. (नेफ्स्कून)**


केन्द्रीय कार्यालय: नयाँ बानेश्वर, काठमाडौं,
फोन नं.: ०१-४७९११९६३, ४७८०२०१, इमेल: nefscun@nefscun.org.np
वेबसाईट: www.nefscun.org.np



यस साकोस आवाजमा प्रकाशित सबै धारणाहरु लेखकका निजी धारणा हुन् । - सम्पादक

# बचत तथा ऋण सहकारी अभियानको अपेक्षा : स्थिरीकरण कोष

नेपालमा सहकारी अभियानको विकाससँगै बचत तथा ऋणको कारोवार गर्ने सहकारी संस्थाहरुको कारोवार उल्लेख्य रुपमा बढ्दै गइरहेको छ । सहकारी संस्थाको बढ्दो वित्तीय कारोवारले विकास बैंक, वित्त कम्पनी तथा लघुवित्त संस्थाहरुलाई पछाडि पारिसकेको अवस्थालाई राज्यको मुख्य वित्तीय नियामक नेपाल राष्ट्र बैंकले भने कुनै किसिमको चासो राखेको पाइदैन । वित्तीय संस्थाहरुमा उसको आकार अनुरुप जोखिमका क्षेत्रहरू समेत व्यापक र विस्तारित हुँदै गइरहेको हुन्छ । नेपालको संविधान, २०७२ को अनुसूची ५ मा संघको अधिकारको सूची अन्तर्गत २८औं नम्बरमा "बीमा नीति, धितोपत्र, सहकारी नियमन" भन्ने विषय समेटेको छ भने अनुसूची ७ मा संघ र प्रदेशको साझा अधिकारको सूची अन्तर्गत "करार, सहकारी, साझेदारी र एजेन्सी सम्बन्धी" अधिकारको व्यवस्था गरेको छ । त्यसैगरी अनुसूची ८ स्थानीय तहको अधिकारको सूची अन्तर्गत प्राथमिकताका साथ दोस्रो नम्बरमा सहकारी उल्लेख गरिएको छ भने अनुसूची ९ मा संघ, प्रदेश र स्थानीय तहको अधिकारको साझा सूची अन्तर्गत पहिलो प्राथमिकतामा सहकारी उल्लेख गरिएको छ । संविधानमा रहेका यी व्यवस्थाको कार्यान्वयनका सन्दर्भमा संघ तर्किने र स्थानीय तह प्राप्तिको लागि बढी क्रियाशिल हुँदा स्थानीय तहले नै सहकारीको नियमन अभ्यास गरेको पाइन्छ । अन्य सहकारीको नियमन सन्दर्भमा स्वभाविक नै भएतापनि कतिपय विकास बैंकको भन्दा बढी पुँजी परिचालन गर्ने सहकारीको नियमन स्थानीय तह र प्रदेश तहबाट हुँदा वित्तीय सहकारीको जोखिम व्यवस्थापन चुनौतीपूर्ण बन्दै गएको छ । सहकारी ऐन, २०७४ ले वित्तीय सहकारी व्यवस्थापनका सन्दर्भमा केही विशेष व्यवस्था गरेतापनि नियमनको अधिकार विकेन्द्रित गरेको छ । सहकारी संस्थाहरुमा देखा पर्न सक्ने वित्तीय संकट समाधानका लागि संस्था सम्बद्ध सञ्जालहरुले नियमानुसार प्रदान गर्ने सीमित सापटी सहयोग बाहेक सरकारी वा केन्द्रीय स्तरमा कुनै आर्थिक सुविधाको व्यवस्था नहुँदा राज्यको तीन खम्बे अर्थनीति माथि नै प्रश्न उठ्न थालेको छ । ठूलो पुँजी परिचालन गरिरहेका केही सहकारी संस्थाहरुका स्वार्थ केन्द्रित र गलत अभ्यासका कारण सहकारी क्षेत्रप्रति जनविश्वास घट्दै गइरहेको तर्फ राज्य र सहकारी अभियानको सामुहिक प्रयास आवश्यक देखिन्छ जसले सहकारी क्षेत्रमा विश्वासको वातावरण निर्माणमा सहयोग पुग्नेछ ।

सहकारी ऐन, २०७४ ले बचत तथा ऋण विषयगत संस्थाको सञ्चालनमा सम्भावित जोखिमबाट संरक्षण गर्न त्यस्ता संस्थाहरु मिली एक स्थिरीकरण कोष खडा गर्न सक्नेछन् भन्ने व्यवस्था गरेकोमा बाहेक जोखिमबाट संरक्षणका लागि कुनै नीतिगत एवम् कानुनी व्यवस्था भएको पाइदैन । २०७४ मा ऐन जारी भएयता समेत सहकारी क्षेत्रमा ठूलो वित्तीय कारोवार गर्ने केही संस्थामा समस्या आइसकेको छ । यद्यपी संरक्षणको एकमात्र औजारको रुपमा व्यवस्था गरिएको स्थिरीकरण कोष सञ्चालनमा सहकारी अभियान भित्रकै कतिपय संस्था र राज्य आफ्नो तर्फबाट गर्नुपर्ने योगदानमा उदासिन जस्तै रहेको देखिन्छ । स्थिरीकरण कोष बचत तथा ऋण सहकारीहरूको वित्तीय संकटका बखत मात्र उपयोगी हुने नभई नियमित सिकाई र अनुगमनको कार्यसमेतमा भूमिका निर्वाह गर्ने विभिन्न मुलुकका अभ्यासले पुष्टि गरिसकेको छ । नेपालमा भने २०७४ को ऐनबाट जन्मेको कोष चार वर्ष बितिसक्दा समेत खडा हुन नसक्दा सरोकारवाला पक्षले आफ्नो भूमिकाको समीक्षा गर्नु आवश्यक छ ।

इजाजतपत्र प्राप्त बैंक तथा वित्तीय संस्थाहरुलाई वित्तीय संकटको बेला केन्द्रीय बैंकबाट अन्तिम ऋणदाता सुविधा (Lender of the Last Resort) प्राप्त भए जस्तै सहकारी संस्थाहरु वित्तीय संकटमा पर्ने बेला यस्तै सुविधा प्रदान गर्ने ध्येयले स्थिरीकरण कोषको अवधारणा विकास गरिएको हो । स्थिरीकरण कोषलाई सहकारी संस्थाको स्थायित्व र विश्वासिलो सुरक्षा कवच एवं वित्तीय स्वास्थ्य र साख सिर्जनाको भरपर्दो आधार मानिएको छ । नेपालमा स्थिरीकरण कोष स्थापना र सञ्चालन सम्बन्धमा सहकारी ऐन, २०७४, सहकारी नियमावली, २०७५ र बचत तथा ऋण सहकारी संस्था सम्बन्धी स्थिरीकरण कोष स्थापना तथा सञ्चालन कार्यविधि, २०७६ मा भएको व्यवस्था अनुरुप बचत तथा ऋण विषयगत केन्द्रीय संघमा रहने व्यवस्था गरेको छ ।

नेफ्स्कून अन्तर्गत रहने कोष सञ्चालन एक छुट्टै सञ्चालन समितिबाट हुने व्यवस्था छ । जसमा नेफ्स्कूनका अध्यक्षको अध्यक्षता सहकारी मन्त्रालय, अर्थ मन्त्रालय, नेपाल राष्ट्र बैंक, सहकारी विभाग, राष्ट्रिय सहकारी विकास बोर्ड, राष्ट्रिय सहकारी महासंघ र राष्ट्रिय सहकारी बैंकबाट एक एक जना प्रतिनिधि र कोषमा सहभागी सहकारी संस्थाका अध्यक्षहरु मध्येबाट कम्तीमा एक जना महिला सहित दुई जना सदस्य रहने व्यवस्था छ । समितिको सदस्य सचिव नेफ्स्कूनको कार्यकारी प्रमुख रहने व्यवस्था छ ।

बचत तथा ऋण सहकारी अभियानको अपेक्षा भनेको योगदान रकमको संरक्षण र बचत तथा ऋण सहकारीहरूको प्रजातान्त्रिक नियन्त्रण प्रणाली स्थापन हो । कोष स्थापनाका लागि कम्तीम दश करोड योगदान संकलन हुन आवश्यक छ तर हाल सम्म कोषमा संकलन भएको योगदान रकम पूर्ण नहुँदा कोष औपचारिक रुपमा सञ्चालनमा आउन सकेको छैन । कोषको सेवा शुरु गर्न संघले संरक्षणको प्रत्याभूति गराउने अभियानबाट योग्यता अनुरुप प्रारम्भिक योगदान गर्न आवश्यक छ ।

**संरक्षक:** परितोष पौड्याल, अध्यक्ष, नेफ्स्कून
**सूचना तथा प्रकाशन उपसमिति संयोजक:** चन्द्र प्रसाद ढकाल । सदस्यहरु: विपिन शर्मा, लिला थापा, जगदिश भट्टराई, सालिकराम पुडासैनी
**सम्पादक:** सञ्जयराज तिमिल्सीना
**सह-सम्पादक:** राधा पौडेल, रञ्जनमणि पौड्याल

**© नेपाल बचत तथा ऋण केन्द्रीय सहकारी संघ लि. (नेफ्स्कून)**
केन्द्रीय कार्यालय: नयाँ बानेश्वर, काठमाडौं, फोन नं.: ०१-४७९११६३, ४७८०२०१, इमेल: nefscun@nefscun.org.np
वेबसाइट: www.nefscun.org.np




# नेफ्स्कूनको ३० औं वार्षिक साधारणसभा सम्पन्न

नेफ्स्कूनको ३० औं वार्षिक साधारणसभा नेपाल प्रज्ञा प्रतिष्ठान कमलादीमा मंसिर ३ गते सम्पन्न भएको थियो । सभाको उद्घाटन भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्री शशी श्रेष्ठले गर्नुभएको थियो । संघका अध्यक्ष परितोष पौड्यालको अध्यक्षतामा आयोजित उद्घाटन सत्रमा विशिष्ट अतिथि राष्ट्रिय सहकारी महासंघका अध्यक्ष मिनराज कंडेल हुनुहुन्थ्यो भने संघका बरिष्ठ उपाध्यक्ष चन्द्र प्रसाद ढकाल, उपाध्यक्ष शान्ति अधिकारी, महासचिव दामोदर अधिकारी, कोषाध्यक्ष दिपक पनेरू, लेखा सुपरिवेक्षण समिति संयोजक नवराज सापकोटासँगै सञ्चालक समिति तथा लेखा सुपरिवेक्षण समितिका सदस्यहरूको सहभागिता सभामा रहेको थियो ।

सभालाई सम्बोधन गर्दै प्रमुख अतिथि मन्त्री श्रेष्ठले सहकारी तथा साकोस अभियानका नीतिगत, कानुनी तथा व्याहारिक समस्याहरू समाधान गर्न सरकार तयार रहेको बताउनुभयो । अभियानको विकास, प्रवर्द्धन र सुशासन स्थापना गर्न नीतिगत, कानुनी र व्यावहारिक उल्झनहरू छन् भने छलफलका आधारमा तिनको निदान गर्न मन्त्रालय तयार रहेको उहाँले स्पष्ट पार्नुभयो ।

नेपालको सहकारी अभियानको करिब ७ दशक लामो इतिहासको चर्चा गर्दै मन्त्री श्रेष्ठले कुल ग्राहर्स्थ उत्पादनमा ५ प्रतिशतभन्दा बढी तथा कुल वित्तीय कारोवारमा २८ प्रतिशत योगदान, ८८ हजारलाई प्रत्यक्ष रोजागरी प्रदान गरेको तथ्याङ्क प्रस्तुत गर्दै राष्ट्रिय पुँजी निर्माण, बचत परिचालन र लगानी, सीमान्तकृत समुदायको सशक्तिकरण, नेतृत्व विकासमा सहकारीको भूमिका अत्यन्त महत्वपूर्ण रहेको चर्चा गर्नुभयो । उहाँले सहकारी सिद्धान्तहरूबाट निर्देशित हुनुपर्नेमा जोड दिदैँ सहकारी तथा साकोस अभियानको बढ्दो लोकप्रियतासँगै बाइप्रडक्टका रूपमा देखिएका केही समस्याहरू समाधानका लागि अभियानसँग सहकार्य र साझेदारी गर्न सरकार तयार रहेको बताउनुभयो ।

अर्थतन्त्रमा सहकारी क्षेत्रको योगदानको कदर गर्दै संविधानले यसको स्वीकार्यता गरेको अवगत गराउँदै मन्त्री श्रेष्ठले सफलतासँगै समस्या र चुनौती थपिएको, उत्पादनमा नभई बचत ऋण कारोवारमा बढी केन्द्रित भएको र वित्तीय सुशासनमा केही संवेदनशील समस्याहरू देखापरेको भन्दै संविधानले मान्यता प्रदान गरेको क्षेत्रलाई मर्यादित, दीगो र विश्वसनीय बनाउने जिम्मेवारी सरकार र नेफ्स्कून लगायत अभियानको भएको प्रष्ट पार्नुभयो ।

नेफ्स्कूनको ३० औं वार्षिक साधारण सभामा यी संगीन विषयहरूमाथि छलफलसहित आगामी कार्यदिशा तथा रणनीतिहरू तयार हुने विश्वास प्रमुख अतिथि मन्त्री श्रेष्ठले व्यक्त गर्नुभयो । मन्त्री श्रेष्ठको जोड थियो- 'अर्थतन्त्रको अत्यन्तै महत्वपूर्ण र संवदेशनील क्षेत्र हो सहकारी क्षेत्र । उत्पादन र उत्पादकत्व क्षेत्रमा सहकारी जोडिनुपर्छ, समृद्धिको यात्रामा राज्यसँग सहकार्य गर्दै अघि बढनुपर्छ ।' सहकारी अभियानको विकासका लागि मन्त्रालयले भिजन पेपर तयारीको काम अघि बढाएको जानकारी गराउँदै उहाँले छिट्टै अभियान तथा सरोकारवाहरूसँग छलफल गरेर पृष्ठपोषणसहित भिजन पेपरलाई निष्कर्ष दिइने जानकारी मन्त्री श्रेष्ठले गराउनुभयो ।

बचत तथा ऋण सहकारीहरू संवदेनशील भएको भन्दै उहाँले वित्तीय जोखिम न्यूनीकरण, संस्थागत सुशासन कायम गर्ने दिशामा राज्य र सहकारी अभियानसँग सहकार्य गरेर अघि बढ्न मन्त्रालय तयार रहेको स्पष्ट पार्नुभयो । सहकारीहरूको संस्थागत सुशासनमा विशेष जोड दिदैं मन्त्री श्रेष्ठले आन्तरिक नियन्त्रणलाई प्रभावकारी बनाउने, स्वनियमनलाई सबल बनाउनुपर्ने कुरामा जोड दिनुभयो । सहकारी अभियानको विकास र प्रवर्द्धनका लागि साझा अवधारणा तयार गरी अघि बढ्न सरकार तयार रहेको, विभाग तथा प्रदेश एवम् सथानीय सरकारसँग समन्व्यमा अघि बढ्न अब ढिलाई गर्न नहुने समेत उहाँले बताउनुभयो ।

कोभिडका चुनौतीहरू सामाना गर्न भूमि व्यवस्थापन, गरिबी निवारण आदि क्षेत्रमा सहकारीको माध्यमबाट धेरै काम गर्न सकिने विश्वास मन्त्री श्रेष्ठको थियो ।

कार्यक्रममा संघका अध्यक्ष परितोष पौड्यालले प्रमुख अतिथि सभामा स्वागत गर्दै नेफ्स्कूनका अध्यक्ष परितोष पौड्यालले चुनौतीका बेला सहकारी तथा साकोस अभियानको मर्म र गौरब झनै स्थापित भएको दावी गर्नुभयो । नेपालको साकोस अभियान चुनौतीहरूको सामाना गर्दै अघि बढेको र जहाँ चुनौतीहरू छन् त्यहाँ सम्भावनाहरू पनि बढी हुने बताउनुभयो ।

कोभिड प्रहार सामना गर्न **'सामना शक्ति विकासका लागि सद्भावपूर्ण सहकार्य'** को नारासँगै सामाजिक तथा आर्थिक क्रियाकलापमा संघ संस्थाहरू



मन्त्री श्रेष्ठलाई मायाको चिनो प्रदान गर्नुभएको थियो ।

राष्ट्रिय सहकारी महासंघका अध्यक्ष मिनराज कडेलले सरकार र अभियानबीचको सहकार्यमा यस क्षेत्रलाई सुशासित र मर्यादित बनाउनुपर्नेमा जोड दिनुभयो । अहिले सहकारी तथा साकोस अभियानको मुख्य विषय स्तरीकरण र स्थिरीकरण भएको बताउँदै अभियानको सुशासनमा विशेष जोड दिनुभयो । उहाँले कर्जा सूचना केन्द्र, कर्जा असुली न्यायाधिकरण, साकोस ऐनको आवश्यकतामा पनि विशेष जोड दिनुभयो ।

अघि बढ्नुपर्छ भनेर नेफ्स्कूनले विभिन्न व्यावसायिक निरन्तरताको योजना लगायत रणनीतिक योजनाहरू अघि सारेको जानकारी गराउनुभयो । अध्यक्ष पौड्यालले विषय परिस्थितमा विश्व अभियानपनि नेपालको अवस्थासँग एकाकार भएको बताउँदै कोभिडका ३ चरणहरूको वित्तीय सहकारी क्षेत्रमा परेको प्रभावका बारेमा उल्लेख गर्नुभयो । कोभिडको त्रासका समयमा घरदैलो सेवा, वित्तीय तथा गैर वित्तीय क्रियाकलापमा बचत ऋण सहकारीहरूले बैंकले गर्न नसकेको काम गरेको दावी उहाँले गर्नुभयो । अध्यक्ष पौड्यालले

नेफ्स्कूनले डिजिटल फाइनान्सको कुरा अघि सारेको, सामाजिक पुँजीको परिचालनलाई प्राथमिकतामा राखेको जानकारी गराउनुभयो ।

३५ लाख नागरिकबीच उभिएको नेफ्स्कूनले सिङ्गो मुलुकको प्रतिनिधित्व गरेको बताउँदै उहाँले अबको साकोस अभियानलाई उद्यमशीलता र समृद्धिसँग जोड्नुपर्ने बताउनुभयो ।

संघले सातै प्रदेशमा विस्तारित मञ्चहरूबाट सदस्य संघ संस्थाहरूको राय परामर्श सुझाव लिएर सातै प्रदेशका नियामक निकायहरूसँग बसेको जानकारी उहाँले गराउनुभयो । साकोस अभियानको भविष्य निर्माणका दुईवटा पाङ्ग्रा स्तरीकरण र स्थिरीकरणको बारेमा चर्चा गर्दै अध्यक्ष पौड्यालले इआरपी निर्माणको प्रक्रियामा अघि बढेको समेत जानकारी गराउनुभयो । सिङ्गो साकोस अभियानको लागि अत्यन्तै आवश्यक प्रविधिकरणसम्बन्धी इआरपीका सम्बन्धमा सैद्धान्तिक आधार तयार भएको र कानुनी र व्यवस्थापकीय आधारका बारेमा छलफल भैरहेको अध्यक्ष पौड्यालको भनाई थियो ।




कार्यक्रम सञ्चालन गर्दै संघका महासचिव दामोदर अधिकारीले नेपालको जेठो संघ नेफ्स्कून भोलिको मार्गचित्र तयार गर्न आज उपस्थित भएको भन्दै यस अवसरमा अभियानका अग्रज तथा देशभरका सम्पूर्ण सदस्य संघ संस्थाहरूलाई ऐक्यवद्धताका लागि धन्यवाद व्यक्त गर्नुभयो ।

सहकारी विभागका रजिष्ट्रार झलकराम अधिकारीले नेफ्स्कून अब परिपक्व संघ भएको बताउँदै सहकारीका मुद्दाहरूलाई संस्थागत गर्ने काममा यसको महत्वपूर्ण भूमिका रहेको उल्लेख गर्नुभयो । रजिष्ट्रार अधिकारीले अब स्थायित्व र दीगो मर्यादित बनाउने तर्फ साझा चिन्तन आवश्यक भएकोमा जोड दिनुभयो ।

संघको सभाले अभियानका विविध संगीन मुद्दामा छलफलमार्फत ठोस निष्कर्ष निकाल्ने अपेक्षासमेत उहाँले व्यक्त गर्नुभयो । नेपालको साकोस अभियानको मुद्दा स्थिरीकरण र स्तरीकरण भएकोमा रजिष्ट्रार अधिकारीले जोड दिदैं सशक्तिकरण, उद्यमशीलता प्रवर्द्धन, नेतृत्व विकास आदि काममा सहकारी र साकोस अभियानको एकदमै महत्वपूर्ण योगदानको करदार गर्न सरकारले कुनै कञ्जुस्याइँ नगरेको बताउनुभयो ।

सहकारी अभियान भित्रका केही कमजोरीहरूलाई र कुत्सित् प्रवृत्तिहरू निराकरण गर्न सामुहिक रूमपा लाग्नुपर्नेमा रजिष्ट्रार अधिकारीको जोड थियो । 'विभाग र संघ मिलेर अभियान भित्रका केही खराबीहरू निमिट्याउनुपर्छ,' रजिष्ट्रार अधिकारीले भन्नुभयो, ' नियतवश, कुत्सित् मनसायलाई बेलैमा पहिचान गरी समाधान गर्नुपर्छ ।' त्यसका लागि सहकारी अभियानसँग मिलेर अनुगमन गर्न तयार विभाग तयार रहेको उहाँले बताउनुभयो ।

सहकारीको भिजन पेपरका बारेमा उल्लेख गर्दै रजिष्ट्रार अधिकारीले त्यसका आधारमा अब फरक ढंगबाट जानुपर्ने र प्राप्त उपलब्धीहरूलाई संस्थागत र भावी समस्या समधानका लागि काम गर्नुपर्नेमा जोड दिनुभयो ।

वर्तमान अवस्था, अन्तर्राष्ट्रिय असल अभ्यास, संस्थातग, संस्थाको अधिकार र दायित्वको समेटेर अबको ५ र १० वर्षको सहकारी कस्तो हुनुपर्छ भनेर भिजन पेपर सार्वजनिक गर्न खोजिरहेको जानकारी उहाँले गराउनुभयो । ६८ वर्षको अनुभव बोकेको अभियानले पनि भिजन पेपरका लागि महत्वपूर्ण पृष्ठपोषण दिने विश्वास रजिष्ट्रार अधिकारीले व्यक्त गर्नुभयो ।

यस्तै आजको सभामा राष्ट्रिय सहकारी बैंक लि.का अध्यक्ष केबी उप्रेतीले मुलुकको अग्रणी संघ नेफ्स्कून भएको चर्चा गर्दै अभियान र सरकार मिलेर सहकारी क्षेत्रमा देखिएका समस्या र विकृतिहरू समाधान गर्न संयुक्त रूपमा लाग्नुपर्नेमा जोड दिनुभयो । त्यसका लागि हरेक हिसाबले सहयोग गर्न बैंक तयार रहेको बताउनुभयो ।

संघकी उपाध्यक्ष शान्ति अधिकारी साकोस अभियानको आजको आवश्यकता साकोस ऐन भएकोमा

जोड दिनुभयो । साकोस अभियानलाई सुशासित र सुदृढ पार्ने विषयमा धेरै राम्रा कुराहरू मन्तव्यमार्फत आएको बताउँदै कोभिड कहरबीच पनि नेफ्स्कूनले धेरै राम्रो काम गरेको उल्लेख गर्नुभयो ।

साकोसहरूको सुरक्षाकवच स्थिरीकरण कोष सञ्चालन र कार्यान्वयनमा राज्य र खासगरी सहकारी विभागमार्फत सुनिश्चितताको खोजी उहाँले गर्नुभयो ।

यसैगरी, उपाध्यक्ष अधिकारीले तीनै तहका सरकारहरूले तयार गरेका सहकारी ऐन नियमहरूबीच सामञ्जस्यता नभएको बताउँदै समस्याहरू झेल्नुपरेको जानकारी गराउनुभयो । सहकारीहरू एकीकरण अभियानमा नेफ्स्कूनले जोड दिएपनि एकीकरणमा जानेहरूलाई केही सहजता नभएकोतर्फ उहाँले राज्यको ध्यानाकर्षण गराउनुभयो ।

नेफ्स्कूनको ३० औं वार्षिक साधारण सभाको पूर्ण सफलताको कामना गर्दै नेपाल कृषि सहकारी केन्द्रीय संघ लि.का अध्यक्ष खेम पाठकले मुलुकको जेठो संघबाट सहकारी अभियानले धेरै कुरा अनुकरण गर्नुपर्ने बताउनुभयो । सहकारी सिक्ने थलोको रूपमा नेफ्स्कून विकास हुँदै गएको भन्दै पारस्परिक सहयोग गरेर अघि बढ्ने मर्म र भावना आत्मसात् गर्नुपर्नेमा जोड दिनुभयो ।

अध्यक्ष पाठकले नेफ्स्कूनको सदस्य संघ संस्थाहरूमा सुशासनको कुनै समस्या नरहेको बताउँदै बाँकी बचत तथा ऋण सहकारीहरूलाई पनि अभियानमा जोड्नुपर्ने आवश्यकता औंल्याउनुभयो ।

उद्घाटन सत्रमा प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद् (सीटीइभीटी) का उपाध्यक्ष खगेन्द्र अधिकारीले पनि सीटीइभीटी र नेफ्स्कूनको सहकार्यका बारेमा जानकारी गराउनुभएको थियो । यसैगरी, राष्ट्रिय सहकारी प्रशिक्षण केन्द्रकी प्राचार्य पार्वती अर्याल, केन्द्रीय पशुपंक्षीपालन सहकारी संघका अध्यक्ष बाबुराम अधिकारी, राष्ट्रिय युवा परिषदका प्रमुख प्रशासकीय अधिकृत डा.बाबुराम ढुङ्गाना, लायन्स क्लब इन्टरनेशनल, अन्तर्राष्ट्रिय श्रम संगठन (आइएलओ), सिटिजन लाइफ इन्स्योरेन्स, आइएमइ लाइफ, आइएमइ जेनेरल इन्स्योरेन्स, प्रभु इन्स्योरेन्स, जिनोब प्रा.लि, रारा डिजिटल ल्याब लगायत साझेदार निकायका प्रतिनिधिहरूको पनि उपस्थिति थियो । साधारणसभामा संघको ३४ औं स्थापना दिवसको अवसरमा घोषणा गरेका उत्कृष्ट संघ संस्था तथा व्यक्ति सम्मान पुरस्कार समेत प्रमुख आतिथिद्वारा प्रदान गरिएको थियो ।

# रजिष्ट्रार अधिकारीलाई बधाई एवम् शुभकामना



कार्तिक ९ । सहकारी विभागको रजिष्ट्रारमा झलकराम अधिकारीको पदवहाली भएको छ । सुदरपश्चिम प्रदेशको आर्थिक मामिला मन्त्रालयका सचिव अधिकारी संघीय सहकारी विभागमा सरूवा भएसँगै उहाँलाई कार्तिक ८ गते विभागको रजिष्ट्रारको जिम्मेवारी दिइएको हो । नवनियुक्त रजिष्ट्रार अधिकारीलाई पदवहाली भएकै भोलिपल्ट नेफ्स्कूनद्वारा बधाई एवम् शुभकामना व्यक्त गरिएको थियो । विभागमा आयोजित एक संक्षिप्त कार्यक्रमका बीच रजिष्ट्रार अधिकारीले सहकारी क्षेत्रको नतिजामुखी विकासका लागि अभियानसँगको सहकार्यमा अघि बढ्ने प्रतिवद्धता व्यक्त गर्नुभएको थियो ।

उहाँले 'सहकारी क्षेत्रलाई कसरी कुशल व्यवस्थापन गर्न सकिन्छ होला सुझावको अपेक्षा गर्दछु' भनी सामाजिक सञ्जालमा उल्लेख गर्नुभएको थियो । कुशल प्रशासकका रूपमा परिचित उहाँले विगतमा अर्थ मन्त्रालय अन्तर्गतको सार्वजनिक वित्त व्यवस्थापन, तालिम केन्द्र, पोखरा उपमहानगरपालिकाको प्रमुख कार्यकारी अधिकृत लगायतका जिम्मेवारी बहन गरिसक्नुभएको छ । कास्कीको अन्नपूर्ण गाउँपालिकाका अधिकारीले निजामती सेवा तथा सार्वजनिक प्रशासनसम्बन्धी पुस्तकहरू पनि प्रकाशित गर्नुभएको छ ।

# सहकारी अभियानलाई सुशासित बनाउन महासंघको थप सक्रियता आवश्यक: मन्त्री श्रेष्ठ



भूमि व्यवस्था सहकारी तथा गरिबी निवारण मन्त्री शशी श्रेष्ठले सहकारीलाई मर्यादित र सुशासित रूपमा सञ्चालन गराउन अभियानको शीर्षस्थ निकाय राष्ट्रिय सहकारी महासंघले भूमिका खेल्नुपर्ने बताउनुभएको छ । राष्ट्रिय सहकारी महासंघको पुस २७ गते सम्पन्न २९ औं वार्षिक साधारणसभाको उद्घाटन गर्दै प्रमुख अतिथि मन्त्री श्रेष्ठले सहकारी अभियानलाई सुशासित बनाउन महासंघको थप सक्रियताको अपेक्षा गर्नुभएको हो । उहाँले कोभिड १९ महामारीको कठिन परिस्थितिमा सहकारीले खेलेको भूमिको प्रशंसा समेत गर्नुभयो । 'तीव्र आर्थिक वृद्धि हासिल गर्न, शोषण रहित समाज निर्माण गर्न र आत्मनिर्भर समृद्ध अर्थतन्त्र निर्माणका लागि सहकारीको भूमिका महत्वपूर्ण हुने भएकाले उत्पादन वृद्धि गर्दै मुल्य शृखलामा सहकारीको योगदान हुने देख्छु,' मन्त्री श्रेष्ठले भन्नुभयो । उहाँले कसैको निजी स्वार्थ पुरा गर्नका लागि मात्र सहकारी ऐन संशोधन नहुने स्पष्ट पार्नुभयो । मन्त्री श्रेष्ठले संविधानको मुल मर्म, भावना तथा सहकारी दर्शन, सिद्धान्त अनुसार ऐन छैन भने त्यसलाई संशोधन गर्न आफू तयार रहेको बताउनुभएको छ । उहाँले भन्नुभयो, 'कुनै ऐन संविधानसँग बाँझिने खालको छ भनेर परिकल्पना गर्न सकिदैन । यदी त्यस्तो छ भने ऐन संशोधनका लागि म तयार छु ।'

कार्यक्रममा महासंघका अध्यक्ष मिनराज कडेलले मुलुकको कुल गार्हस्थ उत्पादनमा सहकारी क्षेत्रको योगदान ५ प्रतिशत र वित्तीय क्षेत्रमा करिब १७ प्रतिशत भन्दा माथि रहेको बताउनुभयो । उहाँले ४ दर्जन बढी अन्तरसम्बन्धित ऐनहर संशोधन गर्नुपर्नेमा जोड दिनुभयो । उद्घाटन कार्यक्रमलाई सम्बोधन गर्दै संघीय सहकारी विभागका रजिष्ट्रार झलकराम अधिकारीले सहकारी शुसासन र स्वनियममा केन्द्रीय संघहरूलाई समेत सचेत गराउनुपर्ने अवस्था रहेकाले महासंघको समेत भूमिका आवश्यक रहेको औंल्याउनुभयो । उद्घाटन कार्यक्रममा महासंघका निवर्तमान अध्यक्ष केशब बडाल, वरिष्ठ उपाध्यक्ष ओमदेवी मल्ल, पूर्व अध्यक्ष दीपक प्रकाश बाँस्कोटा, उपाध्यक्ष रमेश पोखरेलले सम्बोधन गर्नुभएको थियो ।

कार्यक्रममा महासंघका अध्यक्ष मिनराज कडेलले महासंघको वार्षिक प्रतिवेदन प्रस्तुत गर्नुभएको थियो । लेखा सुपरिवेक्षण समितिका संयोजक धर्मदत्त देवकोटाले लेखा समितिको प्रतिवेदन प्रस्तुत गर्नुभएको थियो । महाप्रबन्धक चित्राकुमारी थाम्सुहाङ सुब्बाले वित्तीय अवस्थाको विषयमा जानकारी गराउनुभएको थियो । साधारण सभाले १० वर्षे रणनीतिक योजना स्वीकृत गरेको छ । त्यसैगरी महासंघको विधान समेत संशोधन गरिएको छ ।

# विभागीय मन्त्री शशी श्रेष्ठलाई नेफस्कूनद्वारा बधाई एवम् शुभकामना



कार्तिक ७ । नेपाल सरकारका नवनियुक्त भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्री शशी श्रेष्ठलाई नेफस्कूनका कार्यवाहक अध्यक्ष चन्द्रप्रसाद ढकाल नेतृत्वको टोलीद्वारा बधाई एवम् शुभकामना व्यक्त गरिएको थियो ।

मन्त्रालयमा आयोजित संक्षिप्त कार्यक्रमका बीच नेफस्कूनका कार्यवाहक अध्यक्ष ढकाल, नेफस्कूनका सञ्चालक द्वय न्हुच्छे नारायण श्रेष्ठ, सन्दिप सापकोटा र कामु प्रमुख कार्यकारी अधिकृत प्रकाश प्रसाद पोखरेलले शुभकामना प्रदान गर्नुभएको थियो । भेटका क्रममा नेफस्कूनद्वारा बचत तथा ऋण सहकारी अभियान र नेफस्कूनको आगामी कार्यदिशाबारे संक्षिप्त प्रस्तुतीकरण गरिएको थियो । मन्त्री श्रेष्ठ असोज २२ गतेदेखि मन्त्रालयको जिम्मेवारीमा नियुक्त हुनुभएको हो । भेटका क्रममा सहकारी विभागका निवर्तमान रजिष्ट्रार एवम् हाल मन्त्रालयका सहकारी शाखा प्रमुख लीला प्रसाद शर्मा पनि उपस्थित हुनुहुन्थ्यो ।

# नेफस्कूनको प्रमुख कार्यकारी अधिकृतमा पोखरेल नियुक्त




मंसिर ५ । नेफस्कूनको प्रमुख कार्यकारी अधिकृतमा प्रकाश प्रसाद पोखरेल नियुक्त हुनुभएको छ । २०७७ साउन १ गतेदेखि कायम मुकायम प्रमुख कार्यकारी पदमा कार्यरत पोखरेललाई संघको सञ्चालक समितिको ३०० औं बैठकले प्रमुख कार्यकारी पदमा नियुक्त गरेको हो । संघका अध्यक्ष परितोष पौड्यालले सञ्चालकहरू यज्ञ प्रसाद ढकाल, घनश्याम अधिकारी, रिना आचार्य, न्हुछे नारायण श्रेष्ठ र मन्दरा मिश्र समेतको उपस्थितिमा नेफस्कून केन्द्रीय कार्यालयमा आयोजित संक्षिप्त कार्यक्रममा नवनियुक्त प्रमुख कार्यकारी अधिकृत पोखरेललाई नियुक्ति पत्र हस्तान्तरण गर्नुभएको थियो ।

२०७६ साल असार १ गतेबाट नायब प्रमुख कार्यकारी अधिकृतका रूपमा नेफस्कून प्रवेश गर्नुभएका पोखरेलसँग सहकारी क्षेत्रसँगै राष्ट्रिय अन्तर्राष्ट्रिय गैरसरकारी संस्थासँग आवद्ध भएर काम गरेको अनुभव छ ।



# बैंकिङ्ग क्षेत्रको तरलता र सहकारी क्षेत्रमा पर्नसक्ने प्रभाव

–**उमा जोशी बोहरा,** पूर्व उप-निर्देशक, नेपाल राष्ट्र बैंक

बैंक तथा वित्तीय संस्थाहरू वित्तीय मध्यस्थताको कार्य गर्ने संस्था भएकाले पुँजी भएको स्थानमा बचत संकलन गरी पुँजी आवश्यक परेका स्थानमा कर्जा प्रवाह गर्दछन् । नेपाल बैंक लिमिटेडबाट शुरू भएको नेपालको बैंकिङ् प्रणालीमा २०७८ असोजसम्म १३२ वटा बैंक तथा वित्तीय संस्थाले ११,०३९ वटा शाखामार्फत वित्तीय सेवा प्रदान गरीरहेका छन् । मुलुकका ७५३ स्थानीय तह मध्ये ७५० तहमा बाणिज्य बैंकका शाखा सञ्चालनमा रहेका छन् । प्रदेशगत रूपमा सबैभन्दा बढी बैंक तथा वित्तीय संस्थाहरूको उपस्थिति बागमती प्रदेशमा रहेको छ भने सबैभन्दा कम कर्णाली प्रदेशमा रहेको देखिन्छ । बैंक तथा वित्तीय संस्थाको उपस्थिति र आर्थिक गतिविधि तथा भौतिक पूर्वाधारको विकास बीच घनिष्ट सम्बन्ध रहने कुरालाई यस तथ्यांकले पुष्टि गरेको छ । प्राप्त तथ्यांक अनुसार बैंक तथा वित्तीय संस्थाको (लघुवित्त वित्तीय संस्था सहित) एउटा शाखाले २,७५२ जनालाई वित्तीय सेवा प्रदान गरीरहेको छ । बैंकिङ् क्षेत्रमा भएको विकास, विस्तार र अत्याधुनिक डिजिटल प्रविधिको प्रयोगले वित्तीय सेवालाई निकै सहज र छिटो छरितो बनाएको छ ।

मुलुकमा वित्तीय पहुँचका लागि सहकारी संस्थाको भूमिका पनि उल्लेखनीय रहँदै आएको छ । नेपाल सरकार, सहकारी विभागले गरेको पछिल्लो अध्ययन अनुसार २९,८८६ सहकारी संस्थाले मुलुकको ७ वटै प्रदेशमा सेवा प्रदान गरीरहेका छन् । सञ्चालनमा रहेका सहकारी संस्थाहरू मध्ये झण्डै आधाको संख्यामा बचत तथा ऋण सहकारी संस्था रहेका छन् । कुल जनसंख्या मध्ये ७३ लाख जनसंख्या (२८ प्रतिशत) सहकारीमा आवद्ध भएका र सो मध्ये ४४ प्रतिशत पुरूष र ५६ प्रतिशत महिलाको संख्या रहेको छ । सम्पूर्ण सहकारी संस्थाको कुल शेयर पुँजी रू. ९४ अर्ब, बचत संकलन रू. ४७८ अर्ब, कुल ऋण लगानी रू. ४२६ रहेको र ८८ हजार जनालाई प्रत्यक्ष रोजगारी दिएको उक्त अध्ययनले देखाएको छ । मुलुकभर सञ्चालनमा रहेका सहकारी मध्ये सबैभन्दा बढी (३५ प्रतिशत) बागमती प्रदेशमा र सबैभन्दा कम (७ प्रतिशत) कर्णाली प्रदेशमा रहेको पाइन्छ ।

**२०१३ सालदेखि शुरू भएको सहकारी क्षेत्रमा आवश्यक ऐन, कानुन, नीति, नियमहरूको निर्माण भई लागु भईसकेतापनि कार्यान्वयन पक्ष कमजोर हुँदा संस्थाको नियमित रूपमा नियमन तथा सुपरीवेक्षण हुन नसकेकाले विभिन्न अनियमिता र अस्वस्थ प्रतिस्पर्धा हुने गरेको पाइन्छ । सदस्यद्वारा नै नियन्त्रण हुने र साधारण सभाले निर्देशित गर्ने हुनाले सैद्धान्तिक रूपमा सहकारी संस्थाहरू स्वनियमनमा रहेका हुन्छन् ।**

भौगोलिक अवस्थिति, आर्थिक गतिविधि, भौतिक पुर्वाधारको विकास, सुरक्षा व्यवस्था, वित्तीय साक्षरताको स्तर, बैंक तथा वित्तीय संस्थाप्रतिको विश्वास, आयस्तर लगायतले बैंक तथा वित्तीय संस्था र सहकारीको उपस्थितिलाई प्रभाव पारेको हुन्छ । उल्लिखित सूचकहरू मुलुकको आर्थिक विकासका प्रमुख शर्त हुन् । बैंक तथा वित्तीय संस्था र वित्तीय सहकारीको माध्यमबाट पुँजीको परिचालन गरी आर्थिक क्रियाकलापका माध्यमद्वारा मुलुकको सन्तुलित विकास गर्न सकिन्छ तर सामान्यतयः कमजोर पूर्वाधार र आर्थिक गतिविधि कम भएका क्षेत्रमा बैंक तथा वित्तीय संस्थाको उपस्थिति न्युन हुने भएकाले त्यस्ता स्थानमा समुदायमा आधारित स्थानीय जनताद्वारा नै सञ्चालन गर्न सकिने सहकारी संस्थाको सञ्चालन कार्य प्रभावकारी र दीर्घकालीन हुने गर्दछ । अवसरको उपलब्धता, वित्तीय कारोवारमा समानता र आफ्नै क्षेत्र र शेयर पुँजीबाट सञ्चालित संस्थाप्रति अपनत्व हुने भएकाले सहकारीमा समुदायमा रहेका सबै स्तर र तहका मानिसलाई समेट्न सकिन्छ ।

नेपालको संविधान, २०७२ ले आर्थिक विकासका तीन खम्बा मध्ये सहकारीलाई एउटा खम्बाको रूपमा

परिभाषित गरेको र वित्तीय क्षेत्र विकास रणनीतिले नेपालको वित्तीय प्रणालीका पाँच प्रमुख क्षेत्र मध्ये सहकारीलाई एउटा क्षेत्रको रूपमा समेटेकाले आर्थिक विकासका लागि सहकारीको महत्वपूर्ण स्थान रहेको छ । २०१३ सालदेखि शुरू भएको सहकारी क्षेत्रमा आवश्यक ऐन, कानुन, नीति, नियमहरूको निर्माण भई लागु भईसकेतापनि कार्यान्वयन पक्ष कमजोर हुँदा संस्थाको नियमित रूपमा नियमन तथा सुपरीवेक्षण हुन नसकेकाले विभिन्न अनियमिता र अस्वस्थ्य प्रतिस्पर्धा हुने गरेको पाइन्छ । सदस्यद्वारा नै नियन्त्रण हुने र साधारण सभाले निर्देशित गर्ने हुनाले सैद्धान्तिक रूपमा सहकारी संस्थाहरू स्वनियमनमा रहेका हुन्छन् । यसका साथै, सहकारी ऐन, २०७४ र नियमावली, २०७५ ले सरकारको तीन वटै निकाय, सहकारी विभाग, नेपाल राष्ट्र बैंक लगायतलाई कारोवारको आधारमा सहकारीको निरीक्षण तथा सुपरीवेक्षण सम्बन्धी स्पष्ट व्यवस्था गरेको छ । शेयर सदस्यको पुँजीको सुरक्षा गर्ने उद्देश्यले नेपाल राष्ट्र बैंकले मौद्रिक नीति तथा अन्य अध्ययन प्रतिवेदनमा समेत वित्तीय सहकारीको निरीक्षण तथा सुपरीवेक्षणका लागि एउटा छुट्टै सबल निकाय (Second Tier Institutions) को स्थापना गर्नुपर्ने विषयलाई विगतदेखि नै नियमित रूपमा उठाउँदै आएको छ । यसरी नितीगत रूपमा समेटिएका विषयलाई व्यवहारमा उतार्न नसक्दा केही सहकारी संस्थालाई सीमित व्यक्तिले आफ्नो नियन्त्रणमा राख्ने, अनियमितता गर्ने र शेयर सदस्यको पुँजी हिनामिना गर्ने लगायतका कार्यहरू भैरहेकाले समग्र सहकारी क्षेत्रप्रति जनविश्वास घट्ने र यस क्षेत्रको उद्देश्य प्राप्तिमा कठीनाई उत्पन्न हुन सक्ने देखिन्छ । त्यसैले सहकारीप्रतिको जनविश्वास घट्न नदिन र यस क्षेत्रको स्थायित्व र विकासका लागि संस्थाको स्थलगत र गैह्रस्थलगत निरीक्षण तथा सुपरीवेक्षण कार्यलाई अविलम्ब कार्यान्वयनमा ल्याउनु जरूरी देखिन्छ ।

## तरलताको अवस्था

सामान्य अर्थमा तरलता भन्नाले लगानीयोग्य पुँजी भन्ने बुझिन्छ । आर्थिक क्षेत्रमा तरलताले मुख्यतयः उपभोक्ताको खर्च गर्ने बानी, ब्याजदर, लगानी र मुल्य स्थिरतालाई प्रभाव पार्दछ । बैंक तथा वित्तीय संस्था र वित्तीय सहकारीमा लगानीयोग्य पुँजीको अभाव हुँदा निक्षेप र कर्जाको ब्याजदर वृद्धि हुने र श्रोतको अभाव भई थप लगानी गर्न नसक्ने अवस्था सिर्जना हुन्छ । तसर्थ, बैंक तथा वित्तीय संस्था र वित्तीय सहकारीमा तरलताको व्यवस्थापन उपयुक्त तवरले हुनु आवश्यक छ । विगत केही समयदेखि बैंकिङ् प्रणालीमा तरलताको अभावले गर्दा निक्षेप र कर्जाको ब्याजदरमा वृद्धि हुनुको साथै बैंक तथा वित्तीय संस्थाहरू थप कर्जा प्रवाह गर्न नसक्ने अवस्थामा रहेका छन् ।

कोरोना कहरले उत्पन्न परिस्थितिका कारण विगतमा ठप्प रहेको अर्थतन्त्रमा यसको प्रभाव कम भएसँगै आर्थिक गतिविधि बढ्न थाल्यो । यसै क्रममा २०७८ कार्तिक मसान्तसम्ममा निर्यात व्यापार १०४.३ प्रतिशतले वृद्धि हुँदा रू. ८२ अर्ब आय आर्जन भएको तर आयात व्यापार भने ६१.६ प्रतिशतले वृद्धि भई ६५० अर्ब रकम बाहिरिएको, कुल राजश्व रू. ३३४ अर्ब संकलन भई पुँजीगत खर्च रू. २१ अर्ब मात्र भई बाँकी रकम सरकारी ढुकुटीमा जम्मा भएको, रेमिट्यान्स आप्रवाहमा ७.५ प्रतिशतले कमी आई रू. ३१२ अर्बमा सीमित भएको, कोरोना कहरका कारण पर्यटन व्यवसाय ठप्प रहेको, वैदेशिक सहायता प्राप्त हुन नसकेको लगायतको अवस्था अर्थतन्त्रमा देखा पऱ्यो । आर्थिक गतिविधि विस्तार भएसँगै बैंक तथा वित्तीय संस्थाबाट निक्षेप संकलन १७ प्रतिशतले वृद्धि हुँदा कर्जा लगानी ३१ प्रतिशतले वृद्धि भई निक्षेप र कर्जा लगानीमा असन्तुलन पैदा भएकाले तरलताको अभाव सिर्जना भयो । पछिल्लो समय बैंकिङ् प्रणालीमा नियमकीय प्रावधानहरूको अनुपालना गर्न र दैनिक कार्य सञ्चालनका लागि खुला बजार कारोवारका उपकरणको माध्यमबाट नेपाल राष्ट्र बैंकले तरलताको व्यवस्थापन गर्दै आएको छ ।

प्रविधिको विकासले बैंकिङ् प्रणालीमा रहेको तरलता लगायत अन्य वित्तीय सूचक सम्बन्धी जानकारी दैनिक रूपमा नै प्राप्त गर्न सकिन्छ । तर सहकारी क्षेत्रमा तरलता लगायत अन्य वित्तीय सूचक सम्बन्धी तथ्यांकहरू आवधिक रूपमा समेत अद्यावधिक भएको पाइदैन । त्यसैले वर्तमान समयमा सहकारी क्षेत्रमा रहेको तरलता सम्बन्धी तथ्यांकलाई अंकमा नै उल्लेख गर्न नसकिए पनि बैंकिङ् प्रणालीमा तरलताको समस्या यथावत रहेमा वा बढ्दै गएमा सहकारी क्षेत्रमा पनि त्यसको प्रभाव पर्न सक्ने देखिन्छ । सहकारीका शेयर सदस्यलाई आफु आवद्ध भएको सहकारी र जुनसुकै बैंक वित्तीय संस्थामा पनि आवश्यकता अनुसार वित्तीय कारोवार गर्न सक्ने स्वतत्रता हुन्छ । यसका साथै, निक्षेपकर्ता स्वाभाविक रूपमा उच्च ब्याज पाइने संस्थामा आकर्षित हुने भएकाले सहकारी संस्थामा रहेको निक्षेप बैंक तथा वित्तीय संस्थामा आकर्षित भई सहकारीमा तरलताको अभाव सिर्जना हुन सक्ने अवस्था रहन्छ ।

## ब्याजदर निर्धारण सम्बन्धी व्यवस्था

पुँजी लगानी गरे वापत प्राप्त हुने अतिरिक्त रकम नै ब्याज हो । बैंक तथा वित्तीय संस्था र वित्तीय सहकारीको आम्दानीको मुख्य श्रोत नै ब्याज हो । निक्षेप तथा कर्जाको ब्याजदर पुँजीको माग र आपूर्तिले

निर्धारण गर्दछ । ब्याजदर न्युन हुँदा बचत आकर्षित नहुने र कर्जा लगानी आकर्षित हुने अवस्था रहन्छ भने त्यसको विपरित ब्याजदर उच्च हुँदा बचत आकर्षित भई कर्जा लगानी आकर्षित नहुने अवस्था रहन्छ । त्यसैले आर्थिक विकासका लागि ब्याजदरलाई अत्यन्त महत्वपूर्ण आर्थिक परीसूचक मानिन्छ । तसर्थ, ब्याजदरलाई बाञ्छित सीमाभित्र राखी बचत र लगानीमा सन्तुलन कायम राख्नु जरूरी हुन्छ । अहिले तरलता अभावका कारण बैंकिङ्ग क्षेत्रमा निक्षेपको माग उच्च भई ब्याजदर वृद्धि भएको र पुँजीको आपूर्ति न्युन थप गरी कर्जाको ब्याजदर निर्धारण गर्दछन् । यसका साथै, निक्षेप र कर्जाको ब्याजदर बिचको अन्तर तोकिएको सीमाभित्र राख्नुपर्ने व्यवस्था रहेको छ । यस्तो ब्याज अन्तर वित्तीय संस्थाको वर्ग पिच्छे फरक फरक हुने व्यवस्था रहेको र क वर्गका बैंकमा ४.४ प्रतिशत रहेको छ । त्यसरी नै सहकारी ऐन, २०७४ को दफा ५१ र नियमावली, २०७५ को नियम २३ मा सर्न्दभ ब्याजदर निर्धारण समितिले सहकारी संस्थाले लगानी गर्ने कर्जाको सर्न्दभ ब्याजदर निर्धारण गर्ने व्यवस्था रहेको छ । सहकारी अभियानको इतिहासमा कायम गर्नुपर्ने भए पनि तालुकी निकायबाट अनुगमन गरी सो बमोजिम कारवाही गर्ने प्रचलन नभएकाले व्यवहारमा यस व्यवस्थाको पूर्ण रूपले पालना भएको पाईदैन ।

वर्तमान ब्याजदर, प्रविधिमैत्री कारोवार र तुलनात्मक रूपमा बढी सुविधा भएका कारण सहकारीमा रहेको निक्षेप बैंक तथा वित्तीय संस्थातर्फ आकर्षित हुनसक्ने देखिन्छ । अहिले बैंक तथा वित्तीय संस्थामा निक्षेपको ब्याजदर ११ प्रतिशतसम्म पुगेको छ । एकातिर बैंक तथा वित्तीय संस्थामा तरलता अभाव र अर्कोतिर सहकारी संस्थामा कर्जाको ब्याजदर न्युन भएका कारण सहकारी



भई कर्जाको ब्याजदर वृद्धि भएको अवस्था छ ।

बैंक तथा वित्तीय संस्था र सहकारी संस्थाको ब्याजदर निर्धारण गर्ने आ-आफ्नै विधी छन् । नेपाल राष्ट्र बैंकले दिएको निर्देशन बमोजिम बैंक तथा वित्तीय संस्थाले आधार दरमा निश्चित प्रतिशत प्रिमियम

पहिलो पटक २०७५ साउन १९ गते यस्तो सन्दर्भ ब्याजदर १६ प्रतिशत निर्धारण गरी लागु गरीएको थियो भने २०७७ कार्तिक १५ देखि १४ दशमलब ७५ प्रतिशत रहँदै आएको छ । यसका साथै बचत र कर्जाको ब्याजदरको अन्तर ६ प्रतिशत कायम गर्नुपर्ने व्यवस्था पनि कार्यान्वयनमा रहेको छ । संस्थामा उल्लिखित व्यवस्था

संस्थामा बचत संकलनको तुलनामा कर्जाको माग बढी भई तरलता सम्बन्धी समस्या सिर्जना हुनसक्दछ । पछिल्लो समय नेपाल राष्ट्र बैंकले बैंक तथा वित्तीय संस्थालाई दिएको निर्देशन र संस्थाहरू बीचको सहमतिका कारण अस्वस्थ्य प्रतिस्पर्धात्मक रूपमा ब्याजदर वृद्धि गर्ने क्रम रोकिएको छ । यसरी

बैंकिङ्ग क्षेत्र र सहकारी क्षेत्र एउटै वित्तीय प्रणालीका फरक फरक अंग भएकाले एउटा क्षेत्रमा उत्पन्न भएको समस्याले अर्को क्षेत्रलाई पनि क्रमशः प्रभाव पार्न सक्दछ ।

## तरलता व्यवस्थापन

तरलताको कुशल व्यवस्थापनका लागि बैंक तथा वित्तीय संस्था र वित्तीय सहकारीमा बचत संकलनको आधारमा कर्जा प्रवाह गर्नुपर्दछ । संकलित बचतको तुलनामा कर्जा प्रवाह बढी भएमा तरलताको अभाव सिर्जना हुने र त्यसको विपरित कर्जा प्रवाह कम भएमा तरलता बढी हुने अवस्था आउँछ । यी दुवै अवस्था वित्तीय प्रणाली र समग्र अर्थतन्त्रका लागि लाभदायक होइनन् । बचतको तुलनामा कर्जा प्रवाह अत्याधिक भएको र वित्तीय प्रणालीमा नयाँ पुँजी नआएका कारण अहिलेको तरलताको समस्या उत्पन्न भएको हो । वित्तीय प्रणालीमा तरलता सहज बनाउनका लागि सरकारले समयमा नै पुँजीगत बजेट खर्च गर्ने, गैर वित्तीय क्षेत्रमा रहेको पुँजीलाई वित्तीय प्रणालीभित्र ल्याउने, रेमिट्यान्सलाई औपचारीक श्रोतबाट मुलुकमा भित्र्याउने, उत्पादनमुलक क्षेत्रमा लगानी गर्ने लगायतका कार्य गर्नुपर्दछ । यसका साथै, बचत संकलन तथा कर्जा प्रवाह गर्दा नीतिगत व्यवस्थाको अनुपालना गर्नेतर्फ पनि त्यत्तिकै ध्यान दिनु जरूरी हुन्छ । वित्तीय क्षेत्र आफैले मात्र उल्लिखितहरू कार्य गर्न नसक्ने भएकाले सरकारको पनि अग्रसरता आवश्यक पर्दछ ।

बचत संकलन र कर्जा लगानी बीचको सन्तुलन नै वित्तीय सहकारीमा तरलताको उचित व्यवस्थापन गर्ने महत्वपूर्ण तरीका हो तर यतिले मात्रै तरलता व्यवस्थापन सम्बन्धी कार्यले पूर्णता पाउन सक्दैन । यसका लागि कर्जालाई कृषि, पर्यटन, जलविद्युत, उद्योगव्यापार जस्ता उत्पादनमुलक क्षेत्रमा लगानी गर्ने, शेयर सदस्यमा उद्यमशीलताको विकास गरेर आय आर्जन बढाउने तर्फ जोड दिने, शेयर सदस्यलाई नियमित बचतको साथै स्वेच्छिक बचत राख्न अभिप्रेरित गरी उनीहरूको आवश्यकता र नीतिगत व्यवस्था बमोजिम कर्जा प्राप्त गर्ने सुनिश्चितता प्रदान गर्ने, नीतिगत व्यवस्था बमोजिम समय समयमा ब्याजदरलाई अद्यावधिक गर्ने साथै तरलता र ब्याजदर अन्तर सम्बन्धी व्यवस्थाको अनुपालना गर्ने, कर्जाको गुणस्तर कायम राख्नका लागि लगानीपूर्व सम्भाव्यता अध्ययन र कर्जा सदुपयोगिता निरीक्षण कार्यलाई प्राथमिकता दिने, भुक्तानी तालिका सम्बन्धी व्यवस्थालाई अनिवार्य रूपमा कडाईका साथ पालना गर्ने, स्थलगत र गैरस्थलगत निरीक्षण तथा सुपरीवेक्षण कार्यलाई निरन्तर रूपमा सञ्चालनमा ल्याई संस्थागत सुशासन कायम गर्ने, सदस्यलाई वित्तीय साक्षरता सम्बन्धी कार्यक्रमको माध्यमबाट वित्तीय कारोवार सम्बन्धी चेतना अभिवृद्धि गर्ने लगायतका कार्य गर्नुपर्दछ । यस्ता कार्यले सदस्यलाई कर्जाको पूर्ण रूपले सदुपयोग गरी आय आर्जन गर्ने कार्यमा अभिप्रेरीत गराउने र तरलताको कुशल व्यवस्थापनमा प्रत्यक्ष/अप्रत्यक्ष रूपले सहयोग पुग्ने देखिन्छ ।

## निस्कर्ष

ऐन कानुन तथा नीतिगत व्यवस्थाका दृष्टिले सात दशक लामो सहकारी अभियान निकै सबल भईसकेको छ तर व्यवहारिक रूपमा ती व्यवस्थाहरू कार्यान्वयनमा नआउँदा कतिपय संस्थामा सीमित व्यक्तिको स्वेच्छाचारीता बढ्दै गएको पाईन्छ । नीतिगत व्यवस्थातर्फ असल अन्तर्राष्ट्रिय अभ्यासको अनुशरण गर्ने तर सोही अनुरूप व्यवहारमा उतार्न नसक्दा सहकारी क्षेत्रले उद्देश्य अनुरूपको उपलब्धी हासिल गर्न सकेको छैन । संस्थालाई राजनीति थलो बनाउने, कार्यक्षेत्र भन्दा बाहिर कारोवार गर्ने, नीति नियमको पालना नगर्ने, सम्पर्क र नाता सम्बन्धको आधारमा कर्जा प्रदान गर्ने, तरलता, ब्याजदर अन्तर, कर्जाको सन्दर्भ ब्याजदर, अनिवार्य बचत लगायतका विषयमा नीतिगत व्यवस्थाको अनुपालन नगर्ने, कमजोर संस्थागत सुशासन, वित्तीय अनुशासन भन्दा व्यक्तिवादी प्रवृत्ति हावी हुने, ऐन तथा नियमावलीमा व्यवस्था भए बमोजिम संस्थाको नियमन तथा सुपरिवेक्षण नगर्ने, बचत तथा कर्जाको ब्याजदर समयानुकुल अद्यावधिक नगर्ने, कर्जा लगानीका क्षेत्रहरू सही तवरले छनौट नगर्ने, लेखापरीक्षण तथा साधारण सभा समयमा सम्पन्न नगर्ने लगायतका कारण कतिपय सहकारी संस्थाको कुशल व्यवस्थापन हुन सकेको छैन ।

पछिल्लो समय बैंकिङ्ग क्षेत्रमा बढ्दै गएको तरलता सम्बन्धी समस्याले गर्दा निक्षेप तथा कर्जाको ब्याजदर बढ्दै गएको र बढेको ब्याजदरमा समेत कर्जा नपाउने अवस्था सिर्जना भएको छ । सहकारी संस्थामा रहेको बचत बैक तथा वित्तीय संस्थातर्फ आकर्षित हुने र बैंकिङ्ग क्षेत्रमा रहेको तरलताको समस्या र तुलनात्मक रूपमा कर्जाको ब्याजदर न्युन भएका कारण शेयर सदस्यहरू आफु आवद्ध सहकारी संस्थामा कर्जा लिने प्रवृत्ति बढ्न सक्ने भएकाले सहकारी संस्थामा समेत तरलताको समस्या सिर्जना हुन सक्दछ । तसर्थ, वित्तीय सहकारी संस्थामा तरलताको समस्या सिर्जना हुन नदिनका लागि बचतलाई आकर्षित गर्ने कार्यक्रमहरू कार्यान्वयनमा ल्याउने, बचत तथा कर्जाको ब्याजदरलाई समय अनुकुल अद्यावधिक गर्ने तथा समयमा नै माथि उल्लेखित उपायहरूको अनुशरण गर्नु आवश्यक देखिन्छ ।

# नेफ्स्कून साकोस म्यानेजर्स क्लबको पदभार हस्तान्तरण



नेफ्स्कून साकोस म्यानेजर्स क्लबको पदभार हस्तान्तरण कार्यक्रम मंसिर ३ गते साँझ सम्पन्न भएको छ । नेफ्स्कूनका अध्यक्ष परितोष पौड्यालको प्रमुख आतिथ्यता तथा क्लबका निवर्तमान संयोजक इश्वर न्यौपानेको अध्यक्षतामा सम्पन्न कार्यक्रममा नेफ्स्कूनका महासचिव दामोदर अधिकारी, कोषाध्यक्ष दिपक पनेरू, लेखा सुपरिवेक्षण समिति संयोजक नवराज सापकोटा, सञ्चालक समितिका सदस्यहरू माधव प्रसाद जोशी, घनश्याम अधिकारी, रिना आचार्य, न्हुछे नारायण श्रेष्ठ, हरेराम प्रसाद, लेखा सुपरिवेक्षण समितिका सदस्य सुशिल कुमार बस्न्यात, नेफ्स्कूनका प्रमुख कार्यकारी अधिकृत प्रकाश प्रसाद पोखरेलसँगै विभागीय प्रमुखहरू, क्लबका नवनियुक्त संयोजक दिपक बस्नेतसँगै नवनियुक्त सदस्यहरू लगायतको उपस्थिति थियो ।

नेफ्स्कूनका अध्यक्ष परितोष पौड्यालले ब्यानर बाचर गरेर उद्घाटन गर्नुभएको कार्यक्रममा क्लबका निवर्तमान संयोजक न्यौपानेले नवनियुक्त संयोजक दिपक बस्नेतलाई पद हस्तान्तरण गर्नुभएको थियो । १३ सदस्यीय क्लबका ११ जनाले आज पदभार ग्रहण गर्नुभएको छ । नेफ्स्कूनले प्रत्येक स्थापना दिवसमा घोषणा गर्ने सातै प्रदेशका उत्कृष्ट व्यवस्थापकहरूसहित उत्कृष्ट साकोसका व्यवस्थापक, उत्कृष्ट प्रदेश संघ तथा उत्कृष्ट जिल्ला बचत संघका व्यवस्थापक, उत्कृष्ट महिला साकोसकी व्यवस्थापक लगायत क्लबमा रहने व्यवस्था छ भने नेफ्स्कूनको साधारण सभापछि वार्षिक रूपमा क्लबको नयाँ कार्यसमिति गठन हुने गर्दछ । सोही अनुरूप आज क्लबका निवर्तमान संयोजक एवम् सदस्यहरूले नयाँ संयोजक तथा सदस्यहरूलाई पदभार हस्तान्तरण गर्नुभएको हो ।

क्लबको सदस्यमा प्रदेश नं १ बाट जनकल्याण साकोस दुहबी, सुनसरीका व्यवस्थापक मनोज सुतियार, प्रदेश नं २ बाट नवविकास साकोस, चन्द्रपुर रौतहटका व्यवस्थापक यज्ञ प्रसाद प्रसाई, बागमती प्रदेशबाट जनकल्याण साकोस, धादिङका व्यवस्थापक डा.कृष्णकान्त मिश्र, गण्डकी प्रदेशबाट



गैडाकोट स्वाभिमान साकोस, गैडाकोट नवलपरासीका व्यवस्थापक रामचन्द्र सुवेदी, लुम्बिनी प्रदेशबाट ग्रामीण साकोस बर्दघाट, सुस्ता पश्चिम नवलपुरका, अनन्त पाण्डेय, कर्णाली प्रदेशबाट पीपलबोट साकोस वीरेन्द्रनगर सुर्खेतका व्यवस्थापक रमेश जैसी, सुदूर पश्चिम प्रदेशबाट जीवनज्योति साकोस बैतडीका व्यवस्थाक टेकराज लेखक, सहित यस वर्ष उत्कृष्ट साकोस पुरस्कृत रुपन्देहीको जनउत्थान साकोसका व्यवस्थापक रणबहादुर थापा, उत्कृष्ट महिला पुरस्कृत बागेश्वरी साकोस नवलपुर, मकवानपुरकी व्यवस्थापक उर्मिला ज्ञवाली लगायतले पदभार ग्रहण गर्नुभएको छ । कार्यक्रममा प्रमुख अतिथि नेफ्स्कूनका अध्यक्ष पौड्यालले नेतृत्व र व्यवस्थापनबीच जरा र पातको जस्तो अन्योन्याश्रित सम्बन्ध भएको बताउदै क्लबको नवनियुक्त कार्यसमितिलाई सफलताको शुभकामना व्यक्त गर्नुभयो ।



संघका महासचिव दामोदर अधिकारीले क्लबबाट नवीन अवधारणाहरू र अभ्यासहरू विकास गरिनुपर्नेमा जोड दिनुभयो । उहाँले क्लबबाट अभियानको सर्वोपरि हितमा उपयोगी इन्नोभेसनहरू अपेक्षा गरेको बताउँदै अभियान र नेफ्स्कून जोड्ने सुपरग्लु क्लब भएको धारणा राख्नुभयो । उहाँले अभियानको ऐक्यवद्धतामा जोड दिदैँ स्थिरीकरण कोष, इआरपी लगायतका विषयमा उठेका जिज्ञासाको पनि सम्बोधन गर्नुभएको थियो । महासचिव अधिकारीले क्लबलाई सबै किसिमबाट सहयोग गर्न नेफ्स्कून तयार रहेको बताउनुभयो ।

यसैगरी, संघका कोषाध्यक्ष दिपक पनेरूले साकोस अभियानको थिङ्कट्याङ्क क्लबले स्थिरीकरण कोष, स्तरीकरण कार्यक्रम आदि विषयहरूलाई पनि अपनत्व प्रदान गर्दै यसका विषयमा उठेका कुराहरूमा एकमत राख्नुपर्नेमा जोड दिनुभयो । क्लबमार्फत साकोस अभियानमा असल अभ्यासहरू साटासाट गर्न सकिने विश्वास कोषाध्यक्ष पनेरूले राख्नुभयो ।

नेफ्स्कूनका प्रमुख कार्यकारी अधिकृत प्रकाश प्रसाद पोखरेलले साकोस अभियानको विश्व अभ्यास अनुसरण गरी म्यानेजर्स क्लबको अवधारणा नेपालमा पनि भित्राइएको जानकारी गराउनुभयो । उहाँले साकोस व्यवस्थापनलाई चुस्त बनाउने, असल अभ्यासहरूलाई आन्तरिकीकरण गराउने काममा क्लबको महत्वपूर्ण भूमिका हुने र त्यसका लागि नेफ्स्कूनको पूर्ण साथ, समर्थन र सहयोग रहने प्रतिवद्धता पनि व्यक्त गर्नुभयो । नेफ्स्कूनले रणनीतिक योजनामा पनि क्लबलाई थप प्रभावकारी बनाउँदै लाने उल्लेख गरेको भन्दै त्यसैका आधारमा आगामी कार्यक्रमहरूमा पनि सहयोग रहने जानकारी गराउनुभयो ।

क्लबका नवनियुक्त संयोजक जनकल्याण साकोस दोलखाका व्यवस्थापक दिपक बस्नेतले क्लबको उद्देश्यबाट अविचलित रही नवीन कार्यक्रमहरूमार्फत साकोस अभियानमा योगदान गर्ने विश्वास दिलाउनुभयो । सहकारी र साकोस अभियानका चुनौतीलाई चिर्न क्लबले पनि आफ्नो तर्फबाट सक्दो भूमिका निर्वाह गर्ने भन्दै उहाँले खासगरी साकोस अभियानमा मानव संशाधन व्यवस्थापन, नीति निर्माण तथा प्रविधिका विषयलाई प्राथमिकताका साथ आगामी दिनहरूहमा अघि बढाइने जानकारी गराउनुभयो । यस्तैगरी, तरलता व्यवस्थापन, क्षमता अभिवृद्धि लगायतका विषयमा पनि क्लबले काम गर्ने योजना अघि सार्नुभयो ।

क्लबका निवर्तमान अध्यक्ष मिलिजुली कालिन्चोक साकोस दोलखाका प्रमुख कार्यकारी अधिकृत ईश्वर न्यौपानेले क्लबले गत एक वर्षमा गरेका क्रियाकलाप र क्लबको इतिहास समेटिएको प्रस्तुति गर्नुभएको थियो । उहाँले क्लबले आगामी दिनमा गर्नुपर्ने कामहरूको बारेमा पनि प्रस्तुतिमा उल्लेख गर्दै क्लबको थप सक्रियता र सफलताको कामना पनि गर्नुभयो । कार्यक्रम सञ्चालन क्लबका निवर्तमान सदस्य काभ्रेको ज्योति मिर्मिरे सामुहिक साकोसका प्रमुख कार्यकारी अधिकृत गोपाल दाहालले गर्नुभएको थियो ।

# नेफस्कूनको ३० औं वार्षिक साधारणसभामा विभिन्न व्यक्ति तथा संघ संस्था सम्मानित




नेफस्कून को ३० औं वार्षिक साधारण सभामा विभिन्न व्यक्ति तथा संघ संस्थालाई सम्मानित एवम् पुरस्कृत गरिएको थियो ।

मंसिर ३ गते काठमाडौं कमलादीस्थित प्रज्ञा भवनमा आयोजित सभामा प्रमुख अतिथि भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्री शशी श्रेष्ठले सहकारी तथा साकोस अभियानमा महत्वपूर्ण योगदान पुर्‍याउने व्यक्ति तथा संघ संस्थाहरूलाई विभिन्न विधा अन्तर्गत सम्मान एवम् पुरस्कार प्रदान गर्नुभएको हो । पुरस्कार तथा सम्मान समारोहमा संघका अध्यक्ष परितोष पौड्याल, राष्ट्रिय सहकारी महासंघका अध्यक्ष मिनराज कडेल लगायत सहभागी अतिथिहरूले पनि बधाई तथा शुभकामना व्यक्त गर्नुभएको थियो ।

नेफस्कूनले नेपालको सहकारी तथा साकोस अभियानमा महत्वपूर्ण भूमिका निर्वाह गर्ने व्यक्तित्व तथा संघ संस्थाहरूको घोषणा स्थापना दिवसमा गर्ने र वार्षिक साधारण सभामा सम्मानित एवम् पुरस्कृत गर्ने परम्परा स्थापित गर्दै आएको छ । सोही अनुरूप गत साउन ३२ मा घोषित सम्मान तथा पुरस्कार आज ३० औं वार्षिक साधारण सभाका क्रममा प्रदान गरिएको हो ।

## सम्मानित/पुरस्कृत हुने संघ संस्था एवम् व्यक्तिहरू:

संस्थापक अध्यक्ष पुरस्कार महिलातर्फ निजगढ महिला साकोसकी पूर्व अध्यक्ष एवम् निजगढ नगरपालिकाकी उपमेयर लिलादेवी लामिछाने खनाल र नेफस्कूनका पूर्व सञ्चालक एवम् दोलखा जिल्ला बचत संघका पूर्व अध्यक्ष रामदास श्रेष्ठलाई पुरस्कृत हुनुभएको छ । नेफस्कून सर्वोत्कृष्ट साकोसमा महिलाद्वारा सञ्चालित बागेश्वरी महिला साकोस, मकवानपुर र रूपन्देहीस्थित जनउत्थान साकोसलाई पुरस्कृत भएका छन् ।

नेफस्कून प्रदेशस्तरीय उत्कृष्ट साकोसहरूमा प्रदेश नं. १ बाट प्रगती साकोस-बर्जु ५, सुनसरी, प्रदेश नं २ बाट स्वस्तिक साकोस-सर्लाही, बागमती प्रदेशबाट शिक्षक कल्याण साकोस-दोलखा, गण्डकी प्रदेशबाट जनसेवा साकोस, पुरून्चौर-पोखरा, प्रदेश नं. ५ बाट सयपत्री साकोस-नवलपरासी, कर्णाली प्रदेशबाट स्वावलम्बी साकोस -सुर्खेत, सुदुरपश्चिम प्रदेशबाट जनकल्याण साकोस-कैलाली पुरस्कृत भएका छन् ।

नेफ्स्कून सर्वोत्कृष्ट व्यवस्थापकमा हाम्रो जनकल्याण साकोस दोलखाका प्रमुख कार्यकारी अधिकृत दिपक बस्नेत हुनुहुन्छ । त्यसैगरी प्रदेशगत उत्कृष्ट व्यवस्थापक पुरस्कार पाउनेहरूमा क्रमशः प्रदेश नं १ बाट श्री जनकल्याण साकोस-सुनसरीका मनोज कुमार सुतियार, प्रदेश नं २ बाट नवविकास साकोस-चन्द्रपुर रौतहटका यज्ञ प्रसाद प्रसाई, बागमती प्रदेशबाट जनकल्याण साकोस-धादिङका कृष्णकान्त मिश्र, गण्डकी प्रदेशबाट गैडाकोट स्वाभिमान साकोस-नवलपरासीका रामचन्द्र सुवेदी, लुम्बिनी प्रदेशबाट ग्रामीण साकोस बर्दघाट नवलपरासीका अनन्त पाण्डे, कर्णाली प्रदेशबाट पिपलबोट साकोस सुर्खेतका रमेश जैशी, सुदुरपश्चिम प्रदेशबाट जिवनज्योति साकोस बैतडीका टेकराज लेखक हुनुहुन्छ ।

नेफ्स्कून अग्रज व्यक्तित्व सम्मान अन्तर्गत महिलातर्फ संघको निवर्तमान सञ्चालक चन्द्र कुमारी खड्का-झापा र पुरूषतर्फ नेफ्स्कूनका पूर्व सञ्चालक नारायण घिमिरे -काठमाडौं पुरस्कृत हुनुभएको छ ।


उत्कृष्ट जिल्ला बचत तथा ऋण सहकारी संघमा कञ्चनपुर जिल्ला बचत संघ पुरस्कृत भएको छ भने नेफ्स्कून राइफाईसन क्रेडिट युनियन पुरस्कारमा नाकुफोक दक्षिण कोरिया पुरस्कृत भएको छ ।

नेफ्स्कून विद्वता पुरस्कारमा नेपाल राष्ट्र बैंकका उपनिर्देशक डा. रमेश चौलागाई, पि.एच.डी., नेफ्स्कून पत्रकारिता पुरस्कारतर्फ गोरखापत्र दैनिकका सम्वाददाता लक्ष्मण दर्नाल पुरस्कृत हुनुभएको छ । नेफ्स्कून सर्वोत्कृष्ट कर्मचारीतर्फ लेखा अधिकृत मनकेशरी महर्जन र सहायक कर्मचारी चिरन खत्री पुरस्कृत हुनुभएको छ ।

त्यसैगरी जनकपुर, बनेपा र सुनसरी फिल्ड कार्यालयले आ.व. २०७७/७८ को उत्कृष्ट पुरस्कार प्राप्त गरेका छन् । नेफ्स्कून प्रशंसा पुरस्कारतर्फ उत्कृष्ट नेकोस प्लस सफ्टवेयर प्रयोगकर्तामा दोलखाको जिरीस्थित एकीकृत फ्रेण्डसिप साकोस र उत्कृष्ट बचतकर्तामा नवलपुरस्थित विकु साकोस, उत्कृष्ट शेयर खरिदकर्तामा पोखरास्थित प्राइम साकोस र उत्कृष्ट लघुवित्तमा पाल्पास्थित अन्धकारमुक्ति साकोस पुरस्कृत भएका छन् ।

सामाजिक उत्तरदायित्व वहन (प्रशंसा) पुरस्कार तर्फ विन्धबासिनी साकोस काभ्रे पुरस्कृत भएको छ । त्यसैगरी महामारीमा उत्कृष्ट सेवा प्रदान गर्ने संस्थामा काठमाडौं थानकोटस्थित चन्द्रागिरी साकोस पुरस्कृत भएको छ भने साकोस एकीकरण अभियानमा उत्कृष्ट हुने साकोसमा सबैको साकोस रूपन्देही पुरस्कृत भएको छ ।

# महासंघ अध्यक्ष कडेल आइसीए एपीको सञ्चालक सदस्य निर्वाचित



राष्ट्रिय सहकारी महासंघका अध्यक्ष मिनराज कडेल अन्तर्राष्ट्रिय सहकारी महासंघ एसिया प्रशान्त क्षेत्रको सञ्चालक सदस्य निर्वाचित हुनुभएको छ । आइसीए एपीको मंसिर १४ गते अर्थात नोभेम्बर ३० मा सम्पन्न निर्वाचनमा उहाँ विजयी हुनुभएको हो । उहाँ पाँचौं सर्वाधिक मत प्राप्त गर्दै आइसीए एपीमा निर्वाचिन हुनुभएको महासंघले जनाएको छ । आइसीए एपीको अध्यक्षमा भारतका चन्द्रपाल सिंह यादव निर्वाचित हुनुभएको छ । चिनका जेनहोङ र मलेसियाका डाटो डा.अब्दुल फताह अबदुल्लाह उपाध्यक्ष निर्वाचित हुनुभएको छ । यस अघि आइसीए एपीमा महासंघका निर्वतमान अध्यक्ष केशव बडाल सञ्चालक सदस्य हुनुहुन्थ्यो ।

महासंघ अध्यक्ष कडेल विगतमा २ वर्ष एसियाली ऋण महासंघको प्रथम र त्यति नै समय द्वितीय उपाध्यक्ष समेत भैसक्नुभएको थियो । करिब २६ वर्षदेखि सहकारी अभियानमा सक्रिय उहाँ २०७६ पुस २५ गते महासंघ अध्यक्ष निर्वाचित हुनुभएको थियो । नेफ्स्कूनका पूर्व अध्यक्ष एवम् वर्तमान सल्लाहकार कडेललाई हार्दिक बधाई तथा कार्यकाल सफलताको शुभकामना ।

# "प्रथम साकोस शिखर गोष्ठी सुनसरी-२०७८" ११ बुँदे घोषणा पत्र जारी गर्दै सम्पन्न




बचत तथा ऋण सहकारी संघ लि. सुनसरीको आयोजनामा 'प्रथम साकोस शिखर गोष्ठी सुनसरी-२०७८' ११ बुँदे घोषणा पत्र जारी गर्दै मंसिर १९ गते धरानमा सम्पन्न भएको छ । सञ्चालकहरूको क्षमता अभिवृद्धि गरी समुदायमा आधारित तथा सदस्य केन्द्रित सहकारी व्यवसाय सञ्चालन गर्दै सहकारीका मुल्य, मान्यता र सिद्धान्तमा आधारित बचत तथा ऋण सहकारीहरू सञ्चालनको प्रमुख प्रतिवद्धता घोषणापत्रमार्फत व्यक्त गरिएको छ । मंसिर १८ र १९ गते आयोजित दुई दिने गोष्ठीमा जिल्ला भरका २८७ बचत तथा ऋण सहकारी संस्था (साकोस) का ३ सय जनाको सहभागिता थियो ।

प्रदेश नं १ का प्रदेशसभा सभामुख प्रदीप कुमार भण्डारीको प्रमुख आतिथ्यता तथा जिल्ला बचत संघ सुनसरीका अध्यक्ष शिवराज श्रेष्ठको अध्यक्षतामा उद्घाटन कार्यक्रम तथा संघीय सहकारी विभागका रजिष्ट्रार झलकराम अधिकारीको प्रमुख आतिथ्यता तथा नेफ्स्कूनका अध्यक्ष परितोष पौड्यालको विशिष्ट आतिथ्यतामा समापन कार्यक्रम आयोजना गरिएको थियो । उद्घाटन कार्यक्रममा राष्ट्रिय सहकारी महासंघका अध्यक्ष मिनराज कडेल, धरान उपमहानगरपालिकाका उपमेयर मञ्जु भण्डारी विशिष्ट अतिथि रहनुभएको थियो भने अतिथिहरूमा महासंघ सञ्चालक डीबी बस्नेत तथा अमृता सुब्बा, नेफ्स्कून सञ्चालक घनश्याम अधिकारी, प्रदेश सहकारी रजिष्ट्रार कार्यालय प्रदेश नं १ का रजिष्ट्रार बलराम निरौला लगायत रहनुभएको थियो ।

गोष्ठीका सहभागीहरूले आन्तरिक नियन्त्रण प्रणाली स्थापित गर्दै संस्थागत तथा वित्तीय सुशासन कायम गर्ने प्रतिवद्धता समेत जनाएका थिए । यसैगरी, यस्तै हाल देखापरेको वित्तीय संकटको अवस्थालाई केन्द्रमा राखेर सम्भावित संकटहरूको एकतावद्ध सामनाका लागि विपत व्यवस्थापन कोष स्थापनाका लागि सहमति जनाएका थिए ।

यस्तै, साकोसहरूलाई नीति, विधि र प्रविधिका आधारमा सञ्चालन गरी गुणस्तरीयता कायम गर्दै स्तरीकरण कार्यक्रम तथा साकोसहरूको सुरक्षा कवच स्थिरीकरण कोषमा आवद्ध हुने, जिल्ला भरका सहकारीहरूको प्रवर्द्धन र विकासका लागि जिल्ला बचत संघ सुनसरीसँग हातेमालो गर्दै अघि बढ्ने, वित्तीय पहुँच कम भएका वर्ग, समुदाय र क्षेत्रमा सहकारीहरूको पहुँच विस्तार गरी उद्यमशिलता, स्वरोजगार र बचतमार्फत जीवनस्तर परिवर्तन गराउने, वित्तीय क्षेत्रमा भित्रिएका नवीन प्रविधि अवलम्बन गर्दै उच्चस्तरको विद्युतीय सेवा प्रवाह गर्ने लगायतका प्रतिवद्धताहरू घोषणापत्रमा अटाएका छन् ।

गोष्ठीमा आधा दर्जन कार्यपत्र प्रस्तुत गरिनुका साथै तिनीहरू उपर टिप्पणी समेत गरिएको बचत संघ सुनसरीका लेखापाल खगेन्द्रप्रसाद अधिकारीले साकोस आवाजलाई जानकारी गराउनुभयो । 'नेपालमा साकोस अभियानः प्रवर्द्धन र विकास' विषयमा नेफ्स्कूनका अध्यक्ष परितोष पौड्यालको कार्यपत्रमाथि संघीय सहकारी विभागका रजिष्ट्रार झलकराम अधिकारीले टिप्पणी गर्नुभएको थियो ।

यस्तै, नेफ्स्कून सञ्चालक घनश्याम अधिकारीले 'साकोसमा सञ्चालकहरूको भूमिका तथा उत्तरदायित्व' विषयमा प्रस्तुत गर्नुभएको कार्यपत्रमाथि संघका पूर्व अध्यक्ष एवम् महासंघ सञ्चालक

डीबी बस्नेतले टिप्पणी गर्नुभएको थियो भने 'साकोसमा सुशासन र आन्तरिक नियन्त्रण प्रणाली' विषयमा प्रदेश नं १ का सहकारी रजिष्ट्रार बलराम निरौलाले प्रस्तुत गर्नुभएको कार्यपत्रमाथि महासंघ अध्यक्ष मिनराज कडेलले, 'सहकारीमा कर्मचारी व्यवस्थापनः चुनौती र सम्भावना' विषयमा नेफ्स्कूनका प्रमुख कार्यकारी अधिकृत प्रकाश प्रसाद पोखरेलको कार्यपत्रमाथि राष्ट्रिय सहकारी बैंकका अध्यक्ष केबी उप्रेतीले, 'स्थिरताका लागि वित्तीय व्यवस्थापन' विषयमा नेफ्स्कूनका पूर्व कोषाध्यक्ष केशव प्रसाद पोखरेलले गरेको प्रस्तुति माथि आन्तरिक राजश्व कार्यालय धरानका प्रमुख कर अधिकृत गोविन्द राज आचार्यले र 'कोष बाँडफाँड एवम् सदस्य केन्द्रीयता गणना' विषयमा राष्ट्रिय सहकारी बैंकका प्रमुख कार्यकारी अधिकृत बद्री प्रसाद गुरागाईको कार्यपत्र माथि महासंघका उपाध्यक्ष रमेश पोखरेलले टिप्पणी गर्नुभएको थियो ।

**बचत तथा ऋण सहकारी संघ लि. सुनसरी, इटहरी**

## प्रथम साकोस शिखर गोष्ठी सुनसरी २०७८, धरान

# साझा घोषणा-पत्र

१) सञ्चालकहरूको क्षमता विकास गरी समुदायमा आधारित तथा सदस्य केन्द्रित व्यवसाय सञ्चालन गर्दै सहकारीका मुल्य, मान्यता र सिद्धान्तको आधारमा साकोस सञ्चालन गर्न हामी प्रतिवद्ध छौं ।

२) सहकारीमा आन्तरिक नियन्त्रण प्रणाली स्थापित गर्दै संस्थागत तथा वित्तीय सुशासन कायम गर्न हामी प्रतिवद्ध छौं ।

३) सहकारीमा आएको वित्तीय संकटको सामना गर्नका लागि अभियानमा ऐक्यवद्धता जनाउँदै विपत व्यवस्थापन कोष निर्माणका लागि हामी प्रतिवद्ध छौं ।

४) संस्थाको जोखिम न्यूनिकरणका लागि वित्तीय व्यवस्थापनमा ध्यान दिदैं तरलता प्रबन्धनमा सजगता अपनाउन हामी प्रतिवद्ध छौं ।

५) साकोसलाई स्तरीकरण कार्यक्रममा संलग्न गरी गुणस्तरीयता कायम गर्दै साकोस सुरक्षा कवजको औजार स्थिरिकरण कोषमा आवद्ध हुन हामी प्रतिवद्ध छौं ।

६) साकोसलाई नीति, विधि तथा प्रविधिद्वारा सञ्चालन गर्दै सम्बद्ध व्यवस्थापनहरूको क्षमता तथा वृत्ति विकास गर्न हामी प्रतिवद्ध छौं ।

७) वित्तीय पहुँच कमजोर भएका वर्ग समुदाय र क्षेत्रमा सहकर्मीको पहुँच विस्तार गरी उद्यमशिलता स्वरोजगार र बचतमार्फत जीवनस्तर परिवर्तन गराउन हामी प्रतिवद्ध छौं ।

८) वित्तीय क्षेत्रमा भित्रिएका नविनतम प्रविधिहरूको अवलम्बन गर्दै उच्चस्तरको विद्युतीय सेवा प्रदान गर्न हामी प्रतिवद्ध छौं ।

९) सहकारी अभियानलाई सुदृढ तथा व्यवस्थित गर्दै सक्षम संस्था निर्माणको लागि एकीकरण अभियानलाई तिव्रताका साथ अगाडि बढाउन हामी प्रतिवद्ध छौं ।

१०) सुनसरी जिल्लाको साकोस अभियानको स्वनियमन मार्फत सुशासन प्रवर्द्धनको लागि स्थानिय तहसँग समन्वय गरी साझा अभियान सञ्चालन गर्न हामी प्रतिवद्ध छौं ।

११) सहकारी संस्थाको प्रवर्द्धन तथा विकासका लागि आ-आफ्नो स्थानबाट बचत संघ सुनसरीसँग हातेमालो गर्दै हामी अगाडि बढ्न प्रतिवद्ध छौं ।

बचत तथा ऋण सहकारी संघ लि. सुनसरी, इटहरी
मितिः २०७८ मंसिर १९ गते, आइतबार (स्थानः धरान-२, सुकुण्डा ब्याङ्क्वेट)

# बचत तथा ऋण सहकारी सम्बन्धी स्थिरीकरण कोष विषयक अन्तरक्रिया

नेफ्स्कूनले स्थिरीकरण कोषमा योगदान गर्न कुनै हिच्किचाहट गर्नुपर्ने अवस्था नरहेको भन्दै कोष छिट्टै पूर्ण सञ्चालनमा आउने प्रतिवद्धता व्यक्त गरेको छ । साकोस अभियानबीचको विश्वास, ऐक्यवद्धता र योगदानको बलमा कोष छिट्टै पूर्ण रूपमा सञ्चालनमा आउने भन्दै नेफ्स्कूनले साकोस अभियानलाई पुनः आश्वस्त तुल्याएको हो । कोषमा हालसम्म १७९ साकोसहरूबाट ७ करोड बढी रकम योगदान भएको भन्दै सबैको सहयोगमा चाँडै कोष पूर्ण सञ्चालनका लागि आवश्यक १० करोड रूपैयाँ जुटाइने नेफ्स्कूनले स्पष्ट पारेको हो ।

नेफ्स्कून-साकोस म्यानेजर्स क्लबले सिकाइ आदानप्रदान कार्यशाला अन्तर्गत बचत ऋण सहकारी सम्बन्धी स्थिरीकरण कोष विषयमा पुस ९ गते आयोजना गरेको भर्चुअल कार्यक्रममा बोल्दै कोष सञ्चालन समितिका अध्यक्ष एवम् नेफ्स्कूनका अध्यक्ष परितोष पौड्यालले कोष सञ्चालनका लागि अभियानको जागरूकता, ऐक्यवद्धता, सहयोग र योगदान आवश्यक भएको विचार व्यक्त गर्नुभयो । उहाँले अभियानका दुईवटा पाङ्ग्रा स्थिरीकरण र स्तरीकरण भएको उल्लेख गर्दै दुवैले मात्र साकोसहरूलाई सुरक्षित, स्थायी र विश्वसनीय बनाउने दावी गर्नुभयो ।

कोषमा योगदान, यसको सञ्चालन, योगदानको सुरक्षा आदि विषयमा कुनै शंका उपशंका नगर्न आग्रह गर्दै नेफ्स्कूनले अब चाँडै यसको पूर्ण सञ्चालन गर्ने वचनवद्धता दोहोर्याएको हो । अहिलेको तरलता चापले पनि कोषको औचित्य र आवश्यकतालाई थप मजबुत बनाएको भन्दै नेफ्स्कूनले अभियानको प्रबलीकरणमा कोष सहयोगी हुने भन्दै योगदान गर्न सबैलाई हार्दिक अनुरोध गरेको छ ।

नेफ्स्कूनका बरिष्ठ उपाध्यक्ष चन्द्र प्रसाद ढकालले कोष सञ्चालनमा केही ढिलाइ भएको स्वीकार्दै अब भने केही समयभित्रै पूर्ण सञ्चालनमा आउने विश्वास दिलाउनुभयो । उहाँले जुन उत्साहका साथ कोषको विषयमा लबिङ भएको थियो कार्यान्वयनका जान नसकिएको वास्तविकता स्वीकार्दै अब 'किन्तु परन्तु' केही नभनी थप उत्साह र उर्जाका साथ अघि बढाउने प्रतिवद्धता व्यक्त गर्नुभयो ।

कोषलाई चाँडो सञ्चालनका लागि खासगरी स्तरीकृत र स्तरीकरणमा जान उद्यत साकोसहरूलाई विश्वासमा लिनुपर्ने आवश्यकता महसुस गरिएको भन्दै बरिष्ठ उपाध्यक्ष ढकालले अभियानको विश्वसनीयता र ऐक्यवद्धतामा कोष पूर्ण सञ्चालनमा ल्याइनेमा सबैलाई आश्वस्त तुल्याउनुभयो ।

नेपालमा स्थिरीकरण कोषको प्रवर्तक नेफ्स्कूनका सल्लाहकार एवम् पूर्व अध्यक्ष ऋषिराज घिमिरेले अभियानलाई अपनत्व दिलाउन सके कोष सञ्चालनका लागि सरकारको धेरै भर पर्नुनपर्ने भन्दै आक्रामक बहस पैरवीमार्फत यथाशीघ्र कोष सञ्चालन ल्याउन नेफ्स्कूनको ध्यानाकर्षण गराउनुभयो । उहँले कोषमा योगदानमार्फत सहयोग गर्न सहभागी सबै साकोसहरूलाई विशेष अनुरोध समेत गर्नुभयो । अभियानमा 'ट्रस्ट' र 'सोलिड्यारिटी' भए कोष सञ्चालनमा ल्याउन कुनै समस्या नरहेको पूर्व अध्यक्ष घिमिरेको टिप्पणी थियो । ब्रान्डेड र ब्रान्ड उन्मुख साकोसहरूको भौतिक सहभागितामा कार्यशाला गरी कोषका विषयमा आशंकाहरू निवारण गरी निष्कर्षमा पुग्न पनि उहाँले सुझाव दिनुभयो । अभियानले अपनत्व लिए कोषको पूर्ण सञ्चालन कुनै ठूलो काम नभएको पूर्व अध्यक्ष घिमिरेको तर्क थियो । साकोस ऐनका लागि पनि आक्रामक लबिङ गर्न र त्यसमा साकोस अभियानको ऐक्यवद्धताको लागि पनि उहाँले ध्यानाकर्षण गराउनुभयो ।




नेपाल राष्ट्र बैंकका उपनिर्देशक एवम् कोष सञ्चालन समितिका सदस्य रामकाजी खाइजूले 'एकका लागि सबै, सबैका लागि एक' को सहकारी सिद्धान्तको सेरोफेरोमै कोषको अवधारणा पनि विकास भएको भन्दै साकोस अभियानको कोषमा योगदान गर्न सबैलाई आग्रह गर्नुभयो ।

कोष सञ्चालन समितिका सदस्य सचिव एवम् नेफ्स्कूनका प्रमुख कार्यकारी अधिकृत प्रकाश प्रसाद पोखरेलले स्थिरीकरण कोषको अवधारणा, यसको सञ्चालनमा देखिएका चुनौतीहरू, अभियानको अपेक्षा, कोषमा योगदानको अवस्था आदि विषयहरू समेटेर प्रस्तुतिकरण गर्नुभएको थियो ।

स्वागत गर्दै नेफ्स्कून-साकोस म्यानेजर्स क्लबका संयोजक एवम् हाम्रो जनकल्याण साकोस दोलखाका प्रमुख कार्यकारी अधिकृत दिपक बस्नेतले अभियानबीच ऐक्यवद्धता, विश्वासको बलमा चाँडै कोष पूर्ण सञ्चालनमा ल्याउनुपर्ने र त्यसका लागि जस्तोसुकै सहयोग गर्न क्लब तयार रहेको प्रष्ट पार्नुभयो । संयोजक बस्नेतले समग्र सहकारी अभियानको सुरक्षा कवच कोष पूर्ण सञ्चालनका लागि नेफ्स्कून साकोस म्यानेजर्स क्लबले आफ्नोतर्फबाट हरसम्भव सहयोग गर्ने प्रतिवद्धता व्यक्त गर्दै ५ बुँदे सुझाव समेत प्रस्तुत गर्नुभएको थियो ।

आवश्यक पर्दा तरलता सापटी दिन सक्ने व्यबस्था स्थिरीकरण कोषमा समेत रहेकोले कोषको पैसा अभियानभित्रै उपयोग हुने र 'एकका लागि सबै, सबैका लागि एक' सिद्धान्तको व्यावहारिक प्रयोग कोषमार्फत हुने उहाँले बताउनुभयो । यसैबीच, उहाँले साकोस अभियानका समसायमयिक विषयहरूमा सिकाइ आदान प्रदानको कार्यक्रमलाई क्लबले आगामी दिनमा निरन्तरता दिने पनि जानकारी गराउनुभयो । देशभरबाट साकोस अभियानकर्मी एवम् व्यवस्थापन समूहको सहभागिता रहेको कार्यक्रमको सञ्चालन क्लबका सदस्य एवम् रूपन्देहीको जनउत्थान साकोसका प्रमुख कार्यकारी अधिकृत रणबहादुर थापाले गर्नुभएको थियो ।

# स्थिरीकरण कोषको नीति कार्यक्रम तथा बजेट निर्माण कार्यशाला सम्पन्न



नेफ्स्कूनको आयोजनामा बचत तथा ऋण सहकारी संस्था सम्बन्धी स्थिरीकरण कोषको आ.व. २०७८/०७९ का लागि नीति कार्यक्रम तथा बजेट निर्माण कार्यशाला पुस २८ गते सम्पन्न भएको छ ।

कार्यशालामा कोषले चालु आ.व. को प्रस्तावित नीति तथा कार्यक्रम अन्तर्गत सहकारी ऐन २०७५ को नियम ७४ को उपनियम ४ बमोजिम आवश्यक रकम पुरा गरी उपलब्ध कानुनी वातावरणको आधारमा कोष खडा गरिने, विषयगत मन्त्रालय तथा सहकारी विभागसँग समन्वय गरी कोष सञ्चालनमा जोड दिइने, स्थिरीकरण कोष स्थापना तथा सञ्चालन कार्यविधि सापटी कार्यक्रम शुरूवात गरिने, कोषको लेखा, सहभागिता, सापटी र जोखिम व्यवस्थापन गर्नका लागि आवश्यक प्रविधि विकास गरिने लगायतका प्रस्तावित विषयहरूमाथी छलफल गरेको थियो ।

त्यसैगरी कोषमा आवद्धता प्रवर्द्धन गर्न अभिमुखीकरण तथा प्रवर्द्धनात्मक कार्यक्रम सञ्चालन गरिने, कोष व्यवस्थापन प्रभावकारी सञ्चालनका लागि आवश्यक मानव संशाधनको व्यवस्थापन गरिने, योगदानकर्ता साकोसहरूको अनुगमन प्रणाली विकास गर्ने, कोषमा योगदान गर्ने साकोसका प्रतिनिधिहरूसँग र सरोकारवाला निकायसँग कोषको भावी कार्यदिशाबारे समय समयमा विचार विमर्श गर्ने लगायतका प्रतावित नीति तथा कार्यक्रम उपर छलफल गरेको थियो ।

नेफ्स्कूनका अध्यक्ष एवम स्थिरीकरण कोष सञ्चालन समितिका अध्यक्ष परितोष पौड्यालको अध्यक्षतामा आयोजित कार्यशालामा संघका बरिष्ठ उपाध्यक्ष चन्द्रप्रसाद ढकाल, स्थिरीकरण कोष सञ्चालन समितिका सदस्यहरुः भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयका प्रतिनिधि टिका बहादुर कुँवर, नेपाल राष्ट्र बैंकका प्रतिनिधि रामकाजी खाईजु, सहकारी विभागका प्रतिनिधि टोलराज उपाध्याय, राष्ट्रिय सहकारी विकास बोर्डका प्रतिनिधि अनिलराज पौडेल, राष्ट्रिय सहकारी महासंघका प्रतिनिधि चित्राकुमारी थाम्सुहाङ्, कोषका सदस्य सचिव एवम् नेफ्स्कूनका प्रमुख कार्यकारी अधिकृत प्रकाश प्रसाद पोखरेल लगायत नेफ्स्कूनका विभागीय प्रमुखहरू र विभागीय कर्मचारीहरूको उपस्थिति थियो ।



# सहकारी संस्थामा सुशासनः प्रमुख चुनौती र चाल्नुपर्ने कदम

–**श्यामकृष्ण दाहाल**, पूर्व निर्देशक, नेपाल राष्ट्र बैंक

सुशासन भन्नाले संस्थाको हरेक संयन्त्रलाई उत्तरदायी बनाई सरेकारवालाहरूको आवश्यकता अनुसार सेवा प्रवाह गर्नु तथा प्रणालीमा सरोकारवालाहरूको सक्रिय एवं सार्थक सहभागिता गराई संस्थाले उपलब्ध गराउने वस्तु तथा सेवाहरू छिटो छरितो, सरल एवं न्यायिक रूपमा उपलब्ध गराई सम्बद्ध सबैलाइ सुखद अनुभूति दिलाउनुलाई बुझाउँदछ । सुशासन एउटा यस्तो व्यवस्था हो, जहाँ कानुनको पूर्ण परिपालना हुन्छ । संस्थागत सुशासन कायम गर्नका लागि आवश्यक हुने महत्वपूर्ण विषय भनेको इमान्दारिता, जवाफदेहिता र जिम्मेवारी हो । सुशासनले दण्डहीनताको अन्त्य, पारदर्शी एवं भ्रष्टाचार रहित समाजको निर्माण, अनुशासनको पूर्ण पालना



र विकृति रहित समाजको निर्माण भई राष्ट्र सुव्यवस्थित रहन्छ भन्ने मान्यता राखेको हुन्छ । त्यसैले कुनै पनि संस्थामा सुशासन तव मात्र सफल हुन्छ जव संस्थाको लागि जिम्मेवार तहबाट निष्ठापूर्वक भूमिका निर्वाह गरिएको हुन्छ । यसको लागि सञ्चालक समिति, अन्य समितिहरू, उच्च व्यवस्थापन, लेखापरीक्षक तथा जिम्मेवार कर्मचारीले इमान्दारिताका साथ आ-आफ्नो तहबाट कार्य सम्पादन गर्नु पर्दछ ।

**संस्थागत सुशासनका सिद्धान्तहरूः**

संस्थामा सुशासन कायम गर्नका लागि सबैभन्दा महत्वपूर्ण कार्य अन्तरगत संस्थागत एवं नीतिगत रूपमा ऐन नियमको व्यवस्था गर्ने, सो व्यवस्थालाई पूर्ण रूपमा परिपालना गर्नका लागि सम्बद्ध पक्षलाई आवश्यक जिम्मेवारी दिने, सोको नियमित अनुगमन गर्ने र कार्यान्वयन नभएमा कारवाहीको प्रक्रिया अघि बढाउने गर्नु पर्दछ । सामान्यतयाः सुशासनका सिद्धान्तलाई देहाय बमोजिम उल्लेख गर्न सकिन्छः

**क. उत्तरदायित्व**ः आफ्ना निर्णयहरूलाई पुरा गर्नका लागि सुनिश्चित गर्ने,

**ख. जिम्मेवारी**ः सम्बद्ध सबैले आआफ्नो तर्फबाट जिम्मेवारी लिई कुशलतापूर्वक सम्पन्न गर्ने,

**ग. समान व्यवहार**ः सबै सरोकारवालाहरूलाई निष्पक्ष र न्यायसंगत रूपमा समान व्यवहार गर्ने,

**घ. पारदर्शिता**ः संस्थाका आर्थिक क्रियाकलापहरूलाई सम्बद्ध पक्षहरू बीचमा जानकारी गराउने र आवश्यकता अनुसार जाँच समेत गराउने,

**ङ. दीर्घकालिन मूल्य मान्यता**लाई आत्मसात गर्ने,

**च. नैतिकता**ः उच्च नैतिक चरित्र तथा संस्थाको आचार संहिताको परिपालना गर्ने ।

## सहकारी ऐन, २०७४ मा सुशासन सम्बन्धी रहेको व्यवस्थाः

सहकारी ऐन, २०७४ को दफा (२) ध मा "सहकारी मूल्य" भन्नाले स्वावलम्बन, स्व-उत्तरदायित्व, लोकतन्त्र, समानता, समता, ऐक्यवद्धता, इमान्दारी, खुलापन, सामाजिक उत्तरदायित्व तथा अरूको हेरचाह लगायत अन्तर्राष्ट्रिय मान्यता प्राप्त सहकारी सम्बन्धी मूल्य सम्झनुपर्छ भनि परिभाषित गरिएको छ भने ऐनको दफा (२) प मा "सहकारी सिद्धान्त" भन्नाले स्वैच्छिक तथा खुला सदस्यता, सदस्यद्वारा लोकतान्त्रिक नियन्त्रण, सदस्यको आर्थिक सहभागिता, स्वायत्तता र स्वतन्त्रता, शिक्षा, तालिम र सूचना, सहकारी सहकारीबीच पारस्परिक सहयोग र समुदाय प्रतिको चासो लगायत अन्तर्राष्ट्रिय मान्यता प्राप्त सहकारी सम्बन्धी सिद्धान्त सम्झनुपर्छ भनि परिभाषित गरिएको छ ।

सहकारी संस्थाहरूलाई सुशासन कायम गर्न आवश्यक आधार तथा सहयोग गर्नका लागि सहकारी ऐनमा सहकारीको मूल्य, मान्यता, सिद्धान्त र व्यवसायिकता प्रवर्द्धन गर्न सहकारी महासंघ, विषयगत र केन्द्रीय विषयगत संघ, प्रदेश तथा जिल्ला सहकारी संघको व्यवस्था गरिएको छ । ऐनको दफा २४ मा कार्यक्षेत्रमा आधारित र सदस्य केन्द्रित भई आफ्ना सदस्यहरूको आर्थिक, सामाजिक तथा सांस्कृतिक समृद्धि हासिल गर्नु संस्थाको मुख्य उद्देश्य हुनेछ भनि स्पष्ट पारिएको छ । उक्त उद्देश्य पुरा गर्नका लागि संस्थाले सहकारीका मूल्य, मान्यता र सिद्धान्तहरूको पालना गर्ने, गराउने, सदस्य र आफ्नो व्यवसायको वृहत प्रवर्द्धन तथा सोको बजारीकरण गर्ने, गराउने, सदस्यलाई शिक्षा, सूचना र तालिम प्रदान गर्ने तथा सदस्य संस्थामा सुशासन प्रवर्द्धन गर्ने, गराउने, संस्था बीचको पारस्परिक सहयोग अभिवृद्धि गर्ने, गराउने, संस्थाले गर्ने उत्पादन तथा सेवाको मापदण्ड निर्धारण गरी गुणस्तर सुधार, आर्थिक स्थायित्व र जोखिम व्यवस्थापन सम्बन्धी कार्य गर्ने, आन्तरिक नियन्त्रण प्रणाली लागू गर्ने, संस्थाको व्यावसायिक प्रवर्द्धन तथा विकास सम्बन्धी क्रियाकलापहरू सञ्चालन गर्ने, मन्त्रालय, रजिष्ट्रार, प्रदेश, स्थानीय तह वा कार्यालयको निर्देशन पालना गर्ने, विनियममा उल्लेखित कार्यहरू गर्ने लगायतको व्यवस्था गरिएको छ । त्यसैगरी ऐनको दफा २७ मा सहकारी संस्थाले यस ऐन अन्तर्गत बनेको नियम, निर्देशिका, मापदण्ड र कार्यविधिको अधीनमा रही आफ्नो कार्य सञ्चालनको लागि विनियम बनाउनुपर्ने व्यवस्था रहेको छ ।

सहकारी संस्थाले आफ्नो संस्थामा सुशासन कायम गर्नका लागि आन्तरिक कार्यविधि बनाइ लागू गर्नुपर्ने, सदस्यता प्रदान गर्नका लागि आवश्यक नीति बनाइ लागू गर्नुपर्ने, संस्थाको कार्य सहज तथा सुसञ्चालन गर्न आवश्यकतानुसार कार्यविधि बनाई लागू गर्नुपर्ने जस्ता विषयहरू ऐनमा रहेको पाइन्छ । त्यसैगरी संस्थामा सुशासन कायम गर्नका लागि ऐनको दफा ४३ मा सञ्चालक समितिको काम, कर्तव्य र अधिकार र दफा ४८ र ४९ मा लेखा सुपरीवेक्षण समितिको गठन तथा काम, कर्तव्य र अधिकारका बारेमा व्यवस्था गरिएको छ भने ऐनमा, नीति र कार्यविधि बेगर जथाभावी रकम लगानी गर्न नपाइने, यदि गरेमा सम्बन्धितलाई कसुरको आधारमा सजाय गर्ने व्यवस्था रहेको छ ।

## संस्थागत सुशासनका सम्बन्धमा सहकारी संस्थामा रहेका प्रमुख चुनौतीहरूः

नियामक तथा सुपरीवेक्षकीय निकायको भूमिका तथा सक्रियतामा शिथिलता रहन, सहकारी संस्थाहरूको संख्या अधिक रहेकोले नियमनकारी निकायले सबै संस्थाहरूलाई नियमन र सुपरीवेक्षण गर्न नसक्नु, आवश्यक ज्ञान र दक्षताको कमिका कारण संस्थाको सञ्चालक समिति र अन्य समितिहरूले आफ्नो भूमिका प्रभावकारी रूपमा गर्न/गराउन नसक्नु लगायतका विषयहरू संस्थाका प्रमुख चुनौतीका रूपमा रहेका छन् । विशेष गरी नेपालको सहकारी क्षेत्रमा संस्थागत सुशासनमा रहेका मुख्य चुनौतीहरूलाई देहाय बमोजिम उल्लेख गर्न सकिन्छः

क. ऐन, नियम तथा निर्देशनको कार्यान्वयन पूर्ण रूपमा हुन नसक्नु,

ख. नियमनकारी र सुपरीवेक्षकीय निकायको भूमिका प्रभावकारी हुन नसक्नु,

ग. नियमित रूपमा संस्थाको गतिविधिका सम्बन्धमा सञ्चालक समितिमा छलफल हुन नसक्नु,

घ. सञ्चालक समितिमा एकाघर परिवार तथा नातागोता भित्र रहेका व्यक्तिहरूको उपस्थिति रहनु,

ङ. समिति तथा उपसमितिहरू स्वार्थमा बढी केन्द्रित हुनु, अनावश्यक रूपमा समितिले हस्तक्षेप गर्नु,

च. उच्च तह तथा निर्णायक भूमिकामा रहेका व्यक्तिहरूले दवावका कारण स्वार्थ रहित ढंगले कार्य गर्न नसक्नु,

छ. लेखा सुपरीवेक्षण समितिमा रहेका पदाधिकारीको दक्षता, ज्ञान, योग्यता एवं क्षमता कमजोर रहनु,

ज. सहकारीहरूको संख्या अधिक तथा सुपरीवेक्षकीय निकायमा रहने पदाधिकारीको संख्या कम भएकोले नियमित रूपमा निरीक्षण र सुपरीवेक्षण हुन नसक्नु,

झ. संस्थाको समिति, उपसमिति तथा उच्च तहमा पारिवारिक व्यक्तिहरूको एकाधिकार रहदा समेत नियामक निकायले कारवाही गर्न नसक्नु,

ञ. उच्च नैतिक मूल्य मान्यता र इमान्दारिता एवं पारदर्शिताको कमी रहनु,

ट. उत्तरदायित्व र जिम्मेवारी पालनाका लागि संस्थाका कर्मचारीहरूको कार्य विभाजन एवं जिम्मेवारी नतोकिनु,

ठ. दक्ष, योग्य एवं क्षमतावान व्यक्तिहरू प्रतिस्पर्धात्मक प्रक्रिया मार्फत नियुक्त गर्नु पर्नेमा सो नभई आफन्त एवं नातागोताका मानिस नियुक्ति गर्नु, जसबाट सुशासन कमजोर हुन जानु,

ड. संस्थाका लागि आवश्यक नीति, नियम, कार्यविधिहरू नहुन, संस्थामा नीति नियम भए पनि कार्यान्वयन नहुनु,

ढ. व्यवस्थापनमा व्यवस्थापकीय क्षमताको कमि हुनु,

ण. नियामक निकाय तथा सुपरिवेक्षकीय निकायले दिएका निर्देशन पालना नहुनु,

त. संस्थामा आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहनु,

थ. जोखिम व्यवस्थापन प्रणाली कमजोर रहनु,

द. समिति तथा उच्च व्यवस्थापन बीच मतऐक्यता नहुनु,

ध. साधारण सभामा सदस्यहरूबाट सशक्त भूमिका निर्वाह हुन नसक्नु (साधारण सभा कर्मकाण्डी मात्र हुनु),

न. संस्थाका थोरै सदस्य बाहेक अन्य सदस्यहरू जागरूक हुन नसक्नु र

प. बचत तथा ऋण परिचालन सम्बन्धी विकृतिहरू रहनु (संस्थाका गैह्र सदस्य वा कार्यक्षेत्र बाहिर गई कारोवार गर्नु) आदि ।

### सहकारी संस्थामा सुशासन कायम गर्न चाल्नु पर्ने कदमहरूः

कुनै पनि संस्थामा आन्तरिक सुशासन कायम रहन सकेन भने अन्ततोगत्वा संस्था रहिरहन सक्दैन । संस्थालाई सवल एवं गतिशिल बनाउन आन्तरिक सुशासनको महत्वपूर्ण भूमिका रहेको हुन्छ । हरेक सहकारी संस्थाले सहकारीको मूल्य मान्यता, सिद्धान्त एवं नियम तथा कानुनको पूर्णरूपमा परिपालना गर्नु, प्रत्येक व्यक्तिले आ-आफ्नो तहबाट इमान्दारिता, जवाफदेहिता र जिम्मेवारी भित्र रही काम कार्यवाहीहरू सञ्चालन गरेमा मात्र संस्थाले निर्दिष्ट लक्ष्य हासिल गर्न सक्छ । अतः सहकारी संस्थामा आन्तरिक सुशासन कायम गर्न नियमनकारी निकायका अलावा संस्था आफैले देहायका कदमहरू चाल्नुपर्ने देखिन्छः

क. सहकारी मूल्य, मान्यता तथा सिद्धान्तको परिपालना एवं प्रभावकारी रूपमा ऐन, नियम, कानुन तथा निर्देशनको कार्यान्वयन गर्ने,

ख. नियमनकारी र सुपरीवेक्षकीय निकायले आफ्नो भूमिका प्रभावकारी रूपमा कार्यान्यनमा ल्याउने, सुशासनमा नचलेका संस्थाहरूलाई कानुनले दिएको अधिकार प्रयोग गरी कारवाहीलाई सशक्त बनाउने ।

ग. सञ्चालक समिति तथा अन्य समितहरूले संस्थाको गतिविधिका सम्बन्धमा नियमित रूपमा छलफल गर्ने,

घ. स्वार्थ गासिएका, एकाघर परिवार तथा नातागोता भित्र रहेका व्यक्तिहरू समितिमा नबस्ने, अनावश्यक रूपमा समितिले हस्तक्षेप नगर्ने,

ङ. समिति तथा उपसमिति एवं उच्च तह तथा निर्णायक भूमिकामा रहेका व्यक्तिहरूले स्वार्थ रहित ढंगले कार्य गर्ने,

च. समिति तथा उपसमिति एवं उच्च तहमा दक्षता, ज्ञान, योग्यता एवं क्षमता भएका व्यक्तिहरू नियुक्त गर्ने

छ. लेखा सुपरीवेक्षण समितिलाई सशक्त बनाई आन्तरिक नियन्त्रण प्रणाली सुदृढ बनाउने,

ज. बचत परिचालन तथा कर्जा लगानीमा रहेका विकृतिहरूलाई हटाउनका लागि प्रभावकारी रूपमा कार्य गर्ने, जोखिम व्यवस्थापन प्रभावकारी बनाउने,

झ. सहकारीहरूको संख्या अधिक भएकोले कमजोर सुशासनमा रहेका संस्थाहरूलाई खारेज गर्ने वा एक आपसमा गाभ्ने प्रक्रिया प्रभावकारी रूपमा कार्यान्वयनमा ल्याउने,

ञ. उच्च नैतिक मूल्य मान्यता र इमान्दारिता एवं पारदर्शिताको साथ कार्य गर्ने,

ट. अनिवार्य रूपमा संस्थाका कर्मचारीहरूको कार्य विभाजन एवं जिम्मेवारी तोकिनुका साथै उत्तरदायित्व र जिम्मेवारी परिपालनामा कठोर नीति अवलम्बन गर्ने,

ठ. प्रतिस्पर्धात्मक प्रक्रिया मार्फत संस्थामा दक्ष, योग्य एवं क्षमतावान व्यक्तिहरू नियुक्त गर्ने,

ड. संस्थाका लागि आवश्यक नीति, नियम, कार्यविधिहरू बनाई कार्यान्वयनमा ल्याउने र

ढ. खराव आचरण भएका र गलत कार्य गर्नेलाई डण्ड जरिवाना तथा राम्रो काम गर्नेलाई पुरस्कारको व्यवस्था लागु गर्ने आदि ।

### सन्दर्भ सामग्रीः

१. सुशासन (व्यवस्थापन तथा सञ्चालन) ऐन, २०६४

२. सहकारी ऐन, २०७४ र नियमावली, २०७५

३. प्रदेश नं. ३ मा सहकारी तथा गरिबी वस्तुस्थिति, २०७५

## नेफ्स्कून र पोखरा विश्वविद्यालयबीच सम्झौता

# सहकारी क्षेत्रको अनुसन्धान तथा पाठ्यक्रम विकास सम्बन्धी समझदारी पत्रमा हस्ताक्षर




नेफ्स्कून र पोखरा विश्वविद्यालयबीच सहकारी क्षेत्रको अनुसन्धान, पाठ्यक्रम विकास तथा लागु गर्ने सम्बन्धमा समझदारी पत्रमा हस्ताक्षर भएको छ । नयाँ बानेश्वरमा मंसिर ९ गते आयोजित एक कार्यक्रमका बीच नेफ्स्कूनका अध्यक्ष परितोष पौड्याल र पोखरा विश्वविद्यालयका डीन डा.दयाराज ढकालबीच उक्त समझदारी पत्रमा हस्ताक्षर भएको हो ।

नेफ्स्कूनका अध्यक्ष परितोष पौड्यालको अध्यक्षतामा भएको हस्ताक्षर कार्यक्रममा पोखरा विश्वविद्यालयका उपकुलपति प्रा.डा. प्रेम नारायण अर्याल, रजिष्ट्रार डा. दीपक भण्डारी, डिन डा.दयाराज ढकाल, व्यवस्थापन विषय समितिका अध्यक्ष प्रा.डा. महानन्द चालिसे, सह-प्राध्यापक डा. रविन्द्र घिमिरे र नेफ्स्कूनको तर्फबाट सञ्चालक समिति सदस्य न्हुच्छेनारायण मिलन श्रेष्ठ, रिना आचार्य, जीवसराज खड्का, नेफ्स्कून फिल्ड व्यवस्थापन उपसमिति सदस्य ठाकुर प्रसाद बास्कोटा, कास्कूनका बरिष्ठ उपाध्यक्ष खेम सुवेदी, नेफ्स्कूनका प्रमुख कार्यकारी अधिकृत प्रकाश प्रसाद पोखरेल लगायत विभागीय प्रमुखहरूको उपस्थिति थियो ।

पोखरा विश्वविद्यालयका उपकुलपति प्रा.डा. प्रेम नारायण अर्यालले नेफ्स्कूनसँगको सहकार्यका लागि यस सम्झौताबाट वास्तवमै एउटा नयाँ अध्यायको सुरू भएको बताउनुभयो । देशमा नयाँ कुरा ल्याउने सृजनशिल पाठ्यवस्तुको आवश्यकता रहेको र यसबाट भोलिको दिनमा खोज अन्वेषणमुलक काम गरेर अत्यन्त सफल र प्रभावकारी कार्यक्रम सञ्चालन हुने विश्वास व्यक्त गर्नुभयो ।

वास्तवमा देश विकासको नयाँ अभियानमा पोखरा विश्वविद्यालय लागेको छ । उहाँले भन्नुभयो, "आज मात्रै उद्यमशिलता विकास र उद्यमशिलता स्रोत सम्बन्धमा तीनवटा सम्झौता भएका छन्, आज विद्यार्थीहरू पढेर सकेको भोलिपल्ट जागिरका लागि लोकसेवा भिड्ने तयारी गर्छन्, पोखरा विश्वविद्यालय त्यो काम गर्दैन । हामी विद्यार्थीले पढेर सिध्याउने बेलामा आफै केही गरोस्, केही नयाँ कुरा ल्याओस्, छुट्टै ज्ञान र सीप विकास होस् भन्ने कुरा सिकाउँछौं ।"

नेफ्स्कून र विश्वविद्यालयबीच अगाडि बढेको यस कार्यक्रम कार्यान्वयमा म निरन्तर घच्घच्याउने छु, उहाँले भन्नुभयो, "सम्झौता गर्ने र छोड्ने कुरामा यो विषय पर्दैन, म प्रत्येक तीन तीन महिनामा यसको प्रगति प्रतिवेदनका लागि आव्हान गर्छु । मलाई लाग्छ यो कार्यक्रम अत्यन्तै सफल र लोकप्रिय भएर जानेछ ।"

अब जागिर खोज्ने जनशक्ति होइन देशलाई जागिर दिने जनशक्ति खाँचोपरेकोले एउटा सृजनशिल व्यक्तित्व विकासको खाँचोलाई पुरा गर्न सहकार्य गरौं, उहाँले जोड्नुभयो, नेफ्स्कूनलाई के कस्तो कार्यक्रम कसरी दिनुपर्छ त्यसका लागि पनि छलफल गरौं र हामी भोलिदेखि नै सहकारीको पाठ्क्रम कस्तो बनाउने हो, त्यसको कोर्ष निर्माणमा जुटौं । अबको पुस्ता आफ्ना लागि रोजगारीको खोजि गर्ने नभएर रोजगारी सिर्जना गर्ने शक्ति बनोस्

भन्ने चाहाना विश्वविद्यालयको रहेको उहाँले दावी गर्नुभयो ।

**नेपालको पश्चिमाञ्चलको पोखरा शहरमा अवस्थित पोखरा विश्वविद्यालयमा ३२ हजार भन्दा बढी विद्यार्थी अध्ययनरत छन् भने यसका चार आंगिक, देशभर ५८ सम्बन्धन प्राप्त र ४ संयुक्त आंगिक महाविद्यालयहरू सञ्चालनमा रहेका छन् ।**

नेफ्स्कूनका अध्यक्ष परितोष पौड्यालले धेरैवटा विषयहरूका बीचमा पोखरा विश्वविद्यालयसँगको साझेदारी परिणाममुखी बन्ने विश्वास व्यक्त गर्नुभयो । खोज अनुसन्धान, सिर्जना र नवसिर्जनाको पहिलो पाईलाको रूपमा आजको कार्यक्रम अगाडि बढेको चर्चा गर्दै उहाँले समझदारी मात्र नभएर पोखराको ठूलो ज्ञानको गुरूकुलसँग जोडिएको र यसले रणनीतिक साझेदारी मार्फत समुदायकेन्द्रित वित्त प्रणालीमा विचार, प्रविधि, सिर्जना र नवसिर्जना ल्याउन सकिनेमा जोड दिनुभयो ।

अध्यक्ष पौड्यालले शास्त्र र सस्त्रको विषयमा चर्चा गर्दै चाणक्यका चार डाइमेन्सन शक्ति, सामर्थ्य, सहनशिलता र विश्वास जुन हाम्रा पुर्खाले आर्जन गरेका थिए, त्यो हाम्रो पुस्ताले संस्थागत गर्न नसकेको तर्फ संकेत गर्दै आर्थिक स्वतन्त्रताको उपलब्धिलाई संस्थागत गर्न नसक्नुमा बैचारिक पक्षको सघनता कमजोर देखिएको चर्चा गर्नुभयो ।

उहाँले विवश्वव्यापी रूपमा प्रतिस्पर्धात्मक योग्यता हासिल गर्ने, आफुलाई पहलकदमी र सक्रियताका साथ विषयवस्तुलाई संस्थागत गर्ने जुन परिपाटी विश्व अभ्यासमा रह्यो, त्यो अभ्यासमा कमजोरी रहेको आशंका व्यक्त गर्दै शिक्षाको क्षेत्रमा हामी दोस्रो/तेस्रो पुस्तामै रहेको विचार व्यक्त गर्नुभयो ।

पोखरा विश्वविद्यालयका रजिष्ट्रार डा. दीपक भण्डारीले मुलुकलाई शिक्षा मार्फत ज्ञानको ज्योति जगाएर समृद्ध मुलुक निर्माण गर्ने उद्देश्य विश्वविद्यालयको रहेको र गरिबी निवारण मार्फत समृद्धी हाँसिल गर्ने उद्देश्य सहकारीको रहेको हुँदा दुवैको सहकार्यबाट अन्तिम लक्ष्यमा पुग्न सहयोग हुने विश्वास व्यक्त गर्नुभयो । उद्देश्य हासिल गर्न र अन्तिम लक्ष्यमा पुग्न एक्लै हिडेर सम्भव छैन । धेरै अगाडि देखिको नेफ्स्कूनसँग एकता गर्ने सोच पुरा गर्ने दिन आज जुरेको चर्चा गर्दै उहाँले चाहेर र बल गरेर मात्रै नहुने, कुनै पनि कामका लागि दिन आउनु पर्ने रहेछ, त्यो दिन आज परेकोमा निकै खुशी व्यक्त गर्नुभयो ।



उहाँले दुवै पक्ष मिलेर एउट उद्देश्यमा पुग्नुपनि एक प्रकारको व्यवसाय हो, यो व्यवसायबाट राष्ट्रलाई योगदान गर्न सक्नुनै सबैभन्दा महत्तम उपलब्धी हुने बताउनुभयो ।

नेफ्स्कूनका प्रमुख कार्यकारी अधिकृत प्रकाश प्रसाद पोखरेलले कार्यक्रममा स्वागत गर्दै नेफ्स्कूनको सक्षिप्त परिचय गराउनुभएको थियो । उहाँले दक्ष जनशक्ति निर्माणमा वैज्ञानिक खोज अनुसन्धानको जरूरत रहेको र यसमा पोखरा विश्वविद्यालयसँगको सहकार्यले मुर्त रूप लिनसक्ने विश्वास व्यक्त गर्नुभयो । नेपालको सहकारी अभियान सञ्चालनमा आवश्यक पर्ने कुशल व्यवस्थापक निर्माणको दौरानमा पनि नेफ्स्कून भित्र छुटै तालिम तथा स्रोत केन्द्र मार्फत नेफ्स्कूनले प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद् सिटिइभिटी सँगको सम्बन्धन प्राप्त सहकारी व्यवस्थापक कोर्ष निर्माण गरी दुई चरणमा कार्यक्रम सम्पन्न भई तेस्रो चरण सुरूवात गरेको जानकारी गराउनुभयो ।

आजको यस सम्झौताले नेपालको उच्च शिक्षामा सहकारी विषयको औपचारिक प्रवेशसँगै सहकारी अभियानलाई थप व्यवस्थित र सुसंस्कृत बनाउन, दक्ष जनशक्ति उत्पादन गरी वर्तमान र भविष्यको आवश्यकता पुरा गर्न, प्राज्ञिक, बहस र पैरवी मार्फत सहकारी व्यवसायलाई विश्वविद्यालय भित्रको पठन पाठनमा समावेश गरी नयाँ पिंढीलाई सहकारी क्षेत्रमा आकर्षण गर्न सकिने विश्वास लिइएको छ । साथै सरकारलाई सहकारी क्षेत्रको विकास र विस्तारका लागि आवश्यक प्राविधिक लगायतका सल्लाह प्रदान गर्न, विश्वविद्यालय स्तरमा सहकारी विषयको औपचारिक पाठयक्रम विकासमा सहकार्य गरी सहकारी क्षेत्रमा प्रमाणीकरण गर्न र सम्भाव्यता अध्ययन गरि नन्क्रेडिट कोर्षहरू सञ्चालन गर्ने उद्देश्य अगाडि सारिएको छ ।

कार्यक्रम सञ्चालन नेफ्स्कूनका प्राचार्य गणेश प्रसाद तिमल्सिनाले गर्नुभएको थियो ।

# अन्धकारमुक्ति र रामपुर साकोसमा सिस्टर सोसाइटी गठन



गण्डकी प्रदेशको पाल्पास्थित अन्धकार मुक्ति बचत तथा ऋण सहकारी संस्था लि. र रामपुर बचत तथा ऋण सहकारी संस्था लि. मा एक दिनको अत्तरमा दुई सिस्टर सोसाइटी गठन भएका छन् । अन्धकारमुक्ति बचत तथा ऋण सहकारी संस्था लि.मा लक्ष्मी देवी ढकालको संयोजकत्वमा ३५ सदस्यीय सिस्टर सोसाइटी अन्धकारमुक्ति, पाल्पा गठन भएको हो । उक्त साकोसको २३ औं वार्षिक साधारणसभाको शुभ अवसर पारेर मंसिर १८ गते संस्थामा आवद्ध महिलाहरू सम्मिलित सिस्टर सोसाइटी गठन गरिएको हो ।

नेफ्स्कूनका अध्यक्ष परितोष पौड्यालको प्रमुख आतिथ्यता तथा नेफ्स्कून उपाध्यक्ष शान्ति अधिकारीको बिशिष्ट आतिथ्यतामा आयोजित अन्धकारमुक्ति साकोसको साधारणसभाको अवसर पारेर सोही दिन विहान सिष्टर सोसाइटी गठन गरिएको थियो ।

बचत तथा ऋण सहकारी (क्रेडिट युनियन) हरूमा आवद्ध महिलाहरूको विश्वव्यापी साझा मञ्च सिस्टर सोसाइटी विश्व ऋण परिषद् (ओकू) ले सन् २००९ मा स्थापना गरेको महिला सशक्तिकरण एवम् सञ्जालीकरण अभियान हो ।

त्यसैगरी पाल्पाको रामपुर बचत तथा ऋण सहकारी संस्था लि.मा आवद्ध महिला सदस्यहरूको पहलमा सिस्टर सोसाइटी रामपुर, पाल्पा गठन भएको छ । रामपुर साकोसका करिब ६० महिला सदस्यहरूको सहभागितामा सिस्टर सोसाइटी गठन भएको हो । संस्थाको १४ औं वार्षिक साधारण सभाको अवसर पारेर मंसिर १७ गते शुक्रबार नेफ्स्कूनका अध्यक्ष परितोष पौड्यालको प्रमुख आतिथ्यता एवम् उपाध्यक्ष शान्ति अधिकारीको बिशिष्ट आतिथ्यतामा सिस्टर सोसाइटीको विधिवत् उद्घाटन एवम् गठन गरिएको थियो ।

नेफ्स्कून अध्यक्ष पौड्यालले सिष्टर सोसाइटी गठन भएकोमा हार्दिक बधाई दिदैं शुभकामना व्यक्त गर्नुभएको थियो । उहाँले सोसाइटीमार्फत महिला उद्यमशीलता, रोजगारी सिर्जना, नेतृत्व विकास र सशक्तिकरणका दिशामा नवीन र नतिजामुखी कार्यहरू आयोजना गरिने विश्वास व्यक्त गर्नुभयो । उक्त अवसरमा नेफ्स्कून उपाध्यक्ष एवम् सिस्टर सोसाइटी नेफ्स्कून, नेपाल च्याप्टरकी संयोजक शान्ति अधिकारीले सिस्टर सोसाइटीको इतिहास, औचित्य र यसमार्फत महिलाको सीप, क्षमता, नेतृत्व कौशलसँगै सशक्तिकरणमा गर्न सकिने कामहरूबारे सदस्यहरूलाई अभिमुखीकरण गराउनुभएको थियो ।

क्रेडिट युनियनमा आवद्ध महिलाहरूको विश्व सञ्जाल सिस्टर सोसाइटीले विश्वभरका महिलाहरूबीच साझा मुद्दाहरूमा समान धारणा बनाउन, ज्ञान, शिक्षा र अनुभव आदानप्रदान गर्न सहयोग गर्नुका साथै महिला शसक्तिकरण, लैङ्गिक असमानता र विविध किसिमका विभेद अन्त्य गर्दै महिलाहरूलाई आर्थिक आत्मनिर्भरतातर्फ डोहोऱ्याउन भूमिका खेल्दछ । नेपालमा विश्व ऋण परिषद्को पहल तथा नेफ्स्कूनको अग्रसरतामा पहिलो पटक सन् २०१७ मा सिस्टर सोसाइटी नेफ्स्कून, नेपाल च्याप्टर गठन भएको जानकारी उपाध्यक्ष अधिकारीले गराउनुभयो । नेपालमा हालसम्म गठन भएका सिस्टर सोसाइटीहरूमार्फत महिला शसक्तिकरणका लागि विभिन्न कार्यक्रमहरू सञ्चालन हुँदै आएको पनि उहाँले बताउनुभयो । विश्व ऋण परिषद्ले Global Women's Leadership Network मार्फत सिस्टर सोसाइटीका कार्यक्रमहरूलाई अघि बढाउँदै आएको छ ।





# सहकारी क्षेत्रको व्यावसायिक विकासमा अन्तरसहकारी सहयोगको अपरिहार्यता

-**विष्णु प्रसाद घिमिरे,** पूर्वकर्मचारी, सहकारी विभाग

उद्यम व्यवसाय सञ्चालनका विभिन्न व्यावसायिक स्वरूपहरू मध्ये सहकारी एउटा स्वरूप हो । त्यसैले सहकारीलाई एउटा व्यवसायको रूपमा बुझ्नु पर्दछ । यो व्यवसाय सदस्यहरूको आर्थिक, सामाजिक र सास्कृतिक आवश्यकता पुरा गर्नका लागि उनीहरूको सामुहिक स्वामित्वमा गठन गरिएको हुन्छ । यो संस्था सञ्चालन गर्न सदस्यहरू बीच प्रजातान्त्रिक तरीकाबाट निर्वाचित सञ्चालक समितिको व्यवस्था गरिएको हुन्छ । त्यसैले सहकारी व्यवसायलाई आर्थिक प्रजातन्त्रको रूपमा ब्याख्या गर्न सकिन्छ । यो सदस्यहरूबाट नियन्त्रित हुने एक स्वायत उद्यमी संस्था हो । अभिछिन्न उत्तराधिकारीवाला स्वशासित संस्थाको रूपमा यो एउटा कानुनी व्यक्ति पनि हो । यसले व्यक्ति सरह ज्यायजेथा वा सम्पति खरिद तथा बेचविखन गर्न र ठेक्कापट्टाको बन्दोवस्त गर्न सक्दछ । सहकारी उद्यम एउटा खास सिद्धान्त तथा मूल्यमान्यताबाट निर्देशित र सञ्चालित हुन्छ र हुनुपर्दछ । यो समुदायमा आधारित हुनुको साथै यसको कारोवार सदस्य केन्द्रित हुन्छ ।

सामान्यतया उद्यमव्यवसायमा आर्थिक क्रियाकलापहरू सञ्चालन हुने र सरोकारवालाहरू बीच लाभ वितरण, जोखिम वहन र सामाजिक उत्तरदायित्वका प्रावधानहरू रहेका हुन्छन् । सहकारी व्यवसाय सञ्चालन गर्दा आन्तरिक र बाहिय जोखिमका कारण सदस्यहरूलाई सधैं आर्थिक सामाजिक लाभ प्राप्त नहुन सक्दछ । सहकारी व्यवसायले पनि बाहिय प्रतिस्पर्धाको सामना गर्नुको साथै सम्भावित जोखिम समेत बहन गर्नु पर्दछ । यो व्यवसाय राज्य नियन्त्रित हुँदैन । यो स्वायत्त संस्थाको रूपमा एउटा अविभाजीत र समुहिक स्वामित्वमा सञ्चालित हुन्छ । सहकारी व्यवसायलाई एउटा प्रणालीको रूपमा हेर्दा सदस्यहरूले उत्पादक, आपूर्तिकर्ता र उपभोक्ताको भूमिका निर्वाह गर्नुपर्दछ । सहकारी व्यवसायलाई प्रणालीगत हिसाबले सञ्चालन गर्न सहकारीको छैटौ सिद्धान्त **अन्तर सहकारी सहयोग (Cooperation among the Coooperatives)** व्यवहारिक रूपमा कार्यान्वयन हुनुपर्दछ । हाम्रो सन्दर्भमा सहकारी संस्थाहरूबीचको आपसी सहयोग कमजोर रहेको देखिन्छ । यसकामे ठीक विपरित सहकारी संस्थाहरूबीचको आपसी प्रतिस्पर्धा रहेको पाईन्छ ।

सीमित श्रोतसाधन र सानो आाकारको पुँजी भएका व्यक्तिहरू एक आपसमा मिलेर सामुहिक उद्यमव्यवसाय सञ्चालन गरी आफ्ना आवश्यकता र आकांक्षाहरू पुरा गर्नु सहकारीको मूल ध्येय हो । तर स्वेच्छिक र खुला सदस्यता सम्बन्धी सिद्धान्तले धनि वा गरिव जुनसुकै वर्गको व्यक्ति पनि सहकारीको सदस्य बन्न सक्ने हुँदा नेपालको सहकारी अभियानमा विशेष गरी मध्यम वर्गको बलियो उपस्थिति रहेको अनुभव गर्न सकिन्छ । सिमान्तकृत वर्गको तुलनामा



मध्यम बर्गसँग केहीहदसम्म पुँजी र उत्पादनका साधनहरू विद्यमान रहेको कारणले पनि यो वर्ग बढी लाभान्वित हुन पुगेको देखिन्छ । दूर्गम तथा ग्रामीण क्षेत्रमा बसोवास गर्ने नागरिकहरू, महिला, दलित, आदिवासी, मुक्त कमैया, हलिया, अपाङ्ता भएका नागरिकहरू, गरीब कृषक, मजदुर, भूमिहीन, सुकुम्वासी र शहरीया सिमान्त श्रमिकवर्गको आर्थिक सामाजिक रूपान्तरणको लागि सहकारी अवधारणा एउटा सशक्त माध्यम हुनसक्दछ । विशेष गरी सिमान्त वर्ग तथा गरिबीबाट आक्रान्त समूहलाई सहकारी व्यवसायमा आवद्ध गरी यस मार्फत आयआर्जन र रोजगारी/स्वरोजगारी सिर्जना गर्नु पर्ने आवश्यकता छ । विद्यमान आर्थिक सामाजिक संरचना भित्र सहकारी खेति पद्धतिको दीगो विकासको लागि ठेक्का खेति प्रणाली (Lease Farming System) को रूपमा कृषि क्षेत्रको व्यवसायिकरण र यान्त्रिकरण गरी उत्पादन र उत्पादकत्व वृद्धि गर्ने तर्फ सहकारी संस्थाहरूलाई प्रोत्साहन गर्नु पर्ने देखिन्छ ।

## सहकारी क्षेत्रको वर्तमान स्थिति:

सहकारी विभागबाट प्रकाशित **"सहकारी झलक" २०७७** बमोजिम नेपाल राज्यभर २९,८८६ प्रारम्भिक सहकारी संस्था सञ्चालनमा रहेका छन् । २०७४ सालमा विभागबाट प्रकाशित सहकारी संघसंस्थाको तथ्यांकमा उल्लेख भएको आंकडा भन्दा ४,६२६ सहकारी संस्था लोप भएको देखिन्छ । यसो हुनुमा एक मात्र कारण संस्था एकीकरण भनिएता पनि पालिकाहरूले निष्कृय सहकारी संस्थाको तथ्यांक गणना नगरेको कारण संख्या घटेको हुनुपर्दछ । बचत तथा ऋण सहकारी, बहुउद्देश्यीय सहकारी, कृषि, दुग्ध उत्पादक, उपभोक्ता, फलफूल तथा तरकारी, चिया, कफी, जुनार, उखु, मौरीपालन, जडिबुटी, पशुपन्छीपालन, माछापालन, सुपारी, बीउविजन, अलैंची, अदुवा, श्रमिक, यातायात, स्वास्थ्य, शिक्षा, सञ्चार, विद्युत, लगायतको विषय क्षेत्रमा सहकारी संस्थाहरू सञ्चालित छन् । यी संस्थामा कुल शेयर करीव ९४ अर्ब रूपैया रहेको छ । यी संस्थाहरू मार्फत करीव ४७८ अर्ब रूपैयाको बचत निक्षेप र करीव ४२६ अर्ब रूपैयाँको लगानी भएको छ । सहकारी क्षेत्रमा ३२,१५०६८ (४४%) पुरूष सदस्य र ४०,९२३९५ (५६%) महिला सदस्य गरी जम्मा ७३,०७४६२ शेयर सदस्यहरू रहेका छन् । कारोवार गर्ने व्यक्तिहरूको संख्या भने यसको १० गुणा भन्दा बढी रहेको अनुमान छ । यस बाहेक कृषि, पशुसेवा, बन उपभोक्ता, सिचाई उपभोक्ता, महिला समूहहरू पूर्वसहकारीको अवस्थामा हजारौको संख्यामा कार्यरत छन । एकमुष्ठ रूपमा ८८,३०९ व्यक्तिहरूले प्रत्यक्ष रोजगारी प्राप्त गरेको देखिन्छ । राष्ट्रिय अर्थतन्त्रमा करीव ४ प्रतिशत र वित्तीय क्षेत्रमा मात्र करीव १८ प्रतिशत सहकारीको योगदान रहेको अनुमान छ । माथि उल्लेखित योगदान सम्बन्धी आंकडामा विशेषगरी बचत तथा ऋण सहकारी संस्थाको भूमिका रहेको कुरालाई अस्वीकार गर्न सकिदैन ।

## बचत, लगानी र गरिबी निवारणको अन्तरसम्बन्ध:

सहकारी विभागबाट प्रकाशित **"सहकारी संघसंस्थाहरूको तथ्यांक" २०७४** बमोजिम देशभर सञ्चालित ३४,५१२ सहकारी संस्था मध्ये १३,५७८ (४०%) को संख्यामा बचत तथा ऋण सहकारी संस्था रहेको देखिन्छ । अन्य सहकारी संस्थाहरूमा कृषि तथा बहुउद्देश्यीय सहकारीको प्रमुख कारोवारमा बचत तथा ऋण रहेको पाइन्छ । शहरदेखि दुरदराजसम्म वित्तीय पहुँच विस्तारमा सहकारीको योगदान अत्यन्त प्रभावकारी रहेको छ । उद्यम व्यवसाय खोल्न र सञ्चालन गर्न आर्थिक साधन वा वित्तीय श्रोत आवश्यक पर्दछ । यही कारणले नागरिकहरू सहकारी संस्थामा आवद्ध भई वित्तीय साधन संकलन गरी आवश्यकता बमोजिम उद्यम व्यवसायको लागि ऋण प्राप्तगर्न सक्दछन । उद्यम व्यवसाय वा आर्थिक क्रियाकलाप सञ्चालन नगरी उत्पादन, आयआर्जन र रोजगारी सिर्जना गर्न सकिदैन । उत्पादन, आयआर्जन र रोजगारी सिर्जना नगरी गरिबी निवारण गर्न सकिदैन । सहकारी संस्थाका सबै सदस्यहरूले उत्पादन, आयआर्जन र रोजगारी/स्वरोजगारीको अन्तरसम्बन्धित चक्रलाई नबुझ्ेसम्म गरिबी हटाउन सकिदैन । सहकारी संस्थाका सदस्यहरूले जान्नै पर्ने अर्को महत्वको विषय हो **बचत, लगानी र गरिबी निवारणको अन्तरसम्बन्ध ।** उद्यम व्यवसाय सञ्चालन गर्न लगानी आवश्यक पर्दछ । लगानीको लागि आवश्यक रकम सदस्यहरू बीच बचत परिचालन गरी वित्तीय श्रोत जम्मा गर्न सकिन्छ । सहकारी संस्थाका सदस्यहरूले बचत, लगानी र उत्पादनको सम्बन्धलाई पनि जानेको हुनु पर्दछ । बचत नगरी लगानी सम्भव देखिदैन । त्यस्तै वित्तीय लगानी नगरी उत्पादन हुँदैन । उत्पादन नगरी वितरण र उपभोग गर्न सकिदैन । यसरी उत्पादन, वितरण र उपभोगमा वृद्धि नगरी जीवनस्तरमा सुधार गर्न र गरिबी निवारण सम्भव देखिदैन । उत्पादन, वितरण र उपभोगवीच उत्पन्न मूल्य श्रृखलाबाट व्यक्तिले एकातर्फ रोजगारी/स्वरोजगारी सिर्जना गर्न र अर्कोतर्फ आम्दानी वृद्धि गरी गरिबी निवारण गर्न सक्दछ ।

## अन्तर सहकारी कारोवार सम्बन्धी कानुनी प्रावधान:

सहकारी ऐन, २०७४ को दफा १४० बमोजिम सहकारी संस्थाहरूले एक आपसमा अन्तर सहकारी कारोवार सञ्चालन गर्न सक्नेछन । अन्तर सहकारी कारोवार वस्तु र सेवाको उत्पादन, संकलन, हस्तान्तरण, ढुवानी, भण्डारण, प्रशोधन, र बजारीकरणसँग सम्बन्धित हुनु पर्नेछ । संस्थाहरूवीच सञ्चालन गरिने अन्तर सहकारी कारोवार मूल्य श्रृखलामा आधारित हुनु पर्नेछ । सहकारी नियमावली, २०७५ को नियम ८० को उपनियम (१) बमोजिम संघ मार्फत अन्तर सहकारी कारोवार सञ्चालन गर्दा कारोवारमा संलग्न संस्थाहरूको

विनियममा उल्लेखित निश्चित उद्देश्य प्राप्तिको लागि सदस्यहरूको आवश्यकताको आधार लिएको हुनु पर्नेछ । सहकारी व्यवसायको विकास, प्रवर्द्धन तथा बजारीकरण लगायतका कार्यमा टेवा पुयाउन सहकारी ऐन, २०७४ को दफा (४), (५), (६), (७) र (८) अन्तरगत क्रमशः जिल्ला विषयगत सहकारी संघ, जिल्ला सहकारी संघ, प्रदेश विषयगत सहकारी संघ, प्रदेश सहकारी संघ र केन्द्रीय विषयगत सहकारी संघको गठन गर्ने व्यवस्था रहेको छ । सहकारी नियमावली, २०७५ को नियम ८० को उपनियम (२) वा प्रादेशिक वा स्थानीय कानुनमा व्यवस्था भए बमोजिम सहकारी संघले सदस्यहरूको स्थानीय उत्पादनको मूल्य श्रृखला विकाससँग सम्बन्धित अन्तर सहकारी कारोवारलाई बढवा दिने गरी संयोजन गर्नुपर्ने व्यवस्था छ । उल्लेखित कानुनी प्रावधानको विश्लेषण गर्दा अन्तर सहकारी कारोवारको संयोजन गर्ने जिम्मेवारी जिल्ला वा प्रदेश वा केन्द्रीय तहमा गठित संघहरूको हुने हुँदा स्थानीय संस्थाहरूबाट उत्पादित वस्तुको मूल्य श्रृखला विकास तथा मूल्य अभिवृद्धिको काम सहकारी संघहरूले गर्नुपर्ने देखिन्छ ।

त्यसैगरी सहकारी नियमावली, २०७५ को नियम ८० को उपनियम (३) बमोजिम अन्तर सहकारी कारोवार सञ्चालनमा संलग्न विभिन्न संस्थाहरूले आफ्ना सदस्यहरूबाट उत्पादित उपज अग्रिणी संस्थाको अवधारणाबाट कुनै एक संस्थामार्फत संकलन, प्रशोधन र बजारीकरण व्यवस्था मिलाउने गरी एकीकृत योजना सञ्चालन गर्न सक्ने व्यवस्था छ । सहभागी संस्थाहरूको बैठकले अन्तरसहकारी कारोवारमा नेतृत्व गर्न अग्रणी संस्था तोक्नु पर्नेछ । अग्रिणी संस्थाले अन्तर सहकारी कारोवारमा नेतृत्व गर्दै सहभागी संघसंस्थाको उत्पादनलाई बजारीकरण गर्न सहयोग गर्नेछ । उपनियम (३) को प्रावधान अनुसार कुनै पनि तहको सहकारी संघले अन्तर सहकारी कारोवारमा संयोजन नगरेको अवस्थामा पनि आवद्ध संस्थाहरूले आपसी सरसल्लाहमा अग्रिणी संस्था मार्फत यस किसिमको कार्य गर्न सक्ने देखिन्छ । सहकारी नियमावली, २०७५ को नियम ८० को उपनियम (४) बमोजिम अन्तर सहकारी कारोवार सञ्चालनमा सहजीकरण गर्न विद्युतीय प्रणाली मार्फत नेपालभरको कुनै पनि सहकारी संस्थाबाट आफ्नो खातामा रकम जम्मा गर्न र झिक्न सक्नेछन । विद्युतीय प्रणाली मार्फत अन्तर सहकारी कारोवार गर्ने संस्थाहरूले आ-आफ्नो विनियममा व्यवस्था गरेर नियामकबाट अनिवार्य रूपमा स्वीकृति गरेको हुनुपर्नेछ ।

सहकारी नियमावली, २०७५ को नियम ८० को उपनियम (१) देखि (४) सम्मका प्रावधानहरू बचत तथा ऋण बाहेकका संस्था विशेषगरी उत्पादन र बजारीकरण कार्यसँग सम्बन्धित सहकारी संस्थामा लागू हुने देखिन्छ । उपनियम (५) अनुसार बचत तथा ऋण सहकारी संस्थाको हकमा अन्तर सहकारी कारोवार सञ्चालन गर्नको लागि सम्बन्धित मन्त्रालयबाट जारी मापदण्डको सिमा भित्र रहनु पर्नेछ । हालसम्म मन्त्रालयबाट अन्तर सहकारी कारोवार सञ्चालन सम्बन्धी मापदण्ड जारी भएको अवस्था छैन । उक्त मापदण्डमा संवन्धित विषयगत संघ वा सहकारी बैंकको भूमिका निर्दिष्ट गरेको हुनुपर्ने प्रावधान छ । यो प्रावधान अनुसार वित्तीय सहकारी संस्थाहरूले अन्तर सहकारी कारोवार सञ्चालन गर्दा ती निकायबाट अनिवार्य रूपमा वित्तीय मध्यस्थता हुनुपर्ने भन्ने बुझिन्छ । जहाँसम्म अन्तर सहकारी वित्तीय कारोवारको सवाल छ, त्यसको कार्यान्वयनको लागि मन्त्रालयबाट कार्यविधि जारी हुनुपर्नेछ । यस कार्यविधिमा Clearing House को भूमिका खेल्ने निकाय स्पष्ट रूपमा उल्लेख हुनुपर्ने देखिन्छ । अन्तर सहकारी वित्तीय कारोवारमा संलग्न हुने संस्थाहरूले वित्तीय मध्यस्थताको लागि सम्बन्धित विषयगत संघ वा सहकारी बैंकको सदस्यता अनिवार्य रूपमा लिएको र बचत रकम जम्मा गरेको हुनुपर्दछ ।

## अन्तर सहकारी कारोवारको आवश्यकताः

राज्यको आर्थिक सामाजिक विकासमा सहकारीको भूमिका स्थापित गर्ने हो भने सहकारी कारोवारलाई व्यावसायिक बनाउनै पर्छ । व्यावसायिक कारोवार सञ्चालनको लागि प्रयाप्त साधनश्रोत र पुँजीको आवश्यकता पर्दछ । अर्कोतर्फ व्यावसायिक कारोवारमा हुने प्रतिस्पर्धाको लागि पनि अन्तर सहकारी सहयोगको आवश्यकता हुन्छ । अन्तर सहकारी कारोवारबाट ससाना सहकारी संस्थाहरूबीच ऐक्यवद्धता कायम गर्न, बजारमा प्रतिस्पर्धा गर्न, आर्थिक कारोवार वृद्धि गर्न र वस्तु तथा सेवाको व्यावसायिक उत्पादन, वितरण र उपभोग गर्न सहयोग पुग्ने देखिन्छ । नेपालमा स्थापित सहकारी संस्थाहरू मध्ये संख्या र कारोवारको हिसाबले बचत तथा ऋण सहकारी संस्था सबैभन्दा उच्चस्थानमा रहेकोले अन्तर सहकारी वित्तीय कारोवारलाई व्यवस्थित गर्न मन्त्रालयबाट शीघ्रातिशीघ्र कार्यविधि जारी गर्नुपर्ने देखिन्छ । यसबाट अन्तर सहकारी वित्तीय कारोवार सञ्चालनमा सहजीकरण हुने र आवश्यकता अनुसार पुँजीको प्रवाह भई तरलता व्यवस्थापन गर्न सहयोग पुग्ने देखिन्छ । यसले उपयुक्त मात्रा, समय र स्थानमा वित्तीय व्यवस्थापन गर्न सहयोग पुग्ने आशा गर्न सकिन्छ । अन्तमा सहकारीको छैटो सिद्धान्त **"अन्तर सहकारी सहयोग (Cooperation among the Cooperatives)"** को सफल कार्यान्वयन तर्फ सम्बन्धित सबैको ध्यान आकर्षण गर्न चहान्छु ।

अस्तु ।

# सिन्धुलीमा सेवाकेन्द्र विस्तार



सिन्धुलीमा नेफ्स्कूनको सेवाकेन्द्र सञ्चालनमा आएको छ । उक्त सेवाकेन्द्रको नेफ्स्कूनका अध्यक्ष परितोष पौड्यालले मंसिर १४ गते उद्घाटन गर्नुभएको हो । नेफ्स्कूनले सदस्य संस्थाको प्रवर्द्धन र विकासका लागि सिन्धुलीमा पनि सेवाकेन्द्र सञ्चालनमा ल्याएको हो । सदस्य संस्थाका प्रतिनिधिहरूको उपस्थितिमा कार्यालय उद्घाटनसँगै कारोवार सञ्चालनमा आएको हो ।

यसैबीच, सिन्धुली भ्रमणमा रहनुभएका नेफ्स्कून अध्यक्ष पौड्याल साकोस अभियानवारे समसामयिक विषयमा आयोजित अन्तरक्रिया कार्यक्रममा प्रमुख अतिथिको रूपमा समेत सहभागी हुनुएको छ । सिन्धुलीका ३० साकोसका अध्यक्ष, उपाध्यक्ष, सचिव, कोषाध्यक्ष, सञ्चालक र व्यवस्थापकहरूसँग अन्तरक्रिया कार्यक्रम सम्पन्न भएको हो ।

कार्यक्रममा नेफ्स्कूनका सञ्चालक सदस्य जिवसराज खड्का, जिल्ला बचत तथा ऋण सहकारी संघ सिन्धुलीका अध्यक्ष बल कुमारी श्रेष्ठ, नेफ्स्कून सदस्य सेवा विभाग प्रमुख दुर्गा प्रसाद ढकाल लगायतको आतिथ्यता रहेको थियो । प्रमुख व्यक्तित्व संघका अध्यक्ष परितोष पौड्यालले नेपालको सबै भन्दा ठूलो सञ्जाल बचत तथा ऋण सहकारीहरू रहेकोले साकोस अभियानले उद्यमशिलता विकासका लागि काम गर्नु पर्ने बताउनुभयो । उहाँले छाताले तब मात्र काम गर्छ जब छाता समाउने मान्छेले बलियो गरि पकडिन्छ, छातालाई कमजोर सँग समायौ भने छाताले पनि ओत दिन नसक्ने बताउनुयो ।

कार्यक्रममा जिल्ला बचत संघकी अध्यक्ष श्रेष्ठले शुभकामना मन्तव्य राख्नु भएको थियो भने नेफ्स्कूनका सञ्चालक जिवसराज खड्काले प्रतिवद्धता मन्तव्य राख्नु भएको थियो ।

# सिरहा नगरपालिकासँग आधारशिला कार्यक्रम कार्यान्वयन सम्झौता



प्रदेश नं. २ को पूर्वि तराई जिल्लाले परिचित सिरहाको सिरहा नगरपालिका र नेफस्कूनबीच आधारशिला कार्यक्रम कार्यान्वयन सम्झौता भएको छ । मंसिर २४ गते शुक्रबार नगरपालिकाको कार्यालयमा आयोजित एक संक्षिप्त कार्यक्रमका बीच सम्झौता हस्ताक्षर तथा आदानप्रदान सम्पन्न भएको हो ।

कार्यक्रममा नेफ्स्कूनका कार्यक्रम अधिकृत गौतम शाह र सिरहा नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत बलिराम यादव साथै प्राविधिक अधिकृत प्रमेश्वर यादवले आधारशिला कार्यक्रमको सम्झौता आदानप्रदान गर्नुभएको हो ।

नेफ्स्कूनले गत वर्षदेखि सुरुवात गरेको आधारिशिला कार्यक्रमको उद्देश्य स्थानीय तहसँगको सहकार्य तथा साझेदारीमा स्थानीय सहकारीहरूको प्रर्वधन तथा व्यावसायिक विकास कार्यक्रममार्फत पहुँच वृद्धि गर्ने, ती संस्थाहरूको दीगो संस्थागत विकासमा सहयोग तथा सहजीकरण गर्ने, सहकारी शिक्षा तथा तालिममार्फत क्षमता अभिवृद्धि गर्ने, उद्यमशीलता विकास प्रवर्द्धनमा सहयोग तथा सहजीकरण गर्ने र सहकारी सञ्जालमा आवद्धतामार्फत सुशासन सुनिश्चितताका लागि सहजीकरण गर्ने लगायतका रहेका छन् ।

सम्झौता अनुसार नगरपालिका भित्र सञ्चालित सबै प्रकृतिका सहकारीहरूको जागरण, प्रवर्द्धन र सञ्जालीकरण विकास मार्फत सहकारीको सवलीकरण र सुदृढीकरणको अभ्यासमा नेफ्स्कूनले प्राविधिक सहयोग तथा सहजीकरण गर्नेछ ।



बचत तथा ऋण सहकारी संस्थासम्बन्धी

# स्थिरीकरण कोष

# बचत तथा ऋण सहकारी अभियानको कोषेढुङ्गा : सन्दर्भ, अपेक्षा र योजनाहरु

– **दुर्गा प्रसाद ढकाल,** विभागिय प्रमुख, नेफ्स्कून

बचत तथा ऋण सहकारी अभियानमा सहकारी ऐन २०७४ मार्फत नयाँ आयमको रूपमा अभियानले प्राप्त गरेको स्थिरीकरण कोष लामो प्रतिक्षाको विषय थियो । बचत तथा ऋण सहकारीहरूको गुणात्मक विकासको आधार स्थिरीकरण कोष हो । बचत तथा ऋण सहकारीहरूमा समय समयमा देखिने संकट व्यवस्थापन गर्न अभियानको सहभागितामा विकास हुने ऐतिहासिक पृष्ठभूमि रहेको स्थिरीकरण कोष हाम्रो अभियानमा नीतिगत रूपमा सहकारी ऐन तथा नियमावलीले नीतिगत वातावरण प्रदान गरेको छ । बचत तथा ऋण सहकारीमा संकट सामान्य कुरा हो तर त्यसको असर संस्था र सदस्यहरूमा पर्न दिनु हुँदैन । संकट पनि सबैलाई एकै समयमा पर्दैन । त्यसैले बचत तथा ऋण सहकारीहरूमा आउने संकट "एकका लागि सबै, सबैका लागि एक" को अवधारणामा रहेर थोरैलाई परेको संकट धेरै मिलेर समाधान गर्न सकिन्छ भन्ने मुल भावमा स्थापन भएको पाइन्छ । सफल रूपमा कार्यान्वयन भएका देशहरूमा स्थिरीकरण कोष संकटपछि भावी संकट समाधान गर्न अभियानको अग्रसरतामा स्थापान भइ अभियान कै व्यवस्थापनमा सञ्चालनमा रहेको पाइन्छ ।

नेपालको बचत तथा ऋण सहकारी अभियानको संख्यात्मक विकास भएको सत्य हो । आज कुल सहकारीमा आवद्ध सदस्य र सहकारीको संख्याको अनुपात हेर्दा प्रति सहकारी सदस्यता दुई सय पचास जना भन्दा कम रहनुले अभियानको वास्तविकता झल्कन्छ र हरेक वर्ष एक सय भन्दा बढी सहकारीका सञ्चालकहरू सहकारी बन्द गरेर सम्पर्क बाहिर गएको समाचारहरू सामान्य भएको छ । बचत तथा ऋण सहकारी सरकारको प्राथमिकतामा परेको छैन ।

> **बचत तथा ऋण सहकारी अभियानको संरक्षणको दायित्व सबै अभियानकर्मीहरूको हो । यसको व्यवहारिक अभ्यास भनेको स्थिरीकरण कोष नै हो । कोषको स्थापना गरी अभियानको संरक्षण गर्नु र बचत ऋण सहकारी मार्फत सदस्यहरूको आर्थिक, समाजिक तथा सांस्कृतिक विकासमा सक्रिय रहनु आजको आवश्यकता हो ।**

सुपरीवेक्षण तथा नियमन अत्यन्त कमजोर छ । यसको समाधान दिन सकिने गरी अभियानको पनि सक्षमता विकास हुन पनि सकेको छैन । सहकारीको मुल मर्म एकका लागि सबै र सबैका लागि एक भन्ने भावना व्यवहारमा ज्यादै कमजोर देखिएको छ । सहकारीहरूमा सुशासनको स्तर ज्यादै न्यून देखिनुले जनविश्वास कमजोर बन्ने संकेत देखिएको छ । यसबाट बचत तथा ऋण सहकारीहरूको गुणात्मक सुधार आजको आवश्यकता हो । बचत तथा ऋण सहकारीहरूको कारोवार प्रविधिमा आधारित बन्दै गएको र प्रविधिको जोखिम अत्याधिक रहनुले पनि आजको बचत तथा ऋण सहकारी अभियानको सुरक्षा र प्रवर्द्धन सबैको सरोकारको विषय बनेको छ ।

सहकारी ऐन २०७४ को दफा १०३ ले बचत तथा ऋण सहकारीहरूको विषयगत केन्द्रीय संघमा रहने गरी खडा हुने स्थिरीकरण कोषको कल्पना गरेको छ । कोषमा सरोकारवालाहरू सहकारी विभाग, भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय, अर्थ मन्त्रालय, नेपाल राष्ट्र बैंक तथा सहकारी अभियानका उच्च संघ तथा संस्थाहरूको सहभागिता रहेको छ । सामान्य अर्थमा भन्दा स्थिरीकरण कोषको हालको संरचना अभियान र सरकारको सहकार्यको नमुना ढाँचाको रूपमा स्वीकार गर्न सकिन्छ । कोषमा योगदान गर्ने बचत तथा ऋण सहकारीहरू मध्येबाट दुई जनाको सहभागितामा कोष व्यवस्थापनको कल्पाना सहकारी ऐनले गरेको छ । सहकारी ऐनले स्थिरीकरण कोषलाई ऐच्छिक सहभागिताको विषय बनाउनु नै कोष स्थापाना र विकासको चुनौतीको रूपमा देखिएको छ । अवधारणागत रूपमा वृहत सुरक्षा र विकासको अवधारणामा काम गर्ने स्थिरीकरण कोष खडा हुन समय लाग्नु र सकोकारवालाहरूको आवाज एउटै हुन नसक्नुले बचत तथा ऋण



सहकारी अभियानमा ठूलो क्षति पुगेको छ । बचत तथा ऋण सहकारी अभियानको संरक्षणको दायित्व सबै अभियानकर्मीहरूको हो । यसको व्यवहारिक अभ्यास भनेको स्थिरीकरण कोष नै हो । कोषको स्थापना गरी अभियानको संरक्षण गर्नु र बचत ऋण सहकारी मार्फत सदस्यहरूको आर्थिक, समाजिक तथा सांस्कृतिक विकासमा सक्रिय रहनु आजको आवश्यकता हो ।

## अभियान प्रतिको जवाफदेहिता र उत्तरदायित्व

बचत तथा ऋण सहकारी अभियानमा एउटा संस्थालाई संकट पर्दा अर्को संस्थाले पनि छवीको समस्या सामना गर्नु सामान्य कुरा हो । हरेक दिन हरेक वर्ष बचत तथा ऋण सहकारीहरू समस्यामा परेको, बन्द गर्नु परेको समाचार सामान्य भएको छ । बचत तथा ऋण सहकारीको सेवा अति आवश्यक सेवा हो तर महामारी वा विपद वा बृहत अर्थतन्त्रका समस्या आदिका कारण समस्यामा परि रहेको छ तर कुनै पनि सहकारीले यसको संवेदनशिलतालाई स्वीकार गरेको छैन । आफु मात्र भन्ने भावनाले व्यवसायिक लाभमा केन्द्रित भएको हो की भन्ने भावना देखिन्छ । समस्या आएपछि केही गर्न सकिँदैन । संकट कसलाई कहिले आउँछ भन्न सकिँदैन । संरक्षणात्मक अन्य उपायहरू छैन । अभियानले प्राप्त गरेको भनेको स्थिरीकरण कोष नै हो । त्यसैले स्थिरीकरण कोष स्थापना र सञ्चालन गर्नु अभियानको दायित्व हो । किनकी कोषले आवद्ध संस्थालाई बन्द हुनबाट जोगाउन सक्छ । यसका लागि सबै बचत तथा ऋण अभियानकर्मीहरू अभियान प्रति जवाफदेही र उत्तरदायी हुन आवश्यक छ । यस्तो जवाफदेहीता मुखमा होइन व्यवहारमा देखिन आवश्यक छ । अभियानकर्मीलाई सहकारीता सिकाउन र सहकारीलाई दीगो बनाउन जिम्मेवार बनाउन स्थिरीकरण कोष अचुक उपाय हुन सक्दछ ।

बचत तथा ऋण सहकारीहरूको संरक्षणले मात्र सदस्यहरूको बचत सुरक्षित हुन सक्दछ । यदी संस्था नै नरहे सदस्यहरूको बचत फिर्ता हुने सम्भावना नै हुँदैन र आवद्ध सञ्चालक तथा कर्मचारीहरूको पनि सामाजिक तथा आर्थिक सबै क्षेत्रमा समस्या सिर्जना हुने हुनाले बचत तथा ऋण सहकारी संस्था बन्द हुँदा आफ्नै समस्याको रूपमा संवेदनशील हुन र त्यसको समाधानको लागि कोषमा योगदानको थालनी गर्नु आवश्यक छ । आज कोष सञ्चालनमा आउने चरणमा छ । यसलाई प्रतिफल र व्यावसायिक सोच भन्दा सहायोग र सहकार्यको रूपमा स्थापित गरी अभियान प्रतिको जिम्मेवारी पुरा गर्न र कुनै पनि बचत तथा ऋण सहकारी बन्द हुनबाट रोक्नु पर्दछ । यसो गर्न सकिएन भने अभियानको संरक्षण सम्भव छैन ।

## स्थिरीकरण कोषः अभियानको जगेडा कोष

बचत तथा ऋण सहकारी संस्था सम्बन्धी स्थिरीकरण कोष अभियानको जगेडा कोषको अवधारणामा कानुनमा स्वीकार गरिएको छ । कोषलाई बचत तथा ऋण केन्द्रीय विषयगत संघमा रहने व्यवस्था नै यसको उदाहरण हो । संस्थामा रहेको जगेडा कोषले संस्थाको तरलता व्यवस्थापन र नकमाउने सम्पत्तीमा भएको उपयोगको सन्तुलनमा काम गर्दछ भने स्थिरीकरण कोषमा भएको श्रोतले पनि सबै आवद्ध संघ संस्थाहरूको तरलता व्यवस्थापनमा सन्तुलन कायम राख्न अवश्यक सहयोग गर्दछ । सबै सदस्यहरूमा एकै दिन तरलता संकट पनि पर्दैन र संकट नपरेको समय अवधि पनि हुँदैन । बचत तथा ऋण सहकारीहरूको अकाल मृत्युबाट बचाउने यो कोष अभियानमा क्रियाशिल सबै बचत तथा ऋण सहकारीहरूको सहभागितामा अपरिहार्य छ । आज अभियानका एक संस्थामा समस्या आउँदा अर्को संस्थाले सहयोग गर्ने नीतिगत वातावरण तयार भएको छ । स्थिरीकरण कोषमा गरिएको योगदानमा ब्याजको अपेक्षा गरिएको छैन जसरी संस्थामा रहेको कोषमा पनि ब्याज खर्चको अपेक्षा गरिएको छैन । जगेडा कोष खुद बचतपछिको आम्दानीबाट जाने व्यवस्था जस्तै स्थिरीकरण कोषमा पनि खुद बचतपछि मात्र योगदान गर्नु पर्ने नीतिगत व्यवस्था गरिएको छ ।

बचत तथा ऋण सहकारीको कारोवार जन विश्वासमा अडिएको हुन्छ । समान्यतया हरेक व्याक्तिले सबै भन्दा सुरक्षित संस्थासँग कारोवार गर्न चाहन्छ । सुरक्षाको उपाय भनेको स्थिरीकरण कोषमा आवद्धता नै हो । यो कोषले कुनै पनि बचत तथा ऋण

सहकारीलाई अकाल मृत्यूमा जान दिँदैन जसले कोषमा योगदान गरेको छ । सामान्यतया आम्दानी भएको समयमा जोखिमका लागि ऐक्यवद्धता जनाउने कोष नै स्थिरीकरण कोष हो । स्थिरीकरण कोषबाट सेवा लिन पनि कुनै ब्याजको कल्पना गरिएको छैन । यसबाट के भन्न सकिन्छ भने स्थिरीरकण कोष अभियानको जगेडा कोष हो ।

## स्थिरीकरण कोषको अवस्था र अभियानको अपेक्षा

बचत तथा ऋण सहकारी अभियानको अपेक्षा भनेको योगदान रकमको संरक्षण र बचत तथा ऋण सहकारीहरूको प्रजातान्त्रिक नियन्त्रण प्रणाली स्थापन हो । यसको लागि त हालको उपलब्ध कानुनी वातावरण अनुसार कोष सञ्चालन हुन आवश्यक छ । कोष स्थापनाका लागि बचत तथा ऋण सहकारी अभियानबाट कम्तीम दश करोड योगदान संकलन हुन आवश्यक छ तर हालसम्म कोषमा संकलन भएको योगदान रकमको विवरण यस प्रकार रहेको छ ।

## स्थिरीकरण कोषमा योगदान संकलन विवरण

| विवरण | अवस्था |
|---|---|
| हालसम्म योगदान गर्ने संघ संस्थाहरू | १८१ |
| आ.व. २०७६/७७ को खुद बचतबाट संकलन भएको योगदान रकम | ५,२६,६९,३२५.५१ |
| यस आ.व. २०७७/७८ को खुद बचतबाट संकलन भएको योगदान रकम | ६२,१६,१८६.४९ |
| हालसम्म जम्मा भएको योगदान रकम | ५,८८,८५,५१२ |

कोष खडा गर्न प्रारम्भिक भेलाबाट निर्णय भइ सकेको छ । कोषमा योगदान गर्नेहरूको प्रथम वार्षिक परामर्श बैठक सम्पन्न भएको छ । कोष सञ्चालन समितिको दशवटा बैठक सम्पन्न भइ सकेको छ तर दश करोड योगदान संकलन हुन बाँकी रहेकोले कोषका सेवाहरू शुरू हुन सकेको छैन । नेपालमा बचत तथा ऋण सहकारीहरूको संख्या बढी छ । बचत तथा ऋण सहकारीहरूमा कोषको व्यवस्था पनि भएको छ तर लेखापरीक्षण प्रतिवेदनमा व्यवस्था गरिएको योगदान रकम कोष आउन ढिला भएको छ । यसले कोषलाई होइन बचत तथा ऋण सहकारी अभियानलाई कमजोर बनाएको छ । सुरक्षित बचत तथा ऋण सहकारी अभियानको महान कार्यपछि परेको छ ।


## कोषको भावी योजनाहरू

बचत तथा ऋण सहकारी संस्थाहरूको संरक्षणको थालनीको चरणमा कोष रहेको छ । कोषले अभियानको संरक्षणका लागि तपसिल बमोजिमको योजना अघि सारेको छ ।

- बचत तथा ऋण सहकारी संस्थासम्बन्धी स्थिरीकरण कोष खडा गर्न सहकारी नियमावली, २०७५ को नियम ७४ को उपनियम ४ बमोजिम आवश्यक रू. दश करोड योगदान पुरा गरी हाल उपलब्ध कानुनी वातावरण अनुसार स्थिरीकरण कोषका सेवाहरू शुरू गर्ने,
- कोष सञ्चालनका लागि आवश्यक आन्तरिक कार्यविधिहरू तयार गरी मन्त्रालयबाट स्वीकृति गराई कार्यान्वयन गर्ने,
- बचत तथा ऋण सहकारी संस्थासम्बन्धी स्थिरीकरण कोष स्थापना तथा सञ्चालन कार्यविधि, २०७६ बमोजिम सापटी कार्यक्रम शुरूवात गर्ने,
- कोषमा आवद्ध संस्थाहरूको सुपरीवेक्षण वा प्रमाणीकरण कार्यक्रमका लागि नेपाल बचत तथा ऋण केन्द्रीय सहकारी संघ लिमिटेडले कार्यान्वयन गरेको कार्यक्रममा सहकार्य गर्ने,
- कोषको दैनीक कार्य सञ्चालनका लागि आवश्यक पर्ने कार्यालय व्यवस्था गरी कोष व्यवस्थापनलाई प्रभावकारी बनाउने,
- कोषको लेखा, सहभागिता, सापटी र जोखिम व्यवस्थापन गर्नका लागि आवश्यक प्रविधिक प्रणालीको विकास गर्ने,
- बचत तथा ऋण सहकारी संस्थासम्बन्धी स्थिरीकरण कोष स्थापना तथा सञ्चालनसम्बन्धी कार्यविधिमा अभियानमैत्री संशोधन गर्ने,
- बचत तथा ऋण सहकारी संस्थासम्बन्धी स्थिरीकरण कोषमा आवद्धता प्रवर्द्धन गर्न अभिमुखिकरण तथा अन्य प्रवर्द्धनात्मक कार्यक्रम सञ्चालन गर्ने,
- रणनीतिक व्यवसायिक योजना निर्माण गर्ने,
- कोषको व्यवस्थापन संरचना परिभाषित गरी कोष व्यवस्थापनलाई प्रभावकारी सञ्चालन गर्न आवश्यक मानव संसाधनको व्यवस्थापन गर्ने,
- अनुभव आदान प्रदान तथा सिकाई कार्यक्रमहरूको सञ्चालन गर्ने र
- कोष सञ्चालनका लागि आवश्यक अभिलेख ढाँचाहरू तयार गरी कार्यान्वयन गर्ने ।

## अन्त्यमा

बचत तथा ऋण सहकारीहरूको संरक्षणको एक मात्र उपाय स्थिरीरकण कोषमा योगदान गरी सहकारी अभियानको संरक्षण गर्नु सहकारी अभियानकर्मीहरूको दायित्व हो । बचत तथा ऋण सहकारी संस्था बन्द भएको समाचार पढेर दायित्व पुरा हुँदैन यसका लागि कोषको सेवा शुरू गर्न योगादान गर्नु पर्दछ । खुलेर योगादन गरौं र बचत तथा ऋण सहकारी संस्थाहरूको हित प्रवर्द्धनमा सहकार्यका लागि लागौं । सामना शक्ति विकासका लागि सद्भावपूर्ण सहकार्यको उदाहरण स्थिरीकरण कोष हुन सक्दछ ।




# महासंघकी महाप्रबन्धक सुब्बाको पहिलो पुस्तक "सहकारीमा २५ वर्ष : भोगाई र अनुभूति" विमोचित

राष्ट्रिय सहकारी महासंघकी पहिलो महिला महाप्रबन्धक चित्राकुमारी थाम्सुहाङ् सुब्बाद्वारा लिखित पहिलो पुस्तक 'सहकारीमा २५ वर्ष भोगाई र अनुभूति' विमोचन भएको छ । नेपालका सहकारीहरूको शीर्षस्थ निकाय राष्ट्रिय सहकारी महासंघको २९ औं वार्षिक साधारण सभाको अवसरमा प्रमुख अतिथि भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्री शशी श्रेष्ठले पुस्तक बिमोचन गर्नुभएको थियो । महाप्रबन्धक सुब्बाले प्रकाशन गर्नुभएको पुस्तकमा सहकारी महासंघमा सुब्बाको २५ वर्षे यात्रा समेटिएको छ । लेखक सुब्बाले पुस्तक बिक्रीबाट प्राप्त रकमको १० प्रतिशत राष्ट्रिय सहकारी महासंघको सहकारी विकास कोषमा प्रदान गर्ने घोषणा समेत गर्नुभएको छ ।

❑ ❑ ❑

# सहकारी पत्रकार समाजको अध्यक्षमा काजी श्रेष्ठ



नेपाल सहकारी पत्रकार समाज (सिजेएन) को अध्यक्षमा काजी श्रेष्ठ निर्वाचित हुनुभएको छ । सिजेएनको पुस २३ गते सम्पन्न ११औं वार्षिक साधारणसभाबाट आगामी २ वर्षे कार्यकालका लागि सहकारी खबर डटकमका सम्पादक श्रेष्ठ निर्विरोध अध्यक्ष निर्वाचित हुनुभएको हो । उपाध्यक्षमा तुलसी सुवेदी, सचिवमा अर्जुन खतिवडा, कोषाध्यक्षमा प्रयास श्रेष्ठ, सहसचिवमा भेषराज बेल्वासे तथा सदस्यहरूमा सन्तोष रोकाया र सुधा देवकोटा निर्वाचित हुनुभएको छ । यसैबीच पुस २७ गते नेफ्स्कूनले सिजेएनका नवनिर्वाचित कार्यसमितिलाई बधाई एवम शुभकामना कार्यक्रमको आयोजना गरेको थियो । संघको कार्यालयमा आयोजित बधाई एवम् शुभकामना कार्यक्रममा संघका अध्यक्ष परितोष पौड्याल, बरिष्ठ उपाध्यक्ष चन्द्रप्रसाद ढकाल, सञ्चालक समिति सदस्यहरू लगायत विभागीय प्रमुखहरूको उपस्थिति थियो । सिजेएन सहकारी क्षेत्रमा कलम चलाउने ७० जना भन्दा बढी पत्रकारहरूको छाता संगठन हो ।



# नेफ्स्कून साकोस म्यानेजर्स क्लबः वित्तीय संस्थामा थिङ्क ट्यांक

–**दिपक बस्नेत,** संयोजक, नेफ्स्कून साकोस म्यानेजर्स क्लब

**हामी साकोस अभियानलाई अन्तर्राष्ट्रिय रूपमा उच्च बनाउने अभियानमा छौं ।**

आर्थिक मन्दी होस् वा प्राकृतिक विपद् । गरिब हुन वा धनी । उत्पादक हुन वा उपभोक्ता । व्यापारी हुन वा उद्योगी । नियमित जागिरे हुन वा आंशिक । महिला वा पुरुष । सबैलाई समेट्न सक्ने । सबैलाई उस्तै सेवा प्रदान गर्न सक्ने आर्थिक, सामाजिक र सांस्कृतिक रूपान्तरणको उदारहण बनेको छ बचत तथा ऋण सहकारी संस्था । नेपालमा बचत तथा ऋण सहकारी भनिए पनि अन्य देशमा यसको नाम फरक छ ।

विश्वका १०५ देशमा दुई सय सत्र मिलियन सदस्य बचत तथा ऋण सहकारीका सदस्य छन् । बिल्कुल रूपमा समुदायमा आधारित वित्तीय सेवा प्रवाह गर्ने व्यावसायिक संगठनका रूपमा बचत तथा ऋण सहकारीले पहिचान बनाएको छ । सानो सानो लगानीबाट स्थानीय स्रोत साधनको परिचालन गरी व्यक्ति (सदस्य) र समूहका सदस्यको आयआर्जनमा सहयोग गरेकैले बचत तथा ऋण सहकारीको पहिचान फरक ढंगले स्थापित भएको छ । प्रजातान्त्रिक नियन्त्रणको उदाहरण बनेको बचत तथा ऋण सहकारीले आर्थिक, सामाजिक र सांस्कृतिक मात्र होइन राजनीतिक रूपान्तरणमा पनि सहयोग गरेको छ । धेरै सदस्यको उपस्थितिमा नीति, नियम बन्नु, संस्थागत विकासका योजना तथा प्रस्ताव वार्षिक साधारण सभाबाट पास हुनु । सर्वसम्मत वा मतदान प्रक्रिया जे भएपनि साधारण सभाबाट नै नेतृत्व छानिनु । बचत तथा ऋण सहकारी संस्थाको पहिचान हो । ग्रामीण क्षेत्र जहाँ बैंक तथा वित्तीय संस्थाको पहुँच छैन त्यस्ता स्थानमा बचत तथा ऋण सहकारीको उपस्थितिले सर्वसाधारणको जीवनस्तरलाई कायपलट गरिदिएको छ । स्वीकार्नु नस्वीकार्नु फरक कुरा हो । नेपालका अधिकांश व्यापारी तथा उद्यागीहरू पनि कुनै न कुनै रूपका सहकारीबाट लाभान्वित हुँदै वाणिज्य बैंक तथा वित्तीय संस्थाको पहुँचमा पुगेका हुन् । नेपालमा समस्याग्रस्त भनिएका वा बनाइएका सहकारीका सञ्चालकहरू र उनीहरूको सम्पर्कमा रहेका व्यक्तिहरूले त्यो बेला राम्रै सुविधा ती सहकारीबाट लिएका थिए । आम्दानीका विभिन्न स्रोत पहिचान भएपछि कतिले सहकारीलाई चटक्कै छाडेका त कतिले अहिले पनि कारोवार गरेकै देखिन्छ । अनुत्पादक तथा ठूलो पुँजी लगानीबाट सञ्चालित व्यापार व्यवसायले अपेक्षित प्रतिफल दिन नसक्दा सहकारीका सदस्यको बचत फिर्ता गर्न नसक्ने अवस्था सिर्जना भएको हो । त्यसको नियमन तत्कालिन अवस्थामा नै कमजोर भएकाले आज पनि सहकारी भन्ने वित्तिकै ठगी गर्ने वा सञ्चालक कर्मचारीको मनोमानीमा चलेको व्यवसायका रूपमा चिनिन्छ । त्यसैले देशभरिका बचत तथा ऋण सहकारीले त्यस कुरालाई चिर्नु छ । नीति, विधि र प्रविधि अन्तर्गत प्रणालीगत रूपमा बचत तथा ऋण सहकारी सञ्चालन छन् भन्ने कुराको सन्देश दिन पनि साकोस अभियानमा केही रूपान्तरणको आवश्यकता छ । सहकारी ऐन, २०४८ मा सहकारीलाई प्रवर्द्धन गर्ने र सदस्यको नियन्त्रणमा संस्था सञ्चालन गर्ने कुरालाई जोडी दिइएको थियो । सहकारी ऐन भएको लचकताको नाजायज फाइदा लिदैं सयौंको संख्यामा गठन भएका सहकारीहरू खरिद बिक्रीमा समेत परिणत भए । त्यसलाई नियन्त्रण गर्दै सहकारीको मर्म अनुसार सञ्चालन गर्न सहकारी ऐन २०७४ लागू भएको छ भने सरकारी संयन्त्रलाई पनि प्रविधियुक्त बनाउँदै थप सशक्त बनाइएको छ । त्यतिमात्र होइन साकोसहरूको छाता संगठन नेफ्स्कूनले गुणस्तर सुनिश्चितताका लागि विभिन्न नियन्त्रणात्मक विधिको अभ्यास गरिरहेको छ । एसियाली ऋण महासंघसँगको सहयोगमा एक्सेस र सहकारी विभागसँगको सहयोगमा प्रोबेसनको प्रयोगलाई व्यापक बनाएको छ भने कर्ब्स कार्यक्रम मार्फत सदस्य संस्थालाई सही दिशानिर्देश गर्ने अभियानको थालनी गरेको छ ।

साकोस अभियानमा रहेका जनशक्तिलाई दक्ष र प्रतिस्पर्धी बनाउँदै अभियानमा आउने विभिन्न चुनौतीको सामना गर्दै रणनीतिक रूपमा सफल हुनका लागि ज्ञान व्यवस्थापनका रूपमा साकोसका प्रमुख कार्यकारी

अधिकृत तथा व्यवस्थापकहरूलाई साझा मञ्चका रूपमा नेफ्स्कून साकोस म्यानेजर्स क्लबको परिकल्पना सहित नेफेस्कूनले क्लब सञ्चालन तथा व्यवस्थापनका लागि कार्यविधि पनि जारी गरेको छ । कार्यविधि अनुसार क्लब क्रियाशिल छ । नेफ्स्कूनको दीर्घकालिन लक्ष्य सहित साकोस अभियानका साझा मुद्दामा बहस पैरबी गर्दै कार्यान्वयनमा सहयोग गर्ने उद्देश्य क्लबको हो । अबको एक वर्षमा क्लबले साकोस अभियानमा उदय भएका नयाँ विषयहरू र आउन सक्ने जोखिम तथा अवसरलाई सदुपयोग गर्ने हिसाबले कार्य गर्नेछ ।

## क्लब नेफ्स्कूनको थिंक ट्यांकका रूपमा अघि बढ्नेछ:

साकोस अभियानलाई सफल बनाउनका लागि नेफ्स्कूनले थिंक ट्यांकका रूपमा म्यानेजर्स क्लबलाई अघि सारेको हो । खास गरी थिंक ट्याकको अवधारणा कुनै विषय वा क्षेत्रको प्रभावकारिता र दक्षता अभिवृद्धि गर्नका लागि आवश्यक अनुसन्धान, बहस, पैरबी, प्रकाशन तथा विचार विनियम गर्ने माध्यमका रूपमा विकास गरिएको हो । सामाजिक-सांस्कृतिक, आर्थिक, राजनीतिक, रणनीतिक तथा प्राविधिक नीति माथिको गहन अध्ययन तथा अनुसन्धानबाट ठोस निर्णयमा पुग्नका लागि थिंक ट्यांकको प्रयोग भएको पाइन्छ ।

विश्वमा थिंक ट्यांकका रूपमा काम गरिरहेका संस्थाका रूपमा CSIS, Economic Policy Institute (EPI), Concil on Foreign Relation, The Heritage Foundation, Peterson Institute for International, American Enterprise Institute, Japan Institute of International Affairs लाई लिन सकिन्छ । नेपालमा पनि विपद् जोखिम व्यवस्थापन, द्वन्द्व, शान्ति तथा सुरक्षा सम्बन्धमा केही संस्थाले थिंक ट्यांकका रूपमा काम गरेको पाइन्छ । नेपाल स्थित बैंक, वित्तीय संस्था तथा अन्य राष्ट्रिय/अन्तर्राष्ट्रिय संस्थाले परामर्श सेवाका लागि आन्तरिक तथा बाह्य रूपमा विज्ञ सेवा प्रयोग गरेको देखिन्छ । परामर्शदाताको सहयोगमा अल्पकालिन तथा दीर्घकालिन योजना निर्माणदेखि रणनीति परिमार्जनसम्म गरेको देखिन्छ ।

सोही अनुसार नेपालको बचत तथा ऋण सहकारी अभियानमा पनि थिंक ट्यांकको अवधारणालाई संस्थागत गर्न खोजिएको हो । संख्यात्मक रूपमा सञ्चालन भएका बचत तथा ऋण सहकारीमा प्रथमतः शेयर सदस्यको पैसाको सुरक्षा, प्रतिस्पर्धी प्रतिफलको निरन्तरता, निर्यातजन्य वस्तु वा सेवाको उत्पादन बजारीकरण, सामाजिक तथा सांस्कृतिक रूपान्तरणमा गरेको योगदान, सम्मानजनक रोजगारीको सुनिश्चितता, सक्षम तथा दुरदर्शी सञ्चालक, ग्रामीण तथा राष्ट्रिय अर्थतन्त्रमा पुर्‍याएको योगदान र प्रचललित ऐनकानुनको पालना सम्बन्धमा गहन अध्ययन गरी नेपालको साकोस अभियानमा पुर्नसंरचना तथा सबलीकरण आवश्यक छ । यो जिम्मेवारीका लागि नेफ्स्कून साकोस म्यानजर्स क्लबलाई संस्थागत गर्नु आवश्यक छ । प्रतिस्पर्धात्मक युगमा प्रवाह हुने सेवासुविधामा एकरूपता, गुणस्तर र भरपर्दो सेवा, सेवामा सेवाग्राही/शेयर सदस्यको सहज पहुँच, पेशेवार जनशक्ति र प्रविधिको व्यापकता साकोस अभियानका लागि अति आवश्यक तत्वहरू हुन भने स्वयम् सेयर सदस्य जसलाई मालिक, लगानीकर्ता, संरक्षक वा लाभग्राही जुन शब्दले सम्बोधन गरेपनि उनीहरूको योगदानले मात्र साकोस अभियान सफल हुन सक्छ । यस सम्बन्धमा केही अध्ययन अनुसन्धान भएपनि हालसम्म ठोस रूपमा काम हुन सकेको छैन । त्यसैले पनि साकोस अभियानको छाता संगठन नेफ्स्कूनले यस सम्बन्धमा दीर्घकालिन रणनीति निर्माण गरी यसमा काम गर्नु आवश्यक छ । नेफ्स्कूनमा आवद्ध चारहजार साकोसका साकोसै पिच्छेको सेवासुविधा, प्रविधि प्रयोग, कर्मचारी व्यवस्थापन, सञ्चालक निर्वाचित हुने विधि, लगानी नीति आदिमा विविधता हुनुले पनि साकोस अभियानमा टिकाटिप्पणी र अविश्वास बढेको छ । साकोस अभियानमा उब्जेका मुद्दाहरू माथिको मिहिन अध्ययन अनुसन्धान गरी आवश्यक रणनीति निर्माणका विकल्पहरू लिनका लागि नेफ्स्कूनले साकोस म्यानेजर्स क्लबलाई थिंक ट्यांकमा रूपमा प्रयोग गर्ने अवधारणा अघि सारेको हो । हाल क्लबले साकोस अभियानमा भरपर्दो प्रविधि, दक्ष जनशक्ति व्यवस्थापनसँगै उनीहरूको स्थायित्व, वित्तीय प्रतिस्पर्धामा अब्बल सेवासुविधाको प्रयोगमार्फत सुरक्षित संस्था र विश्वअर्थतन्त्रमा उदाउँदा विषयमा बहस पैरवी गर्ने योजना निर्माण गरेका छौं । त्यसमा साकोस अभियानलाई सफल बनाउन प्रतिवद्ध प्रमुख कार्यकारी अधिकृत/व्यवस्थापक, सञ्चालक समिति लगायत सहकारी अभियानका अगुवा, पुर्वजहरूको समेत सहयोगको अपेक्षा गरेका छौं भने नेफ्स्कूनले नियमित कार्यक्रमका रूपमा मात्र होइन अभियानको गतिमा तिब्रता र राष्ट्रिय अर्थतन्त्रमा साकोस अभियानको योगदानमा उल्लेख्य वृद्धिका लागि समेत ठोस निर्णय गरी नेफ्स्कून साकोस म्यानेजर्स क्लबलाई चलायनमान बनाउनेमा विश्वस्त छौं ।

❑ ❑ ❑

# ललितपुर साकोस समिट २०७८ सम्पन्न




चौथो ललितपुर साकोस समिट २०७८ मंसिर १० गते गोदावरीमा सम्पन्न भएको छ । ललितपुर जिल्ला बचत तथा ऋण सहकारी संघ लि.को आयोजनामा मंसिर ८ गतेदेखि सुरू सम्मेलनको उद्घाटन उपराष्ट्रपति नन्दबहादुर पुन (पासाङ) ले गर्नुभएको थियो ।

जिल्ला बचत संघका अध्यक्ष रामहरि बजगाईको अध्यक्षतामा सम्पन्न उद्घाटन सत्रमा उर्जा, जलस्रोत तथा सिँचाई मन्त्री पम्फा भूषाल, राष्ट्रिय सहकारी महासंघ लि. नेपालका अध्यक्ष मिनराज कडेल, पूर्व मन्त्री एवम् राष्ट्रिय सहकारी महासंघ लि. का संस्थापक अध्यक्ष दिपक प्रकाश बाँस्कोटा, नेपाल बचत तथा ऋण केन्द्रीय सहकारी संघ लि. का अध्यक्ष परितोष पौड्याल, कोषाध्यक्ष दिपक पनेरू, राष्ट्रिय सहकारी बैंकका अध्यक्ष केबी उप्रेती, ललितपुरका विभिन्न क्षेत्रका संघीय सांसदहरू, स्थानीय निकायका मेयर, अध्यक्षहरू, सहकारी शाखा प्रमुखहरूसँगै जिल्लाभरका बचत तथा ऋण सहकारी संस्थाका सहभागीहरू लगायतको उपस्थिति थियो ।

उपराष्ट्रपति नन्दबहादुर पुनले संवैधानिक मान्यता प्राप्त सहकारी क्षेत्रलाई राज्यले प्रोत्साहन गरेको बताउँदै थप प्रोत्साहनको आवश्यकतामा जोड दिनुभयो । उहाँले सहकारी अभियानको मागलाई ध्यानमा राख्दै यस क्षेत्रको लागि कर्जा सूचना केन्द्र स्थापनाको लागि सरकारको ध्यानाकर्षण गराउनुभयो । सहकारी ऐन, २०७४ ले सहकारी क्षेत्रमा देखिएको ऋण लगानी तथा असुली समस्या समाधानका लागि ऋण कर्जा सूचना केन्द्र स्थापना गरिने व्यवस्था गरेको छ । उहाँले भन्नुभयो, "सहकारीले बचत परिचालन, राष्ट्रिय पुँजी निर्माणसँगै आर्थिक सामाजिक रूपान्तरणमा योगदान पुऱ्याए पनि केही सहकारीहरूको सुशासनको समस्याको असर सम्पूर्ण सहकारी क्षेत्रले भोग्नुपरेको भन्दै आवश्यक नियमित नियमनका लागि नियामक निकायको ध्यानाकर्षण गराउनुभयो ।"

उपराष्ट्रपति पुनले सहकारी व्यवस्थापन चुनौतीपूर्ण भएको भन्दै यसतर्फ पनि सरकारी निकायको ध्यानाकर्षण गराउनुभयो । उप राष्ट्रपति तहबाट औपचारिक कार्यक्रममार्फत सहकारी अभियानको समसामयिक मुद्दाहरूमा चासो र चिन्ता व्यक्त गर्नु भएको थियो ।

बिशिष्ट अतिथि उर्जा, जलश्रोत तथा सिचाई मन्त्री पम्फा भूषालले सहकारीको क्षेत्रको उत्थानको निम्ति सरकारले उचित ध्यान दिएपनि अपुग हुनसक्ने भएकाले बेला बेलामा घच्घच्याइ रहनुपर्नेमा जोड दिनुभयो । उहाँले सहकारीमार्फत

आर्थिक सशक्तिकरणमा महत्वपूर्ण योगदान पुग्ने औंल्याउँदै केही सहकारीमा देखिएको समस्याका कारण सम्पूर्ण क्षेत्रले आक्षेप खेप्नुपरेको धारणा राख्नुभयो । सहकारीमार्फत कृषि तथा उत्पादनको क्षेत्रमा लाग्नुपर्नेमा जोड दिदैँ विद्युतीय चुलो तथा सवारीसाधनको प्रयोग बढाउने अभियानमा सहयोग गर्न सहकारी अभियानसँग आग्रह गर्नुभयो । उहाँले समिटले जारी गर्ने घोषणा पत्रमा सरकारले गर्नुपर्ने कामहरूको बारेमा पनि उल्लेख गर्न आग्रह गर्दै त्यसलाई लागू गराउन आफुले पहल गर्ने विश्वास दिलाउनुभयो ।

सहकारी विभागका रजिस्ट्रार झलकराम अधिकारीले सहकारीको नियमन गर्ने अधिकार सरकारको भएको बताउँदै अनुगमन, निरिक्षणका विषयमा साझा धारणा बनाएर सहकारीहरूलाई मर्यादित र सुशासित बनाउन सकिने बताउनुभयो ।

राष्ट्रिय सहकारी महासंघका अध्यक्ष मिनराज कडेलले सहकारीमार्फत धेरै राम्रा कामहरू भएपनि केही सहकारीहरूको सुशासनमा समस्या देखिएको बताउँदै त्यसले नकारात्मक सन्देश प्रवाह भएको बताउनुभयो । उहाँले सरकार र अभियानका तर्फबाट पनि सहकारीको प्रवर्द्धनमा कमी भएको बताउँदै आ आफ्नो भूमिका निर्वाहमा जिम्मेवार हुनुपर्ने उल्लेख गर्नुभयो ।

कार्यक्रममा नेफ्स्कूनका अध्यक्ष परितोष पौड्यालले अभियानमा खोज, अनुसन्धान, नयाँ खोज आवश्यक भएको भन्दै सुशासन र प्रविधियुक्त सेवालाई जोड दिनुपर्ने बताउनुभयो ।

बागमती प्रदेशका मुख्य मन्त्री राजेन्द्र पाण्डेको प्रमुख आतिथ्यतामा मंसिर १० गते समिटको समापन भएको थियो । समिटले बचत तथा ऋण सहकारी अभियानलाई सुदृढ, दीगो एवम् मर्यादित बनाउने उद्देश्यसहित ११ बुँदे घोषणा पत्र जारी गरेको थियो ।

समापन समारोहका प्रमुख अतिथि मुख्यमन्त्री पाण्डेले सहकारी क्षेत्रलाई राज्यले अन्याय गरेको बताउनुभयो । 'राज्यले सहकारीलाई बक्रदृष्टिले हेरेको छ',उहाँले भन्नुभयो, त्यो मैले जति अरू कसले भोगेको छ र ?' सरकार, नीजि क्षेत्र र सहकारीमार्फत आर्थिक संमृद्धि हासिल गर्न सकिने उहाँको धारणा थियो । सहकारी खिर्राको खम्बा जस्तै भएकाले अर्थतन्त्र कमजोर भएको बताउँदै मुख्य मन्त्री पाण्डेले सहकारीकर्मी मात्रै भएर नपुग्ने संसदमा पनि सहकारीकर्मीको उपस्थिति आवश्यक भएको औंल्याउनुभयो । सहकारी आन्दोलन बलियो बनाउन संसदमा प्रतिनिधित्व हुनुपर्ने गरी सहकारी अभियान लाग्नु पर्नेमा उहाँको जोड थियो ।

सहकारीलाई बलियो बनाउन सहकारीकर्मी अझै लाग्नुपर्ने उहाँले बताउनुभयो । सहकारी ऐन, कानुन अक्षरशः पालना गर्नुपर्ने उहाँको भनाइ थियो । 'सहकारीको ऐन, नियमावली पालना नगरी आफ्ना कम्पनीमा पठाउने, जग्गा किन्ने मनोमानी गरेकाले अहिले केही साथीहरू जेल गएका छन्' उहाँले भन्नुभयो, 'यसले सहकारीप्रति अविश्वास सिर्जना गरेको छ ।'

उहाँले भन्नभुयो, 'सहकारीलाई विश्वास गर्ने वातवारण नेतृत्वले गर्नुपर्छ ।' परिवारका सदस्यलाई थाहै नदिई सहकारीमा पैसा राखिएको तर सहकारीले विश्वास तोडेको उहाँको भनाई थियो । विश्वास घटाउन नियमनकारी निकाय बलियो बनाउनुपर्ने उहाँले बताउनुभयो । 'सहकारीले पारदर्शी कारोवारमा ध्यान दिनुपर्छ' उहाँले भन्नभुयो, 'पारदर्शी कारोवार भएमा सिष्टममा जान सहज हुन्छ ।'

समिटको ३ दिनसम्म सञ्चालित विभिन्न सत्रमा सहकारी र साकोस अभियानका सामयिक विषयवस्तुहरूमा विज्ञ व्यक्तित्वहरूद्वारा करिब दर्जन कार्यपत्र प्रस्तुत भएका थिए । समिटको अन्तिम दिन सहकारी विभागका रजिष्ट्रार झलकराम अधिकारी, नेफ्स्कूनका पूर्व अध्यक्ष एवम् अग्रज सहकारीकर्मी ऋषिराज घिमिरे, बिन्धवासिनी बचत तथा ऋण सहकारी संस्थाका प्रमुख कार्यकारी अधिकृत केबी लामा, नेफ्स्कूनका प्रशासन तथा सामान्य सञ्चालन विभाग प्रमुख सञ्जयराज तिमिल्सिना, लगायतका अतिथिहरूसँगै जिल्ला संघका सञ्चालक समितिका पदाधिकारी एवम् सदस्यहरू तथा व्यवस्थापनको सहभागिता थियो ।

सहकारी विभागका रजिष्ट्रार झलकराम अधिकारीले साकोसमा संस्थागत सुशासनसम्बन्धी अवधारणा, मापदण्ड, विकास र प्रयोग विषयमा, नेफ्स्कूनका पूर्व अध्यक्ष एवम् अग्रज सहकारीकर्मी ऋषिराज घिमिरेले क्रेडिट युनियनमा नेतृत्वलाई बढावा विषयमा, बिन्धवासिनी बचत तथा ऋण सहकारी संस्थाका प्रमुख कार्यकारी अधिकृत केबी लामाले सफल सहकारी संस्थाको सफलताको कथा सम्बन्धी छुट्टाछुट्टै प्रस्तुतिकरण गर्नुभएको थियो भने नेफ्स्कूनका प्रशासन तथा समान्य सञ्चालन विभाग प्रमुख सञ्जयराज तिमिल्सिनाले समिटका सहभागीहरुलाई विभिन्न समूहमा विभक्त गरी प्रजातान्त्रिक तवरबाट संयुक्त घोषणा पत्र तयारीका लागि सहजीकरण गर्नुभएको थियो ।

❑ ❑ ❑

# ललितपुर जिल्ला बचत तथा ऋण सहकारी संघ लि.

## चौथो ललितपुर साकोस समिट-२०७८

गोदावरी, ललितपुर

## साझा घोषणा पत्र-२०७८

आर्थिक विकासमा सुन्दर भविष्य र सम्भावना बोकेको ललितपुर जिल्ला भित्रका बचत तथा ऋण सहकारी संस्थाहरूको बृहत्तर विकासका लागि जिल्ला बचत तथा ऋण सहकारी संघले समसामयिक चासोका विषयहरूमा विषयविज्ञहरूबाट अनुभव आदानप्रदान गरी साझा भावनाको विकास गर्न वि.सं. २०६९ देखि आयोजना हुँदै आएको ललितपुर साकोस समिटको चौथो संस्करणकोरूपमा "साकोसमा शुद्धता, बचत संघको प्रतिवद्धता" लाई आत्मसात गरी २०७८ मार्ग ८ देखि १० गतेसम्म ललितपुरको गोदावरीमा आयोजना भएको चौथो ललितपुर साकोस समिट-२०७८ का सहभागी हामी साकोस अभियानका स्वयम्सेवी नेतृत्वकर्ताहरू, व्यवस्थापनका कर्मचारीहरू र स्थानीय तहका प्रतिनिधिहरू जिल्लाको वित्तीय सहकारी अभियानलाई सुदृढ, दीगो एवम् मर्यादित बनाउन प्रतिवद्धता सहित यो साझा घोषणापत्र जारी गर्दछौं ।

१. पूर्ववत् ललितपुर साकोस समिटबाट जारी घोषणापत्रका बाँकी घोषणाको कार्यान्वयनमा तिब्रता सहित निरन्तरता दिनेछौं ।

२. वित्तीय सहकारीको प्रवर्द्धन, विकास, अनुगमन तथा नियमन प्रणालीलाई प्रभावकारी एवम् चुस्त बनाउन आ-आफ्नो स्थानबाट बहस तथा पैरवी गर्नेछौं साथै संघहरूले गर्ने पैरवीमा ऐक्यवद्धता प्रकट गर्दछौं ।

३. स्व-सहयोग, स्वशासन र स्व-उत्तरदायित्वको मर्मलाई आत्मसात गर्दै संघहरू मार्फत विद्यमान कानुन र सहकारीका मूल्यमा आधारित अनुगमनको दायरामा रही स्तरीकृत एवम् प्रमाणिकृत संस्था सञ्चालन गर्नेछौं ।

४. वित्तीय कारोवार गर्ने सहकारी संस्थाको महत्वपूर्ण पारदर्शिता प्रवर्द्धनको लागि संघहरूमा नियमित मासिक प्रतिवेदनहरू प्रेषण गर्नुका साथै अग्रतापूर्ण खुलाशाको व्यावहारिक अभ्यासस्वरूप अर्धवार्षिक रूपमा संस्थागत वित्तीय विवरणहरू सार्वजनिक गर्नेछौं ।

५. बचत तथा ऋण सहकारी संस्थाहरूलाई अन्तर्राष्ट्रिय विशिष्टता र राष्ट्रिय कानुनहरूको सापेक्षित प्रयोगको आधारमा सञ्चालन एवम् आफ्ना सदस्यहरूलाई सुसूचित गर्दै ललितपुर जिल्लाको साकोस अभियानको स्वनियमन मार्फत सुशासन प्रवर्द्धनको लागि स्थानीय तहसँग समन्वय गरी साझा अभियान सञ्चालन गर्नेछौं ।

६. ललितपुर जिल्लामा सञ्चालित साकोसहरूमा विनियम, आन्तरिक कार्यविधिहरू र प्रविधिमा एकरूपताको लागि संघ मार्फत सञ्चालन गर्ने अभियानलाई आफ्नो संस्थामा कार्यान्वयन गर्नेछौ ।

७. साकोस क्षेत्रको सुशासन व्यवस्थापनको लागि संख्यात्मक विकासलाई गुणात्मक विकासमा रूपान्तरण गर्न सहमत भई समान कार्यक्षेत्र र दोहोरो सदस्यता रहेका संस्थाहरूलाई प्राथमिकताका साथ एकीकरण गर्न अगुवाई एवम् सहजीकरण गर्नेछौं ।

८. साकोस अभियानको स्रोत अभियानको सञ्जाल मार्फत परिचालन गरी "एकका लागि सबै, सबैका लागि एकको सहकारी" को मर्मलाई व्यवहारिक कार्यान्वयन गर्नेछौं ।

९. आवधिक रणनीतिक व्यावसायिक योजना तर्जुमा गरी नविनतम प्रविधि आन्तरिकीकरण, युवा पुस्ता आकर्षण गर्दै नेतृत्व विकास एवम् हस्तान्तरण प्रभावकारी बनाउनेछौं ।

१०. पर्ल्स अनुगमन प्रणाली लागु गरी वित्तीय कारोवारहरूको नियमित र विशेषतः मासिकरूपमा पूर्ण विश्लेषण गर्दै जोखिमको पहिचान गरी ऋण जोखिम व्यवस्थाको माध्यमबाट लगानी सुरक्षित बनाउने कार्यको थालनी गर्नेछौं ।

११. ललितपुर जिल्लामा सञ्चालित बचत तथा ऋण सहकारी संस्थाहरूको एकीकृत सूचना प्रणालीको लागि संघले सञ्चालन गर्ने प्रणालीमा तोकिएको प्रणालीमार्फत संस्थागत सूचना एवम् तथ्याङ्कहरू उपलब्ध गराउनेछौं ।

माथि उल्लेखित बुँदाहरूको अक्षरशः पालना गर्न सामुहिक प्रतिवद्धता सहित यस घोषणा पत्रमा हस्ताक्षर गर्दछौं ।

# 'एक्सेस' कार्यक्रमको समीक्षा बैठक सम्पन्न

नेफ्स्कून र एसियाली ऋण महासंघ (अकू) को प्राविधिक सहकार्यमा साकोसहरूमा सञ्चालित गुणस्तर सुनिश्चितता कार्यक्रम एक्सेस ब्राण्डिङ कार्यक्रममा आवद्ध एवं ब्राण्डेड संस्थाहरूबीच छलफल एवं अनुभव सिकाई आदानप्रदान कार्यक्रम मंसिर २९ गते अभौतिक रूपमा सम्पन्न भएको छ । नेफ्स्कूनका अध्यक्ष परितोष पौड्यालको अध्यक्षतामा सञ्चालित उक्त कार्यशालामा २४ वटा संस्थाबाट ६० जना प्रतिनिधिहरूको सहभागिता थियो । एसियाली ऋण महासंघकी प्रमुख कार्यकारी अधिकृत इलेनिता सानरोक्योले कोभिड १९ महामारीपश्चात संस्थाहरूले भोगेका समस्याहरूमा छलफल गर्दै बचतको सुरक्षा नै संस्थाको मूल दायित्व भएकोले यसतर्फ सबै संस्थाहरूले ध्यान दिनुपर्ने बताउनुभयो ।

अकूका चिफ टेक्निकल एड्भाईजर रञ्जित हिताराचिले नेपालको एक्सेस कार्यक्रममा आवद्ध संस्थाहरूले विषम परिस्थितिमा पनि व्यवसाय निरन्तरतालाई कायम राख्न सकेकोमा खुसी व्यक्त गर्दै अब संस्थागत सुदृढीकरणका लागि शुद्ध संस्थागत पुँजीमा सुधार ल्याउन सबै साकोसहरूलाई आग्रह गर्नुभयो ।

कार्यक्रममा नेफ्स्कूनकी उपाध्यक्ष शान्ति अधिकारी, प्रमुख कार्यकारी अधिकृत प्रकाश प्रसाद पोखरेल, सदस्य सेवा विभाग प्रमुख दुर्गा प्रसाद ढकालसँगै बरिष्ठ अधिकृत तथा अधिकृतहरूको समेत सहभागिता थियो ।

कार्यक्रम समापन गर्दै नेफ्स्कून अध्यक्ष परितोष पौड्यालले नेपालमा हाल देखिएको तरलता संकटबाट जोगिन सबै साकोसहरूको ध्यानाकर्षण गराउनुभयो । यस कार्यशाला गोष्ठीले संस्थागत सुदृढीकरणका लागि ४ बुँदे मार्गदर्शन जारी गरेको छ ।

# "आधारशिलामा साझेदारी, वित्तीय पहुँच र स्वरोजगारी"

स्थानीय तहको मातहतमा रहेका ग्रामीण र दुर्गम क्षेत्रमा सञ्चालित सहकारी संस्थाहरूमा सहकारी सञ्चालन, व्यवस्थापन तथा ज्ञान सीप अभिवृद्धि गरी सुशासित र व्यवस्थित संस्था निर्माणका लागि स्थानीय तहसँगको साझेदारीमा अगाडि बढाइएको कार्यक्रम हो आधारशिला । वित्तीय पहुँच अभिवृद्धि, सहकारी संस्थाहरूको दीगो संस्थागत विकास, सञ्जालीकरण र उद्यमशीलतामार्फत सदस्यहरूको जीवनस्तर सुधार गर्ने अभिप्राय राखी सहकारी क्षेत्रमा प्राप्त उपलब्धीको सम्बर्द्धन गर्न संघको ३३औं स्थापना दिवसको अवसरमा २०७७ साउन ३२ गते प्रारम्भ गरी कार्यान्वयनको चरणमा रहेको र हालसम्म १५ स्थानीय तहहरूसँग कार्यान्वयन सम्झौता भएको छ ।

**कार्यक्रमको उद्देश्य:**

- स्थानीय तहसँगको सहकार्य तथा साझेदारीमा सहकारीहरूको प्रवर्द्धन तथा व्यावसायिकता विकास गरी पहुँच अभिवृद्धि गर्ने,
- सहकारी संस्थाहरूको दीगो संस्थागत विकासमा सहयोग तथा सहजीकरण गर्ने,
- सहकारी शिक्षा तथा तालिम मार्फत क्षमता अभिवृद्धि गर्ने,
- उद्यमशीलतामार्फत स्व-रोजगारी प्रवर्द्धनमा सहयोग तथा सहजीकरण गर्ने,
- सञ्जालमा आवद्धतामार्फत सुशासन र स्व-नियमनका लागि सहजीकरण गर्ने ।

**मुख्य कार्यहरू:**

- तथ्याङ्क संकलन र विश्लेषण
- क्षमता विकास र सशक्तिकरण
- वित्तीय पहुँच र सञ्जालीकरण
- उद्यमशीलता विकास र स्वरोजगारी प्रवर्द्धन
- स्व-नियमन तथा सुशासन प्रवर्द्धन र सञ्जालीकरण

**कार्यक्रमका चरणहरू:**





# बचत तथा ऋण सहकारी अभियानमा विषयगत संघहरुको भूमिका

**केशबप्रसाद दाहाल**, प्रमुख कार्यकारी अधिकृत, बागमती प्रोस्कून

**बचत तथा ऋण सहकारी अभियानको राष्ट्रिय योगदानको विश्लेषण** :

नेपालको सहकारी अभियानमा सबैभन्दा सफल रूपमा सञ्चालनमा रहेको र सबै भन्दा क्रियाशिल अभियान बचत तथा ऋण सहकारी अभियान हो । मानिसका प्रत्येक आवश्यकता वित्तीय व्यवस्थापनसँग जोडिने भएकोले पनि अधिकतम मानिसहरू बचत तथा ऋण सहकारी अभियानमा जोडिन चाहन्छन् र दिन प्रति दिन बचत तथा ऋण सहकारी अभियानमा सदस्यहरूको जोडिनेक्रम बढ्दै गएको छ । २०४८ सालमा सहकारी ऐन जारी हुँदा सहकारी संस्थाहरूले एउटै समुदायका व्यक्तिहरू मात्र संस्थामा आवद्ध गराई तिनीहरूको आधारभूत र स-साना आवश्यकताहरू मात्र पूरा गर्न सक्दछन भन्ने विश्वास राखेको अनुभूति हुन्छ । हुन पनि सहकारी संस्थाहरूको सदस्यहरूको असीमित चहाना पूरा गर्नका लागि सम्भव पनि थिएन, किनकी त्यसबेला वित्तीय परिचालनका सन्दर्भमा समुदायमा ज्ञान, सीप र धारणाको विकास भएको थिएन । साना साना बचत गर्ने र त्यही बचत आपत विपत्तमा प्रयोग गर्नका लागि सहकारीमा आवद्ध हुनु पर्दछ भन्ने मूल भावनाले गाउँ गाउँमा सहकारी संस्थाहरू स्थापना भएका थिए तर सहकारी संस्थाहरू स्थापना हुने क्रम सुस्त रहेको थियो । २०५० सालमा नेपाल बचत तथा ऋण केन्द्रीय सहकारी संघ लि. (नेफ्स्कून) को स्थापना भएपछि गाउँगाउँमा बचत तथा ऋण सहकारी संस्थाहरूको स्थापना गर्ने लहर नै आएको थियो । जसको फलस्वरूप आज देशभरीमा करिब १४ हजार अर्थात कूल सहकारी संख्याको करिब ४७ प्रतिशत (सहकारी झलक २०७७ बमोजिम) हिस्सा बचत तथा ऋण सहकारीले ओगटेको छ । बचत तथा ऋण सहकारी अभियानका माध्यमबाट रोजगारीको सिर्जनाका अतिरिक्त वित्तीय पहुँच बाहिरका मानिसहरूलाई सहकारी मार्फत वित्तीय पहुँच पुऱ्याई गरिबी न्यूनीकरण र गरिरहँदा गरिबी निवारणमा अप्रत्यक्ष रूपमा भने महत्वपूर्ण सहयोग पुगेको छ । यस कुरालाई पुष्टी गर्ने कुनै आधिकारिक तथ्याङ्क नभए तापनि देहाएको विवरणको विश्लेषणात्मक अध्ययन गर्दा प्रदेशको शिक्षाको स्तरका आधारले सहकारी संस्थाहरूको स्थापना र सञ्चालन तथा सदस्यहरूको आवद्धता रहेको र जुन प्रदेशमा सहकारीको प्रचुरता रही अधिकतम सहभागिता रहेको छ त्यो प्रदेशको गरिबी दर कम रहेको देखिन्छ । राष्ट्रिय औषत गरिबीदर



उद्यमशिलता विकासमा महत्वपूर्ण टेवा पुगेको छ । सहकारीले गरिबी निवारण, उद्यमशिलता विकास र रोजगारीमा पुऱ्याएको योगदानको वास्तविक तथ्याङ्क त राज्य वा सहकारी अभियान कतै पनि छैन । यद्यपी समुदायमा आधारित सहकारी संस्थाहरूले सामाजिक पुँजी निर्माण गरी त्यही समुदायमा परिचालन २५.२ प्रतिशत भन्दा कम गरिबी भएका प्रदेशका सहकारी संस्थाहरूमा आवद्ध सदस्यहरूको संख्या बढी रहेको देखिन्छ । समुदायमा आधारित ठूला सहकारी संस्थाहरूको कार्यक्षेत्रको यस सम्बन्धमा गहन अध्ययन गर्दा यो कुरालाई अझै विश्वास योग्य रूपमा पाउन सकिन्छ ।

| प्रदेशको नाम | प्रतिव्यक्ति आय (अमेरिकी डलर) | साक्षरता दर | गरिबी दर (प्रतिशत) | सहकारी संख्या | सहकारीमा आवद्ध संख्या (जना) | कैफियत |
|---|---|---|---|---|---|---|
| प्रदेश नं. १ | १२११ | ७३.६८ | १६.० | ४७३७ | ९३५७०० | |
| प्रदेश नं. २ | ९६७ | ४९.५४ | २७.७ | ४१५३ | ५५५१९७ | |
| बागमती प्रदेश | १७६७ | ७४.८५ | १५.३ | १०४१८ | २७१७४६९ | |
| गण्डकी प्रदेश | १२७७ | ७४.८१ | १५.२ | २६७१ | १११६६३२ | |
| लुम्बिनी प्रदेश | ९४३ | ६६.४३ | २५.८ | ३७५५ | ८९८६११ | |
| कर्णाली प्रदेश | ८०८ | ६२.७७ | ३६.५ | १९६७ | ४०४९५६ | |
| सुदुरपश्चिम प्रदेश | ६६३ | ६३.४८ | ४२.० | २०६० | ५४२९८९ | |

**श्रोत :** Small Ares Estimate of poverty – 2011 (CBS), Multidimensional Poverty Index 2018, **र सहकारी झलक-२०७७**

**बचत तथा ऋण सहकारी अभियानमा संघहरूले खेल्नु पर्ने भूमिका** :

सत्तरीको दशकदेखि नेपालमा बचत तथा ऋण सहकारीहरूको गतिमा तीव्रता आएको देखिन्छ । बचत तथा ऋण सहकारी अभियानको शीर्ष संघ नेफ्स्कूनले सदस्य संस्थाहरूको स्तरीकरणका लागि एसियाली ऋण महासंघले विकास गरेको स्तरीकरण कार्यक्रम साठीको दशकको उत्तरार्ध देखि नेपालको बचत तथा ऋण सहकारी संस्थाहरूमा सुरूवात गरेसँगै सहकारी संस्थाहरू सानो होइन व्यवस्थित गरी ठूलो बनाई संस्था मार्फत सम्पूर्ण सदस्यहरूको पूर्ण वित्तीय समाधान खोज्नु पर्दछ भन्ने भावनाको जागृत भएको छ । यो सँगै बचत तथा ऋण सहकारीको सुशासन, व्यवस्थापन, दीगोपना र पारस्परिक सहयोगका लागि संघहरूले भूमिका खेल्नु पर्दछ भन्ने सफल उदाहरण नेफ्स्कूनले प्रस्तुत गरेको छ । हाम्रो सहकारी ऐन, २०४८ ले प्रत्येक जिल्लामा जिल्ला सहकारी संघका अतिरिक्त जिल्ला विषयगत संघहरू गठन गर्न सक्ने व्यवस्था गरेको थियो । त्यस व्यवस्थाका आधारमा अधिकांश जिल्लाहरूमा जिल्ला बचत तथा ऋण सहकारी संघहरूको स्थापना भएका छन, तर सबै जिल्ला बचत तथा ऋण सहकारी संघहरू सक्रिय रहेका छैनन । सहकारी ऐन, २०७४ पछि प्रदेशस्तरमा पनि प्रादेशिक संघहरूको स्थापना भएका छन् । तर हालसम्म सबै प्रदेशमा संघहरू दर्ता भई क्रियाशिल भएका छैनन् । सहकारी अभियानका सबै तहका संघहरू बीच ऐक्यवद्धता, पारस्परिक सहयोग, मैत्रीपूर्ण व्यवहार र बहस पैरवीमा देखिएको सामाञ्जस्यताको कमीको कारण बचत तथा ऋण सहकारी अभियानले खेल्नु पर्ने भूमिकालाई अझै प्रभावकारी बनाउन सकिएको छैन यस तथ्यलाई हामीले स्वीकार्नु पर्ने नै हुन्छ । बचत तथा ऋण सहकारी अभियानको दीगो विकास र बचत तथा ऋण सहकारी अभियान प्रतिको विश्वासनियता वृद्धिका लागि सबै तहका संघहरू एकै ठाउँमा उभिनु आजको आवश्यकता हो । यसका लागि संघहरूले तत्कालै सोच्नु पर्ने अवस्था आई सकेको छ । हामी एक्लाएक्लै होइन सामुहिक रूपमा उठ्न सक्यौ भने मात्र अभियानले सफलता र सार्थकता पाउँदछ । त्यसका लागि न्यूनतम देहाएका विषयहरूमा सबै तहका बचत संघहरूको ऐक्यवद्धताको खाँचो छ र आजैदेखि यसका विषयमा चर्चा चलाउनु आवश्यक छ ।

१. बचत तथा ऋण सहकारी अभियानलाई सामुदायिक हित केन्द्रित गर्नका लागि निश्चित मापदण्ड बनाई सहकारी कानुन मार्फत संघीय सरकार, प्रदेश सरकार र स्थानीय सरकारहरूसँगको विश्वास अभिवृद्धिका लागि संघहरूले सामुहिक जिम्मेवारी लिने,

२. बचत तथा ऋण सहकारी मार्फत सदस्यहरूको हित प्रवर्द्धनका लागि साझा विषयवस्तुहरू निर्माण गरी शिक्षा तालिम तथा सूचनामा ऐक्यवद्धता कायम गर्ने,

३. सत्प्रतिशत बचत तथा ऋण सहकारी संस्थाहरूलाई सञ्जालमा ल्याई एकीकृत अनुगमन प्रणालीको विकास गरी लागु गर्ने,

४. सहकारी तथ्याङ्क केन्द्रको स्थापना गरी बचत तथा ऋण सहकारी संस्थाहरूले गरिबी निवारणको क्षेत्रमा, रोजगारीको क्षेत्रमा एवम् वित्तीय पहुँचमा पुऱ्याएको योगदानको विश्वास योग्य तथ्याङ्क निर्माण गरी नियमित अध्यावधिक गर्ने,

५. बचत तथा ऋण सहकारी अभियानको अलग्गै कानुन निर्माणमा सामुहिक जिम्मेवारी सहित बहस र पैरवी गर्ने,

६. बचत तथा ऋण सहकारीको सुरक्षा कवजको रूपमा रहेको स्थिरीकरण कोषको स्थापनामा सामुहिक जिम्मेवारी लिँदै बचत तथा ऋण सहकारी सञ्जालमा आवद्ध कुनै पनि सहकारी संस्थाहरू जोखिममा हुँदैनन् भन्ने अनुभूति दिलाउने गरी आवश्यक कार्यहरू गर्ने,

७. बचत तथा ऋण सहकारीका लागि आवश्यक प्रविधिको विकास, प्रविधिमैत्री कानुनको निर्माण,

बचत तथा ऋण सहकारी अभियानको आफ्नै डाटा सेन्टरको विकास गर्ने,

८. बचत तथा ऋण सहकारीका लागि आवश्यक पर्ने दक्ष जनशक्ति विकास गरी मानव श्रोत बैंकको स्थापना गरी दक्ष जनशक्ति आपूर्ति गर्ने,

९. संघहरूमा आवद्ध बचत तथा ऋण सहकारी संस्थाहरूको सेवामा गुणस्तर वृद्धिका लागि साझा अवधारणा बनाई लागु गर्ने,

**वर्तमान तरलता संकट व्यवस्थापनमा संघहरूको भूमिका** :

वित्तीय बजारमा बेला बेलामा तरलता संकटहरू आइनै रहन्छन । तरलता संकटका विभिन्न कारणहरू हुन सक्दछन् । सधै एउटै कारणबाट तरलतामा संकट आउछ भन्ने भने होइन । तरलता संकट कहिले तत्काल समाधान हुने किसिमका र कुनै लामो अवधिसम्म प्रभाव रहने किसिमका हुन्छन । यस वर्षको तरलता संकट लामो समयसम्म प्रभाव रहेको अनुभूति हामी सबैले गरेका छौं । यसका कारणहरू अनगिन्ती हुन सक्दछन् । यसले सबै बचत तथा ऋण सहकारी अभियानमा प्रभावहरू देखिन थालेका छन भने विषेश गरी संघहरूमा प्रत्यक्ष प्रभाव रहेको छ । कुनै पनि संघहरूले यतिबेला सदस्य संस्थाहरूको माग बमोजिमको पूर्ति गर्ने सम्भावना न्यून छ । संघहरूले तरलता व्यवस्थापनका लागि आगामी दिनमा देहाएका विषयमा सुधार गर्नु आवश्यक रहेको देखिन्छ र संघले यसको लागि योजना बनाएर अगाडि बढ्न सबै तयार रहनु पर्नेछ ।

- सबै संघहरूले अन्तरलगानी तथा वित्तीय सेवा नगरी क्रियाकलापहरूको क्षेत्र निर्धारण गरी सदस्य सेवाको स्तर वृद्धि गर्नु पर्ने आवश्यकता रहेको छ ।
- वित्तीय कारोवार गर्ने संघले वित्तीय कारोवार नगर्ने संघको सञ्चालनका लागि बजेटको व्यवस्था गरी सबै संघहरूको सञ्चालनको वातावरण निर्माण गर्नु पर्दछ ।
- वित्तीय कारोवार गर्ने संघले प्रतिफललाई भन्दा स्तरीय सेवाको सुनिश्चितताका लागि अधिकतम तरलताको व्यवस्थापनमा ध्यान दिनु पर्दछ ।
- संघमा तरलताको अभाव छैन भन्ने अनुभूतिका लागि बजारको अवस्थाका आधारमा तरलता व्यवस्थापन गर्ने रणनीति लिनु पर्दछ ।
- दीर्घकालिन तरलता व्यवस्थापनका लागि अन्तर्राष्ट्रिय सहकारी सञ्जालबाट न्यूनतम ब्याजमा ऋण लिन पाउने व्यवस्थाका लागि पहल गर्नु पर्दछ र अधिकतम परिचालन क्षमता बनाउनु पर्दछ ।
- संघहरूले तरल लगानी गर्दा ९० दिन भन्दा बढीको आवधिक लगानी गर्न नपाउने नीतिगत व्यवस्था गर्नु पर्दछ ।
- संघहरू मार्फत कारोवार गर्नका लागि सबै सदस्य संस्थाहरूलाई आब्हान गर्दै बैंकिङ्ग क्षेत्रमा गएको रकम सहकारीमा नै फिर्ता ल्याउन सामुहिक प्रयासको थालनी गर्नु पर्दछ ।
- सहकारीहरूको तरलता व्यवस्थापनमा हुने कठिनाईको अन्त्यका लागि केन्द्रीय तरलता कोषको अवधारणा विकास गरी कोष सञ्चालनलाई कानुनी व्यवस्थाका लागि सामुहिक बहस गर्नु पर्दछ ।

**'सहकारीको पैसा सहकारीमा नै'** भन्ने कुरा बचत तथा ऋण सहकारी अभियानमा सदस्य सहकारी संस्थाहरूले पनि बुझ्न जरुरी छ । संस्थाहरूलाई वित्तीय लगानी वा तरल लगानीका सन्दर्भमा बचत तथा ऋण सहकारी संघहरूले प्रतिस्पर्धा मूल्यमा वित्तीय सेवा प्रदान नगरेको भए आज सहकारी संस्थाको तरलताको रकम शुन्य प्रतिशत ब्याजदरमा बैंकमा रहेको हुने थियो । संघहरूले सक्रियतापूर्वक कारोवार गर्नाले नै सहकारी संस्थाहरूले बजारमा अधिकतम लाभ लिन सक्षम भएको हो भन्ने कुरा बुझ्नु जरुरी छ । वित्तीय बजारमा तरलता अभाव हुँदा बैंकले पनि भनेजति फिर्ता गर्न सक्ने अवस्था रहेको हुँदैन तथापी बैंक प्रति हामी कहिले कठोर बन्न सक्दैनौ तर संघहरूले एक पटक आफ्नो आवश्यकता पूरा गर्न नसके संघहरूको सन्दर्भमा गुनासो गरी हाल्छौं । हुनतः गुनासो गर्ने भनेको पनि आफ्नैलाई हो तर गुनासो गर्दै निरन्तर कारोवार बढाउँदै लैजादा मात्र संघहरूले सहज सेवा दिन सक्छन् भन्ने कुरा पनि बिर्सनु हुँदैन । संघ र सदस्य संस्थाहरूको सम्बन्ध सामान्य अवस्थामा प्रगाढ र असमान्य अवस्थामा टाढाको नभई हाम्रो समस्या हामीले नै पार लगाउन सक्दछौं भन्ने कुराले सदैव एकैनास कायम गर्नु पर्दछ । सहकारीको पिडा सहकारीले नै बुझ्दछ । सहकारीका सवालमा सहकारी मात्रै बोल्दछ । सहकारीको सुरक्षा पनि सहकारीले मात्र गर्न सक्दछ । सहकारी कर्मी बीचको हित र एक आपस बीचको विस्वास र माया अरू क्षेत्रमा भन्दा भिन्न छ । सहकारी संस्थाहरू अधिकतम मुनाफा कमाएर सदस्यलाई खुशी पार्नका लागि खोलिएका होइनन् । सहकारीमा असीमित मुनाफाको अपेक्षा गर्नु गलत हो । एकका लागि सबै र सबैका लागि एक नै सहकारीको मूल भावना हो भन्ने कुरालाई आत्मसाथ गर्दै अहिलेको तरलता कठिनाई बचत तथा ऋण सहकारी अभियानबाट मात्रै समाधान हुनसक्दछ र यसका लागि अविलम्ब बचत तथा ऋण सहकारी संघहरूले पहलको थालनी गर्नु आवश्यक रहेको छ ।

# सहकारी क्षेत्रमा तरलताको अवस्था

समग्रमा हेर्दा अहिले बैंक वित्तीय क्षेत्रमा तरलताको अभाव छ । लगानीयोग्य रकम (तरल पुँजी) अभाव देखिएसँगै बैंक वित्तीय संस्था साथै सहकारी क्षेत्र पनि यसबाट प्रभावित बन्न पुगेको छ । तरल पुँजी अभाव बढेसँगै सहकारीहरूले पनि धितोमा लगानी बन्द गर्दै सदस्यहरूको प्राथमिकताका आधारमा मात्र ससानो ऋण प्रवाह गर्न सुरू गरेका छन् ।

बैंक वित्तीय क्षेत्रमा व्याप्त तरलता संकट सँगै यसको प्रभाव बढ्दो देखिएको सहकारी क्षेत्रका अगुवाहरूको स्पष्टोक्ति छ भने अर्कोतर्फ राज्यको विकास बजेट खर्च हुन नसकेका कारण पछिल्लो समय वित्तीय संकट चुलिएको आमजनमानसको बुझाइ छ ।

विगत २ वर्षदेखि कोभिडका कारण थलिएको अर्थतन्त्रमा सूक्ष्म सुधार देखिन पाउँदा नपाउँदै लगानीयोग्य रकम अभावका कारण अर्थतन्त्र पुन थलिने स्थितिमा पुग्ने देखिएको विश्लेषकहरू बताउँछन् । सहकारीमा पनि निक्षेप र कर्जाको सन्तुलन नमिलेका कारण यतिबेला बचत तथा ऋण सहकारी संस्थाहरूले सदस्यद्वारा माग भएका ऋण फाइल अस्विकार गर्न बाध्य भएका छन् भने ठूलो लगानीको ऋण पूर्ण रूपमै बन्द गरेका छन् ।

वित्तीय तरलता अभावले सहकारी क्षेत्र पनि प्रभावित भएसँगै बजार विश्लेषण गरेर समयसापेक्ष ब्याजदर पुनरावलोकन गर्न सहकारी क्षेत्रका अगुवाहरूको जोडदार माग छ तर संघीय सहकारी विभाग भने सहकारीको ब्याजदर बढाउने विषयमा मौन छ ।

सहकारीमा तरलता व्यवस्थापन कसरी गरिरहनुभएको छ भन्ने साकोस आवाजको जिज्ञासाप्रति केही बचत ऋण सहकारी क्षेत्रबाट प्रतिनिधिमुलक विचारलाई यहाँ समावेश गरिएको छ :

## सन्दर्भ ब्याजदरको अंकुश नै मुख्य कारण होः सहभागी



**दिपक घिमिरे**
अध्यक्ष, दर्पण साकोस,
कोषाध्यक्ष, ललितपुर जिल्ला बचत संघ

समग्र सहकारी अभियान, बैंक वित्तीय संस्था सबैतिर नै तरलता अभाव देखिएको छ । ललितपुर जिल्ला पनि विद्यमान तलरता अभावबाट अछुतो हुन सकेको छैन । प्रारम्भिक सहकारी संस्थाहरूमा पनि यसले नराम्ररी प्रभावित तुल्याएको छ । यसो हुनुमा विशेष गरी कमर्सियल बैंकहरूले ब्याज बढी दिने र निक्षेप तान्ने अनि आफुखुसी लगानी गरिदिएकाले यो समस्या देखिएको हो । अनि सदस्यहरू ऋण चाहिएमा सहकारीमा आउने क्रम पछिल्लो समय सबैतिर एकैचोटी बढ्यो । जसका कारण अभाव एकसाथ चुलियो ।

अभियानको अर्को कमजोरी भनेको सदस्य सुसूचितताको कमी हो । हामीले हाम्रा सदस्यहरूलाई सहकारीमा बचतको महत्व बुझाउन सकेका छैनौं, सहकारीको मुनाफा, संरक्षित पुँजी कोषको बारेमा सदस्य अनभिज्ञ छन् । सहकारीबाट बैंकमा बचत सार्ने अर्थात बैंकमै कारोवार गर्ने प्रचलन बढी छ ।

अर्कोकुरा सन्दर्भ ब्याजदरको अंकुश पनि हो । हामी १४.७५% भन्दा माथि जान सकेनौं, अहिलेको यो अवस्था नै यसको प्रभाव हो । अभियानले खेल्नुपर्ने भूमिकामा कमजोरी देखिएको छ । सन्दर्भ ब्याजदरको सीमालाई तपाईहरूले सुझबुझपूर्ण ढंगबाट तोडेर अगाडि बढ्नुहोस्, सरकार सँग वहश पैरवी गर्न हामी तयार छौ भन्ने कुराको ढाडस दिन सकेको भए आज समस्याले यति चर्को रूप लिने थिएन ।

त्यसैगरी हामीले सदस्यलाई नाफा कम गरौं, बचतमा पनि १.७५ भए पुग्छ भनेर अगाडि बढ्नुपर्ने थियो । त्यो पनि भएन । अब अर्को विषय भनेको वित्तीय संकटको अवस्थालाई भनेर सामुहिक कोष निर्माण गर्न सकेको भएपनि आपतका बेला काम लाग्ने थियो, त्यो पनि गर्न नसकिनुले समस्या समाधानको उपाय के त? भन्ने प्रश्न प्रमुख हो । बचत तथा ऋण सहकारी संघ, संस्थाहरूको केन्द्रीय निकाय नेफ्स्कूनले पनि सहकारी ऐन, २०७४ ले तोके बमोजिम स्थिरीकरण कोष सञ्चालनको प्रक्रिया अगाडि साह्रयो, तर त्यसले पनि मूर्त रूप लिन सकेन । काम कुरामा सीमित भए भने समस्या ज्यूँकात्यूँ रऱ्यो । यसकारण पनि अभियानले तरलता अभाव समस्या समाधानका लागि दीगो समाधान खोज्नुको विकल्प छैन ।



**टीकाराम तिमिल्सिना**
व्यवस्थापक
सयपत्री साकोस
नवलपरासी

तरल पुँजी अभावकै कारण हामीले गत एक महिनादेखि ऋण लगानी बन्द गर्नुपरेको छ । सदस्यको बचत फिर्ता संस्थाको दायित्व हो, तर पुँजी अभावसँगै ऋण लागनी रोक्न बाध्य भएका हौं । रकम अभाव भएसँगै केन्द्रीय निकायमा राखिएको मुद्दती बचतबाट पनि ऋण लिएका छौं । तत्काल संकट समाधान हुने देखिदैन उहाँले भन्नुभयो, नेपाल राष्ट्र बैंकको पहल भइरहेको भएपनि राज्यको लाचारी पनकै उपज विद्यमान तरलता संकट हो भन्ने बुझिन्छ, । राज्यले विकास बजेट खर्च गर्न नसक्दा देश आर्थिक समस्यामा परेको छ ।



**विनोद थापा**
व्यवस्थापक
स्वस्तिक साकोस,
सर्लाही

सहकारी विभागले सन्दर्भ ब्याजदरको सीमा नबढाएसम्म विद्यमान वित्तीय तरलता अभाव समाधान नहुने बताउनुहुन्छ । "हामी निकै अप्ठ्यारो स्थितिमा पुगिसकेका छौं, अब ब्याजदर सीमा बढाउनुको विकल्प छैन, हामीले संस्थाका सबै प्रकारका सेवामा साविकको भन्दा १ दशमलव ५ प्रतिशतले ब्याजदर बढाएका छौं, जसले गर्दा हाल सदस्यको बचत रोकिएको छ । ऋण लगानी भने ब्रेक नै गरेका छौं ।" अर्को कुरा ऋण असुलीको पाटो निकै महत्वपूर्ण छ । भाखा नाघेको ऋण असुली प्रक्रियालाई पनि जोड दिएका छौं ।

तीन तहको चुनाव र ठूला राजनीतिक पार्टीको महाधिवेशनका कारण यतिबेला पैसा बैंकिङ् प्रणालीमा नगएर व्यक्तिमा सीमित हुँदा समस्या निम्तिएको हुनसक्छ, उहाँले भन्नुभयो, "यस्तो बेला सहकारी संस्थाहरूले अलिक चनाखो भएर निर्णय गर्नुपर्छ भन्ने नै हो, यो समय सदस्यको बचतको संरक्षण गर्दै प्राथमिकताका आधारमा मात्रै ससानो ऋण लगानी गर्ने बेला हो ।"



**यज्ञ प्रसाई**
व्यवस्थापक
नवविकास साकोस, रौतहट

"वित्तीय तरलता व्यवस्थापनका लागि समयमै सचेत हुनुपर्ने रहेछ, समय घर्केपछि मात्रै होस् खुलेको जस्तै भएको छ ।" हामीले धितोमा गरिने ऋण लगानी रोकेका छौं र मुद्दती बचतको ब्याजदर पनि बढाएका छौं, सदस्य भेटघाट र सम्पर्क बढाएका छौं, जसले गर्दा बचत केही बढेको पनि छ । त्यसैगरी ऋण असुली प्रक्रियालाई पनि तीव्रता दिएका छौं । ९ प्रतिशतमा कायम रहेको भाखा नाघेको ऋण १/२ प्रतिशतमा झार्ने गरी काम गरेका छौं ।



**उर्मिला ज्ञवाली**
व्यवस्थापक
बागेश्वरी महिला साकोस,
मकवानपुर

मकवानपुरस्थित बागेश्वरी महिला बचत तथा ऋण सहकारी संस्थाकी व्यवस्थापक उर्मिला ज्ञवाली भन्नुहुन्छ, संस्थामा तरलता व्यवस्थापन हालसम्म जसोतसो भइरहेको छ । ठूलो लगानी बन्द गरेका छौं । ससानो विनाधितो गर्न सकिने लगानी भने गरिरहेका छौं । मंसिर आधाआधिदेखि नै सदस्यका ठूला लगानीयोग्य ऋण फाइल फर्काउन बाध्य भयौं । स्वीकृत भएको लोन पनि रकम अभावका कारण दिन सकेनौं, त्यो निकै समस्यायुक्त रह्यो भन्ने हामीलाई लागेको छ । सदस्यको सुख दुखको सारथी बनेर निरन्तर सदस्य हितमा काम गर्ने बचत तथा ऋण सहकारी संस्थामा गत २ वर्षदेखि कोभिडले प्रभाव पार्‍यो अहिले फेरी कोभिडको सन्त्रास सँगसँगै तरलता अभावले थप समस्यामा पारेको छ, उहाँले भन्नुयो । मंसिरको मध्यतिर ऋण माग अत्याधिक थियो । तरलता समस्याले लगानी गर्न सकिएन, ठूलो ऋण लगानी रोकेका छौं । ससाना लगानीका लागि व्यवस्थापन भइरहेको छ । बजार हल्ला अनुरूप यो आर्थिक वर्ष पुरै नै तरलता समस्या कायम रह्यो भने सहकारी क्षेत्रमा निकै ठूलो प्रभाव पर्ने देख्दछु ।

# जोखिम सुपरिवेक्षण कार्यक्रम (कर्ब्स) प्रति साकोसहरूको बढ्दो आकर्षण



### नवलपरासी पश्चिम

नवलपरासी पश्चिमका २ वटा बचत तथा ऋण सहकारी संस्थाहरू नेफ्स्कूनले सञ्चालन गरेको जोखिममा आधारित साकोस सुपरिवेक्षण कार्यक्रम (कर्ब्स) मा आवद्ध भएका छन् । सरावल गाउँपालिका-१, तिलकपुर नवलपरासी पश्चिमस्थित **तिलकपुर महिला बचत तथा ऋण सहकारी संस्था लि.** र सुस्ता गाउँपालिका-२, महलबारीस्थित **श्री महर्षि बचत तथा ऋण सहकारी संस्था लि.** साकोसहरूको गुणस्तर सुनिश्चिततासम्बन्धी नेफ्स्कूनले सञ्चालन गरेको लोकप्रिय कार्यक्रम कर्ब्समा आवद्ध भएका हुन् ।

दुवै साकोसहरूसँग कात्तिक २८ गते औपचारिक सम्झौता भएको हो । सम्झौतापत्रमा तिलकपुर साकोसको तर्फबाट अध्यक्ष मिना चौधरी तथा नेफ्स्कूनका तर्फबाट कार्यक्रम अधिकृत मनोज खड्काले हस्ताक्षर गर्नुभएको थियो । उक्त सम्झौता तिलकपुर साकोसकी उपाध्यक्ष सत्य देवी चौधरी, सचिव सविता महतो, कोषाध्यक्ष गंगा चौधरी तथा लेखा सुपरिवेक्षण समिति संयोजक अनुपा कुमारी चौधरी तथा नेफ्स्कूनका व्यवसाय सहायक नेत्र प्रसाद सापकोटाको रोहबरमा हस्ताक्षर गरिएको थियो । यसअघि नेफ्स्कूनका कार्यक्रम अधिकृत खड्काले तिलकपुर साकोसका सञ्चालक तथा व्यवस्थापन समूहलाई जोखिममा आधारित साकोस सुपरिवेक्षण कार्यक्रमका सम्बन्धमा अभिमुखीकरण गर्नुभएको थियो ।

यस्तै, श्री महर्षि साकोसको तर्फबाट सम्झौतामा अध्यक्ष डिल्लीराम काफ्ले तथा नेफ्स्कूनका तर्फबाट कार्यक्रम अधिकृत मनोज खड्काले हस्ताक्षर गर्नुभएको थियो । साकोसका सचिव सागरमणि पाण्डेय, सञ्चालक सदस्य इश्वर प्रसाद उपाध्याय, व्यवस्थापक थिरलाल अधिकारी तथा नेफ्स्कूनका व्यवसाय सहायक नेत्र प्रसाद सापकोटा रोहबरमा उक्त सम्झौतामा हस्ताक्षर भएको हो । तिलकपुर साकोसको कुल सम्पत्ति ६ करोड २८ लाख बढीको छ भने श्री महर्षि साकोसको कुल सम्पत्ति ७ करोड ८७ लाख भन्दा बढी छ ।

### सुनसरी

प्रदेश नं १ को सुनसरीका ३ साकोस पुस १३ गते कर्ब्स कार्यक्रममा आवद्ध भएका छन् । नेफ्स्कूनले साकोसहरूको गुणस्तर प्रमाणीकरणका लागि सञ्चालनमा ल्याएको कर्ब्स कार्यक्रममा इटहरी १ स्थित **स्वरोजगार साकोस**, इनरूवा ३ स्थित **सखुवागाँछी साकोस** र धरानस्थित **शिखर साकोस** एकैदिन आवद्ध भएका हुन् ।

जिल्ला बचत संघ सुनसरीका अध्यक्ष शिवराज श्रेष्ठ र बरिष्ठ उपाध्यक्ष योगमाया सुवेदीको उपस्थितिमा बचत संघमा आयोजित कार्यक्रममा तीनवटै साकोसहरूसँग सम्झौतामा हस्ताक्षर भएको हो । कार्यक्रममा नेफ्स्कूनका कार्यक्रम अधिकृत मुकेश दाहाल, बचत संघका कार्यक्रम अधिकृत सुमन सुवेदी, बचत संघकी व्यवस्थापक मिना नेपाल लगायतको उपस्थिति थियो । कर्ब्समा आवद्ध तीनवटै साकोस जिल्ला संघका सञ्चालक तथा लेखा सुपरिवेक्षण समितिका अधिकारीहरूको प्रारम्भिक संस्था हुन् । नेफ्स्कून जिल्ला संघ साझेदारी कार्यक्रम अनुरूप कर्ब्स कार्यक्रम जिल्ला संघमार्फत सञ्चालन हुँदै आएको छ ।

### तनहुँ

तनहुँको खैरेनिटार, शुक्लागण्डकी-७ स्थित **तिनखोले साकोस** कर्ब्स कार्यक्रममा आवद्ध भएको छ । सम्झौता कार्यक्रममा नेफ्स्कूनका बरिष्ठ कार्यक्रम अधिकृत भरत प्रसाद न्यौपानले र खैरेनिटार तनहुँ सेवाकेन्द्रका व्यवसाय सहायक दिपक आचार्य सहभागी हुनुहुन्थ्यो भने साकोसकातर्फबाट अध्यक्ष शेर बहादुर श्रेष्ठ, उपाध्यक्ष उपेन्द्र तिम्सिना, सचिव समुन्द्र श्रेष्ठ, कोषाध्यक्ष हरि बहादुर थापा, लेखा सुपरिवेक्षण समिति संयोजक श्री राम सुवेदी र व्यवस्थापक संगिता ठकुरी सहभागी हुनुहुन्थ्यो । २२ करोड बढीको वासलात रहेको साकोसमा हाल २२६३ सदस्य छन् भने ११ सदस्यीय सञ्चालक समिति र ३ सदस्यीय लेखा सुपरिवेक्षण समिति रहेको छ ।





### रूपन्देही

रूपन्देहीका ३ बचत तथा ऋण सहकारी संस्थाहरू स्तरीकरण कार्यक्रम कर्ब्समा आवद्ध भएका छन् । नेफ्स्कून-जिल्ला बचत संघ साझेदारी कार्यक्रम अन्तर्गत रूपन्देही जिल्लाको देवदह ७ स्थित **निरन्तर महिला साकोस**, कञ्चन -४ स्थित **धरोहर साकोस** र बुटवल-११ स्थित **संसार साकोस** मंसिर १ गते कर्ब्स कार्यक्रममा आवद्ध भएका हुन् ।

सम्झौता कार्यक्रममा नेफ्स्कून सञ्चालक सदस्य सन्दिप सापकोटा उपस्थित हुनुहुन्थ्यो भने संघका तर्फबाट कार्यक्रम अधिकृत मनोज खड्का, रूपन्देही फिल्ड कार्यालय इन्चार्ज छत्रप्रसाद धमला र बरिष्ठ सहायक कल्पना भण्डारी सहभागी हुनुहुन्थ्यो । ३ वटै साकोसहरूसँग भएको औपचारिक सम्झौता कार्यक्रममा निरन्तर महिला साकोसकी उपाध्यक्ष मिना कुमारी भुषाल तथा व्यवस्थापक गिता बस्नेत, धरोहर साकोसका उपाध्यक्ष बिष्णुनारायण श्रेष्ठ तथा व्यवस्थापक संगिता गौतम तथा संसार साकोसका अध्यक्ष विष्णु अवस्थी, लुम्बिनी प्रदेश बचत संघका व्यवस्थापक तारा अर्यालसँगै रूपन्देही जिल्ला बचत संघकी व्यवस्थापक शर्मिला भट्टराईको उपस्थिति थियो ।

निरन्तर महिला साकोसको कुल सम्पत्ति ७ करोड रूपैयाँ रहेको छ भने सदस्य संख्या ११ सय रहेको छ यसैगरी धरोहर साकोसको कुल सम्पत्ति १६ करोड रूपैयाँ तथा कुल सदस्य संख्या २२ सय माथि रहेको छ । यसैगरी, संसार साकोसका कुल सम्पत्ति साढे ८ करोड रूपैयाँ रहेको छ भने कुल सदस्य संख्या ९ सय रहेको छ ।

### २०७८ कार्तिक देखि पुस मसान्तसम्म कर्ब्स कार्यक्रममा आवद्ध साकोसहरू

| क्र.सं. | साकोस | ठेगाना | आवद्धता मिति |
|---|---|---|---|
| १. | तीनखोले साकोस | तनहुँ | २०७८/७/१३ |
| २. | अविरल साकोस | सुनसरी | २०७८/७/२८ |
| ३. | तिलकपुर महिला साकोस | नवलपरासी पश्चिम | २०७८/७/२८ |
| ४. | श्री महर्षि साकोस | नवलपरासी पश्चिम | २०७८/७/२८ |
| ५. | धरोहर साकोस | बुटवल | २०७८/८/१ |
| ६. | संसार साकोस | बुटवल | २०७८/८/१ |
| ७. | कलम साकोस | कास्की | २०७८/८/२२ |
| ८. | रिद्धिसिद्धि साकोस | दाङ | २०७८/९/७ |
| ९. | स्वरोजगार साकोस | इनरूवा-सुनसरी | २०७८/९/१३ |
| १०. | शिखर साकोस | धरान-सुनसरी | २०७८/९/१३ |

## सहकारी क्षेत्रको "भिजन पेपर" तयार गरिदै

सरकारले सहकारी क्षेत्रको विकास र प्रवर्द्धनका लागि स्पष्ट रणनीतिक योजनासहितको 'भिजन पेपर' तयार गर्न लागेको छ । सहकारी क्षेत्र प्रवर्द्धनका लागि अल्प, मध्य र दीर्घकालीन योजनाहरू समेटिएको भिजन पेपर तयारीमा सरकार जुटेको हो । उक्त कुरा भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्री शशी श्रेष्ठले नेपाल बचत तथा ऋण केन्द्रीय सहकारी संघ लि. (नेफ्स्कून) को ३० औं वार्षिक साधारण सभालाई यही मंसिर ३ गते काठमाडौंमा प्रमुख अतिथिको रूपमा सम्बोधन गर्दै जानकारी गराउनुभएको हो ।

नेफ्स्कूनका अध्यक्ष परितोष पौड्यालको अध्यक्षतामा आयोजित सभाको उद्घाटन सत्रलाई सम्बोधन गर्दै मन्त्री श्रेष्ठले सहकारी क्षेत्रलाई थप मर्यादित, सुशासित बनाउँदै अभियान र सरकार लगायत सरोकारवालाहरूसँगको सघन परामर्शको निचोडलाई समेत समेटी उक्त भिजन पेपर जारी गर्ने तयारीमा मन्त्रालय जुटेको बताउनुभयो । उहाँले छिट्टै अभियान तथा सरोकारवाहरूसँग छलफल गरेर पृष्ठपोषणसहित भिजन पेपरलाई निष्कर्ष दिइने जानकारी गराउनुभयो । कार्यक्रममा सहकारी विभागका रजिष्ट्रार झलकराम अधिकारीले पनि भिजन पेपर तयारीको बारेमा जानकारी गराउनुभयो । उहाँले संविधानले मान्यता प्रदान गरेको सहकारी क्षेत्रका समस्या र सम्भावना, चुनौतीहरू, अभियान र सरकारका तर्फबाट गर्नुपर्ने र गर्नसकिने कामहरू आदि सबै समेटेर भिजन पेपर तयारी भैरहेको बताउनुभयो । रजिष्ट्रार अधिकारीले भिजन पेपरका आधारमा अब फरक ढंगबाट जानुपर्ने र प्राप्त उपलब्धीहरूलाई संस्थागत र भावी समस्या समधानका लागि काम गर्नुपर्नेमा जोड दिनुभयो ।

# स्तरीकरण कार्यक्रम (प्रोबेसन) प्रति संवेदनशील हुँदै साकोसहरू

## गतिशील साकोस, ललितपुर



ललितपुरको लगनखेलस्थित गतिशील साकोस स्तरीकरण कार्यक्रम प्रोबेसनमा आवद्ध भएको छ । प्रोबेसन कार्यक्रम नेफ्स्कूनले सञ्चालन गरेको बचत तथा ऋण सहकारी संस्थाहरूको स्तरीकरणसम्बन्धी पूर्ण तथा व्यावसायिक साकोस विकास कार्यक्रम हो ।

नेफ्स्कूनका प्रमुख कार्यकारी अधिकृत प्रकाश प्रसाद पोखरेल, व्यवसाय विभाग प्रमुख राधेश्याम श्रेष्ठ, नेफ्स्कून ललितपुर फिल्ड कार्यालय इन्चार्ज दिनेश गौतम तथा साकोसका तर्फबाट अध्यक्ष डा.बलराम पाठक, उपाध्यक्ष विकास बहादुर थापा, सचिव रामकाजी पौडेल र कोषाध्यक्ष तिर्थ प्रसाद पोखरेलको रोहवरमा मंसिर १० गते नेफ्स्कूनका बरिष्ठ अधिकृत भरत प्रसाद न्यौपाने तथा साकोसका तर्फबाट व्यवस्थापक विणाकुमारी अमात्यले प्रोबेसन सम्झौता पत्रमा हस्ताक्षर गर्नुभएको थियो ।

२०५७ सालमा स्थापित गतिशील साकोसमा हाल ५९०० सदस्य छन् भने २ अर्ब ६८ करोड बढीको वासलात रहेको छ ।

## श्री गोरखकाली साकोस, गोरखा

गण्डकी प्रदेश गोरखा नगरपालिका ९ लक्ष्मीबजारमा अवस्थित श्री गोरखकाली बचत तथा ऋण सहकारी संस्था लि. स्तरीकरण कार्यक्रम 'प्रोबेसन' मा आवद्ध भएको छ । २०४८ साल साउन ७ गतेदेखि बचत संकलनको सुरुवात गरेको श्री गोरखकालीले २०५० साल साउन ७ गते डिभिजन सहकारी कार्यालय तनहुँको दमौलीमा दर्ता भई कारोवारमा पूर्णता प्राप्त गरेको थियो ।

संस्थालाई वित्तीय बजारमा स्वस्थ प्रतिस्पर्धा गर्न सक्ने र समयानुकुल प्रविधिमैत्री बनाउँदै जाने उद्देश्यले नेफ्स्कूनले सञ्चालन गरेको साकोसहरूको गुणस्तर प्रमाणीकरण सम्बन्धी पूर्ण तथा व्यावसायिक साकोस विकास कार्यक्रम (प्रोबेसन) मा सहभागी हुने निर्णय भएको संस्थाका अध्यक्ष सुजन कुँबरले साकोस अवाजलाई जानकारी गराउनुभयो । अध्यक्ष कुँवरका अनुसार साकोसका सेवाहरूलाई गुणस्तरीय बनाउँदै नीति विधिमा सञ्चालनमा ल्याउन, सदस्यहरूलाई आर्थिक रूपले सबल बनाउन र दीगो गुणस्तरीय र विश्वसनीय साकोस निर्माणमा अघि बढ्न स्तरीकरण कार्यक्रममा सहभागी बन्ने निर्णय भएको जानकारी गराउनुभयो ।

सदस्यहरूलाई बचत तथा ऋण सेवा मार्फत आयआर्जनका काममा जोड्दै सहकारी र सामुहिकताको भावनाबाट सदस्यको सामाजिक आर्थिक सुरक्षा कायम गरी व्यावसायिक सक्षमताको विकास गर्ने उद्देश्य संस्थाले लिएको संस्थाका सचिव गणेश थापाले जानकारी गराउनुभयो । उहाँले भन्नुभयो, "सदस्यहरूको प्राथमिक आवश्यकता र आयआर्जनका क्षमताको पहिचान गरी उत्पादनशील र आयमूलक क्षेत्रमा सदस्यहरू मार्फत लगानी प्रवर्द्धन गर्ने उद्देश्य साकोसले लिएको छ ।"




आजभन्दा करिबन ३० वर्ष अगाडि स्थानीय २२ जनाको सानो पैसा संकलनबाट सुरु भएको गोरखकाली साकोसको यात्रा आजसम्म आइपुग्दा १ हजार ७ सय १३ जना सदस्यमार्फत १४ करोड भन्दा बढीको कारोवार सम्भव भएको छ । २ करोड १६ लाख २८ हजार ८०० सेयर पुँजी, करिब १० करोड बचत, ५० लाखभन्दा बढी जगेडा कोष र ११ करोड ६५ लाख भन्दा बढी ऋण प्रवाह गर्न सफल भएको छ । गोरखा नगरपालिकाको वडा नं ६,८,९,१० र ११ मा कार्यक्षेत्र विस्तार गरेको गोरखकाली साकोसमा ६ जना कर्मचारी कार्यरत छन् ।

साकोसले चालु आ.व. भित्र सदस्य विस्तार सँगै सेयर पुँजी, प्रति सेयर मूल्य, बचत साथै ऋण लगानी वृद्धिको योजना अगाडि सारेको छ । यससँगै साकोसले स्थानीय व्यावसायी ऋणि सदस्यहरूलाई दैनिक बचत संकलनमा जोड्ने, निशुल्क ऐच्छिक बचत खाता खोल्ने, कार्यक्षेत्र भित्रका सबै संघ संस्थाहरूको आर्थिक कारोवार साकोससँग गर्न लगाउने, बचत योजना र ऋण लगानीको छुट्टाछुट्टै कार्यविधि निर्माण गर्ने, कर्मचारी तालिम तथा सदस्य शिक्षाका कार्यक्रम सञ्चालन गर्ने लगायतका कार्यक्रमहरू योजनावद्ध रूपमा अगाडि सारेको छ ।

साकोसको कार्यालयमा पुस ८ गते भएको सम्झौता कार्यक्रममा नेफ्स्कूनका सञ्चालक सदस्य एवम् लमजुङ फिल्ड कार्यालय व्यवस्थापन उपसमिति संयोजक कमलादेवि गिरी, लमजुङ फिल्ड इन्चार्ज विनोद ढकाल र साकोसको तर्फबाट अध्यक्ष सुजन कुँवर, उपाध्यक्ष तारा कुमारी बस्नेत, सचिव गणेश थापा र सञ्चालक सदस्यहरू भीमसेन कुँवर, कपिल नेपाली, देव सिंह बस्नेत र व्यवस्थापक अमृत बहादुर श्रेष्ठ सहितको सहभागिता थियो ।

## सहयोगी साकोस, उदयपुर

उदयपुर जिल्लाको बेलंका नगरपालिका ९ स्थित सहयोगी बचत तथा ऋण सहकारी संस्था लि. प्रोबेसन कार्यक्रममा आवद्ध भएको छ । २०६६ साल असोज १८ गते डिभिजन सहकारी कार्यालयमा दर्ता भएको सहयोगी साकोसले असोज २२ गतेबाट कारोवार सञ्चालन गरेको थियो । संस्थालाई वित्तीय रूपमा सुरक्षित, सबल र दीगो बनाउन नेफ्स्कूनले सञ्चालन गरेको साकोसहरूको गुणस्तर प्रमाणीकरणसम्बन्धी पूर्ण तथा व्यावसायिक साकोस विकास कार्यक्रम (प्रोबेसन) मा सहभागी हुने निर्णय भएको अध्यक्ष पुष्पराज सुवेदीले साकोस अवाजलाई जानकारी गराउनुभयो । अध्यक्ष सुवेदीका अनुसार संस्थाको वित्तीय शुद्धता, सुरक्षा, संरचनागत सुधार र विश्वसनीयता वृद्धिको उद्देश्य र अपेक्षासहित गुणस्तरीय सुनिश्चिततासम्बन्धी प्रमाणीकरण कार्यक्रममा आवद्धता जनाउने सहमति सञ्चालक समिति बैठकले गरेको हो । पुस ११ गते साकोसको कार्यालयमा प्रोबेसन कार्यक्रम सम्झौता भएको हो । कार्यक्रममा साकोसका अध्यक्ष सुवेदी, नेफ्स्कूनका बरिष्ठ अधिकृत भरत न्यौपाने, कार्यक्रम अधिकृत मुकेश दाहालसँगै संस्थाका प्रतिनिधिहरूको सहभागिता थियो ।



२८ जनाबाट जनही ५ हजार रूपैयाँका दरले सेयर पुँजी संकलन गरी सुरू भएको सहयोगी साकोसमा हाल ३५ सय सदस्य छन् । सदयहरूलाई आयआर्जनको काममा जोड्नुपर्ने आवश्यकतालाई साकोसले बोध गरेको भन्दै उद्यमशीलतामा सहयोगी योजना तथा सेवा विस्तारलाई प्राथमिकतामा राखिएको अध्यक्ष सुवेदीले जानकारी गराउनुभयो । कोभिडले गर्दा सदस्यहरूको आय आर्जनका विकल्पहरू साँघुरिएका कारण भाखा नाघेको ऋण व्यवस्थापन चुनौती भएको उहाँले बताउनुभयो । बेलंका नगरपालिकाभर कार्यक्षेत्र रहेको साकोसको वडा नं ४ लालबजारमा सेवाकेन्द्र रहेको छ भने १० जना कर्मचारीहरू कार्यरत छन् । २ करोड ११ लाख सेयर पुँजी रहेको संस्थाले २१ करोड ७६ लाख बढी ऋण प्रवाह गरेको छ ।



## सञ्चार साकोस- पोखरा

पोखरा-९ न्युरोडस्थित सञ्चार साकोस प्रोबेसन कार्यक्रममा आवद्ध भएको छ । पुस १३ गते साकोसको सभाहलमा भएको सम्झौता कार्यक्रममा साकोसको तर्फबाट उपाध्यक्ष प्रेम प्रसाद दाहाल र व्यवस्थापक रेशम खड्का उपस्थित हुनुहुन्थ्यो भने नेफ्स्कूनको तर्फबाट पोखरा फिल्ड कार्यालय ईन्चार्ज यमकला सुवेदी, अनुगमन अधिकृत सुर्यप्रसाद तिमल्सिना तथा वरिष्ठ सहायक दिप्ती आचार्यको उपस्थिति थियो । २७ करोड २५ लाख रूपैयाँ कुल सम्पत्ति रहेको सञ्चार साकोसमा हाल १६०० सदस्य छन् ।



**शुभकामना साकोस, पोखरा**

पोखरा ८ सिर्जनाचोकस्थित शुभकामना बचत तथा ऋण सहकारी संस्था लि. कार्तिक १४ गते प्रोबेसन कार्यक्रममा आवद्ध भएको छ । संस्थालाई नीति, विधि र प्रविधि अनुरूप थप व्यावसायिक र सुशासित बनाउन छाता संघ नेफ्स्कूनले सञ्चालन गरेको साकोसहरूको स्तरीकरणसम्बन्धी पूर्ण तथा व्यावासायिक साकोस विकास कार्यक्रम प्रोबेसनमा आवद्ध भएको संस्थाका व्यवस्थापक अशोक बस्नेतले जानकारी गराउनुभयो ।

सम्झौता हस्ताक्षर कार्यक्रममा नेफ्स्कूनकोतर्फबाट पोखरा फिल्ड कार्यालय इन्चार्ज यमकला सुवेदी, कार्यक्रम अधिकृत सूर्य प्रसाद तिमल्सिना, बरिष्ठ सहायक दिप्ती आचार्य सहभागी हुनुहुन्थ्यो भने शुभकामना साकोसको तर्फबाट अध्यक्ष गोकर्ण बरूवाल र व्यवस्थापक अशोस बस्नेत सहभागी हुनुहुन्थ्यो ।

२०६६ सालमा स्थापित शुभकामना साकोसमा हाल ५ सय ५३ सदस्य, करिब ४ करोड ४० लाख सेयर पुँजी, ११ करोड बचत, ११ करोड ऋण लगानी रहेको छ । ४ जना कर्मचारी रहेको उक्त साकोसले मुख्य कार्यालय सिर्जनाचोक मार्फत मात्रै सदस्य सेवा प्रदान गर्दै आइरहेको छ । व्यवस्थापक बस्नेतले भन्नुभयो, "कार्यक्रम आवद्धता पश्चात तालिम, शिक्षाको माध्यमबाट संस्थागत सुधारमा द्रुत गतिमा लाग्ने विश्वास लिएका छौं ।"

**२०७८ कार्तिक देखि पुस मसान्तसम्म प्रोबेसन कार्यक्रममा आवद्ध साकोसहरू**

| क्र.सं. | साकोस | ठेगाना | आवद्धता मिति |
|---|---|---|---|
| १. | पेवा साकोस | दाङ | २०७८/०७/१० |
| २. | मिलिजुली साकोस | कास्की | २०७८/०७/०८ |
| ३. | शुभकामना साकोस | पोखरा | २०७८/०७/१४ |
| ४. | गतिशिल साकोस | ललितपुर | २०७८/०८/१० |
| ५. | गोरखकाली साकोस | गोरखा | २०७८/०९/०८ |
| ६. | सहयोगी साकोस | उदयपुर | २०७८/०९/११ |
| ७. | सञ्चार साकोस | पोखरा | २०७८/०९/१३ |

# कैलालीको बर्दगोरियामा सहकारी सचेतना अभिमुखीकरण कार्यक्रम

सुदुरपश्चिम प्रदेश अन्तरर्गत कैलालीको बर्दगोरिया गाँउपालिकामा नेपाल बचत तथा ऋण केन्द्रीय सहकारी संघ लि (नेफ्स्कून) को आयोजना र बर्दगोरिया गाँउपालिकाको सहकार्यमा आधारशिला कार्यक्रम अन्तर्गत सहकारी सचेतना अभिमुखीकरण कार्यक्रम मंसिर १५ गते सम्पन्न भएको छ ।

नेफ्स्कूनका सञ्चालक सदस्य एवम् कञ्चनपुर फिल्ड कार्यालय व्यवस्थापन उप समिति संयोजक माधव प्रसाद जाशीको अध्यक्षता र बर्दगोरिया गाँउपालिकाका उपाध्यक्ष भगवती देवी डगौराको प्रमुख आतिथ्यमा सम्पन्न भएको थियो । उक्त कार्यक्रममा गाँउपालिकाका वडा अध्यक्षहरू र बिभिन्न सहकारीका अध्यक्षहरू एव्रम्तिनिधिहरू सहित सहकारीकर्मीहरूको उपस्थिति रहेको थियो ।

कार्यक्रममा बर्दगोरिया गाँउपालिका कैलालीमा सञ्चालित २६ वटा बिभिन्न प्रकृतिका सहकारी संस्थाहरूबाट ४१ जनाको सहभागिता थियो । तालिम सहजिकरण संघका कार्यक्रम अधिकृत पवन जंग मल्लले गर्नुभएको थियो भने व्यवस्थापन संघका कैलाली कार्यालय इन्चार्ज योगेश बोहराले गर्नुभएको थियो ।

# सदस्य सन्तुष्टिका कार्यक्रममा जोड दिंदै कञ्चनपुरको सिर्जना साकोस

नेपालको सुदूर पश्चिमको कञ्चनपुरमा अवस्थित सिर्जना बचत तथा ऋण सहकारी संस्था लि. २०५८ असोज २३ गते विधिवत दर्ता भई सञ्चालनमा छ । स्थानीय २७ जना सेयर सदस्यहरूबाट प्रति सदस्य रू २ सय ७० संकलन गर्दै कुल २७ सय पुँजीबाट बचत अभियानको थालनी भएको थियो । रूखको छाँयामुनी बसेर स्थानीय २७ जनाको समूहले सहकारी संस्था दर्ता गर्ने विषयमा गरिएको छलफल र बचत संकलनको प्रयास गर्दा सदस्य हुन आवश्यक प्रति व्यक्ती शेयर रू. १०० संकलन गर्न सुरूमा निकै समस्या भएको संस्था स्थापनाकालदेखि वर्तमानसम्म संस्थाको नेतृत्वमा रहनुभएका दमन बहादुर सिंह बताउनुहुन्छ ।

तत्कालिन समूदायमा गठन भएका समूहहरूलाई एकीकृत गरि आर्थिक कारोवार व्यवस्थित, पारदर्शि वनाउने र साहुहरूको चर्को ब्याजबाट स्थानीयहरूलाई उन्मुक्त गराई बचत गर्ने वानीको विकास गदै समुदायको आर्थिक, सामाजिक र सांस्कृतिक विकास गर्ने उद्देश्यका साथ संस्था स्थापना गरिएको थियो । बचत गर्ने, ऋण लगानी गर्ने, सदस्यका आवश्यक माग अनुसार सामाजिक आर्थिक गतिविधि सञ्चालन गर्ने मुल उद्देश्य संस्थाले अगाडि सारेको थियो ।

स्थापनाकाल (आ.व. २०५८/०५९) मा ८७ जना सेयर सदस्य मार्फत ४८ हजार ५ सय सेयर पुँजी, ५५ हजार ३ सय ३८ बचत संकलन र करिब १ लाख ऋण लगानी गर्न सफल भएको थियो । सहकारीले स्थापनाको पहिलो वर्ष नै १२ सय ३३ रूपैयाँ मुनाफा समेत आर्जन गरेको इतिहाँस संस्थाका अध्यक्ष मन बहादुर सिंहले सुनाउनुभयो । संस्था स्थापनाको २१ वर्षको अनवरत यात्रामा साना ठूला वित्तीय उतारचडावहरू आइरहे । करिब दुई दशक पुरा गर्दा संस्थामा हाल ३ हजार ८ सय ६९ सेयर सदस्य मार्फत १ करोड ८० लाख सेयर पुँजी, ९ करोड १५ लाख बचत संकलन, १ करोड १६ लाख ऋण लगानी गरी करिब ४४ लाख मुनाफा आर्जन गर्न सफल भएको संस्थाका व्यवस्थापक नयनसिंह ठगुन्नाले जानकारी गराउनुभयो ।

## सहकारीका सेवाहरू

सहकारीले घरदैलो बचत कार्यक्रम मार्फत आफ्ना विभिन्न सेवाहरूमा बचत संकलनको काम गरिरहेको छ भने सेवामा ४ प्रतिशतदेखि १२ प्रतिशत सम्म ब्याजदर कायम गरेको छ । वार्षिक ८ देखि १४ दशमलब ५ प्रतिशत ब्याजदरमा कर्जा सुविधा उपलब्ध गराएको छ भने अधिकतम ऋण सीमा १२ लाख कायम गरेको छ । त्यसैगरी संस्थाले पशुहरूमा निशुल्क महामारी विरूद्ध भ्याक्सिन सेवा, अति आकस्मिक कर्जा रू. १ लाखसम्म २४सै घण्टा सेवा उपलब्ध गराएको छ । पशुधन सुरक्षण (नि:शुल्क पशु बीमा) कार्यक्रम लागु गरेको छ भने सदस्यहरूको उत्पादन बजारीकरणका लागि सहजीकरण गर्दै घरदैलो दुग्ध संकलन तथा






बिक्री वितरणको कार्यमा समेत सघाउ पुर्‍याउँदै आएको छ । त्यसै गरी कृषि उद्यम गर्ने सदस्यहरूका लागि निःशुल्क घासको बिउ वितरण, सदस्य राहत सहयोग कार्यक्रम अन्तर्गत सदस्यहरूमा परेको दुःख सुखमा सद्‌भावपूर्ण सहयोग प्रदान गर्दै आइरहेको छ । त्यसैगरी वित्तीय सेवामा प्रविधि प्रयोगलाई बढावा दिन निशुल्क मोवाईल बैंकिङ्ग सेवा सञ्चालन गरिरहेको छ ।

११ जनाको सचालक समितिले संस्थामा आवश्यक नीति, कार्यविधिहरू, साधन स्रोतका व्यवस्थाका साथै कर्मचारीहरूको हौसला वढाउने र काममा प्रेरित गर्न उपयुक्त मूल्यांकन गरी असल सम्बन्ध कायम रहेको छ । असल सम्बन्ध कायम नहुँदा संस्थाको विकासमा र सदस्य सेवाग्राहीहरूको मानसिकता नकारात्मक असर गरी संस्था दीगो हुन नसक्ने अवस्था आउन सक्छ । सो प्रति व्यवस्थापन र सञ्चालक सचेत रही सोही अनुसार तालमेल मिलाई कार्य योजना अगाडि बढाइएको छ ।

## सदस्य सशक्तिकरणका कार्यक्रमहरू

- सदस्यहरूलाई प्राविधिक पक्षको जानकारी सहित व्यवसाय सञ्चालनका लागि सहज ऋण लगानी गर्ने,
- ८ प्रतिशत ब्याजदरमा राहत कर्जा लगानी
- घरदैलो बचतबाट शेयरधनी र बाल बचतकर्ताको घरायसी खर्च कटौती गरी बचत गर्ने वानीको सुधार
- सहयोगी निकायबाट सहयोग जुटाई दुग्ध उत्पादन बोनस वितरण तथा प्रोत्साहन
- सदस्यलाई युवा स्वरोजगार कर्जा मार्फत स्वरोजगारी सिर्जना
- सदस्यको मृत्युमा, सुत्केरी हुँदा र विपदमा राहत सहयोग भुक्तानी
- कोरोना महामारीमा ऋणको ब्याजमा २५ प्रतिशतसम्म छुट सुविधा उपलब्ध गराइएको ।

साकोसले सञ्चालक एमव् कर्मचारीहरूको क्षमता विकासका लागि तलिम आयोजना तथा सहभागिता, योजनाहरू निर्माण तथा गोष्ठीमा सहभागिताको व्यवस्था र वजेट विनियोजन गरि क्षमता विकासमा जोड दिएको छ ।

त्यसैगरी नेफ्स्कूनद्वारा सञ्चालित साकोस स्तरीकरण कार्यक्रम प्रोबेसनमा आवद्ध छ । स्तरीकरण आवद्धता कार्यक्रमले साकोसमा सिकाई आदान प्रदान, नीति नियमको परिपालना र सुशासनमा सहयोग पुगेको छ । सहकारीको वित्तीय पक्षमा गरिने सूक्ष्म अनुगमनको कार्यले संस्थालाई सुशासित र सबल बनाउने अपेक्षा गरिएको छ ।

## सहकारी सेवाका चुनौतीहरू

- अनुगमन तथा निरीक्षण गर्ने निकायको सक्रियता नरहेकाले ऐन कानुन परिपालनाको अवस्था कमजोर रहेको छ ।
- कानुनी मान्यताको कमि, प्राविधिक तथा उच्च तहको कार्यदक्षता वृद्धि हुने अवसरहरूको कमी रहेकाले भाविष्यमा समय सापेक्ष सेवा दिन नसक्ने अवस्थामा सहकारी क्षेत्र कमजोर रहेको छ ।

## साकोससाग सदस्यको अपेक्षा

सदस्यको अपेक्षा अन्य वित्तीय संस्थाको जस्तै घरमै आएर सेवा दिनु पर्छ, विना धितो धेरै ऋण जतिबेला पनि पाउनु पर्छ, काउन्टर सेवा छिटो छरितो दिनुपर्छ भन्ने अपेक्षा रहेको छ । वास्तवमा सहकारीले प्रतिस्पर्धामा आउनका लागि सोही प्रकृतिको सेवा सुविधा दिन दैनिक बचत, ववि बचत ऋण आदि कार्यक्रम सञ्चालनमा ल्याएको छ भने टोलटोलमा पुगेर मासिक रूपमा बचत लिने सेवाका लागि मानव संसाधन व्यवस्थापन तथा सुधार गर्ने प्रक्रियामा क्रियाशिल छ ।

## रणनीतिक योजना

- आवश्यक कार्यक्षेत्र विस्तार,
- सबै कार्यालयबाट ए.टी.एम. सहितको प्रविधिमैत्रि सेवा प्रवाह,
- दोधारा चांदनी नगरपालिकामा एक घर एक सदस्य अभियान सञ्चालन
- प्रोबेसन तथा अन्य गुणस्तर सुधारका कार्यक्रममा सहभागी भई सुशासन कायम गर्ने र
- चुस्त दुरूस्त सदस्य सेवा पहुँच विस्तार गर्ने योजना अगाडि सारेको छ ।

❑ ❑ ❑

# 'सदस्यको आर्थिक सशक्तिकरणमा जोड दिएका छौं'





**देवका श्रेष्ठ**
**छिन्नमस्ता महिला साकोस**
**चाँगुनारायण, भक्तपुर**

भक्तपुरको चाँगुनारायण नगरपालिका-१०, पौवा अवस्थित छिन्नमस्ता महिला बचत तथा ऋण सहकारी संस्था लि. २०५७ भदौ १५ गते स्थापना भई २०६३ मा दर्ता भएको हो । स्थापनाकालदेखिकी अध्यक्ष देवका श्रेष्ठ स्थानीय २६ जना महिलाहरूको समूह गठन गरेर एक/एक सय बचत संकलन गरी संस्था गठन भएको स्मरण गर्नुहुन्छ । तत्कालिन डिभिजन सहकारी कार्यालय भक्तपुरमा दर्ता भई विधिवत रूपमा स्थानीय समुदायमाझ वित्तीय सेवा प्रवाह गर्दै आइरहेको छिन्नमस्ता महिला साकोसले २०६३ देखि स्थानीय पिछडिएका महिलाहरू, जसको आयस्रोतमा पहुँच पुग्न सकेको छैन त्यस्ता महिलाहरूको आर्थिक सशक्तिकरणको क्षेत्रमा योजनावद्ध कार्यक्रम मार्फत सहयोग गर्दै आइरहेको साकोसकी अध्यक्ष श्रेष्ठ बताउनुहुन्छ ।

समूहमा बचत संकलन र समूहभित्रै बचत र ऋणको कारोवार गर्दै गठित सहकारीको उद्देश्य विशुद्ध रूपमा महिलाहरूको आयस्रोत बढाउनुनै थियो । ग्रामिण भेग, यसमा पनि सबै महिलाहरू कृषिमा आवद्ध हुनुहुन्थ्यो । निर्वाहमुखी कृषिमा आश्रित सबै महिलाहरूमा आम्दानीको स्रोत केही थिएन । हामी सहकारीमा बचत गनुपर्छ भनेर त लाग्यौं, तर महिलाहरूमा न बचत गर्ने पैसा नै थियो न त बचत बारे चेतना । थोरै बचत गरेर के नै हुन्छ र भन्ने महिला दिदीबहिनीहरूलाई सहकारीमार्फत बचतको महत्वबारे बुझायौं । कृषि प्रणालीमा पनि योजना बनाएर काम गर्नुपर्छ भन्ने सिकाउँदै गयौं । १४/१५ वर्षको दौरानमा आज सहकारीको साथ पाएर धेरै सदस्यहरू आर्थिक रूपमा आत्मनिर्भर बन्नुभएको छ । महिलाहरूमा आर्थिक पहुँच वृद्धि भएको छ ।

हिजोको दिनमा सहकारीमा पनि आर्थिक समस्या थियो । सदस्यहरूलाई ५/१० हजार ऋण दिन पनि धौधौं पऱ्यो ।

कर्मचारीलाई तलब दिन नसकेको अवस्था थियो । एक दुई जनालाई पालो लगाएर हामीले सहकारीको काम गऱ्यौं । आज ८ जना कर्मचारी कार्यरत छन् । कुल १२ सय ४१ सस्यहरूलाई **वित्तीय साथै अन्य सेवाहरूमा जोड्दै अगाडि बढेको साकोस हाल १७ करोडको वित्तीय कारोवार गर्न सफल भएको छ । सदस्यहरूका लागि आधुनिक कृषि प्रविधि साथै उद्यमशील सीप विकास मार्फत आर्थिक सशक्तिकरणमा योगदान पुऱ्याउँदै आएका छौं ।**

वित्तीय कारोवार सुशासनमा राख्न, नीति नियम विधिमा संस्था सञ्चालन गर्न कर्मचारीहरूमा पनि दक्षता विकास भइरहेको छ । नेफ्स्कून, बचत संघ लगायतका केन्द्रीय निकायहरूसँग पनि समन्वयमा काम गरिरहेका छौं । नेफ्स्कूनका तालिम शिक्षाका कार्यक्रमहरूमा पनि नियमित रूपमा सहभागी छौं ।

नेफ्स्कूनद्वारा सञ्चालित स्तरीकरण कार्यक्रम प्रोबेसनमा आवद्ध भई संस्थागत सुशासन र वित्तीय पारदर्शितामा प्रतिवद्ध भएर लागेका छौं । सहकारीलाई नीति, विधि र प्रविधिमा कसरी सञ्चालन गर्ने र यसको स्तरोन्नती कसरी गर्न सकिन्छ भन्दै काम गरिरहेका छौं ।

यस वर्ष सम्पन्न १५औं वार्षिक साधारणसभामाबाट हामीले युवा उमेरका महिला दिदीबहिनीलाई कसरी अगाडि बढाउने भन्ने सोचेर २ रोपनी जग्गा भाडमा लिएर कृषि पाठशाला सुरू गरेका छौं । त्यो पाठशाला सुरूवात गर्ने विषयमा बैंकसँग समन्वय गरेर आधुनिक प्रविधि र कृषि प्राविधिकहरूको सहयोगमा कार्यक्रम तयारी भएको छ । युवा पुस्तालाई आयआर्जनको क्षेत्रमा जोड्न सिलाइ कटाईको सीप विकास कार्यक्रम पनि अगाडि सारेका छौं ।

सहकारीको स्थापनाकाल २०५७ देखि नै म सहकारीको सञ्चालक समितिको नेतृत्वमा छु । संस्थाको १५ औं वार्षिक साधारणसभा पनि सम्पन्न भएको छ, अब नयाँ साथीहरू नेतृत्वमा आउनुपर्छ भनेर हामी नेतृत्व विकासको तयारीमा





लागेका छौं । सहकारीको विगत र वर्तमानमा धेरै ठूलो परिवर्तनको महसुश गरेका छौं भने यसको भविष्य अझ सबल बनाउन समूहकार्यमा जोड दिएका छौं ।

### व्यक्तिगत पाटो

सहकारीमार्फत महिलाहरूको आर्थिक सशक्तिकरणको सवाल उठाइरहँदा मैले मेरो आर्थिक अवस्थाको पनि मूल्यांकन गरें । आफ्नो आर्थिक अवस्थामा सुधार ल्याउन पर्छ कि पर्दैन भनेर पछाडि फर्केर हेरें । स्थानीय स्रोत साधनको परिचालन गरेर यहीका स्थानीय महिला दिदीबहिनीहरूलाई रोजागारी दिनुपर्छ भन्ने लाग्यो । महिलाहरूमा आर्थिक विभेद छ, महिला हिंसाको सिकार छन् अव हामीले यहाँका महिलाहरूलाई पैसा दिएर अगाडि बढाउन सक्दैनौ यसको अलावा पेसा दियौं भने आत्मनिर्भर भएर अगाडि बढ्न सक्छन् भन्ने उद्देश्यले संस्था दर्ताको प्रक्रियामा लागें । सहकारी मार्फत संस्था दर्ता गर्न नपाइने व्यवस्था ऐनमा भइसकेपछि मैले व्यक्तिगत खर्चमा उद्योग सञ्चालन गरेर स्थानीय महिलाहरूलाई आत्मनिर्भर बनाउने सोचका साथ अगाडि बढें । सहकारीको नेतृत्वसँगै उद्यम सञ्चालनको पाटोलाई पनि समानान्तर रुपमा अगाडि बढाएँ । म अहिले चम्पक पाउँ उद्योगको प्रोप्राइटर पनि हुँ ।

चाँगुनारायणमा धेरै लप्सी फल्छ । लप्सी फल्ने, बोटमै पाक्ने, झर्ने सुकेर जाने गरेको देखेर मलाई यसको सदुपयोग कसरी गर्न सकिएला भनेर सँधै हुटहुटी हुन्थ्यो । छिन्नमस्ता महिला बचत तथा ऋण सहकारी संस्था स्थापनामा निकै ठूलो सहयोग पुर्‍याएको आइसिए नेपालबाटै हामीले लप्सीको क्याण्डी बनाउने तालिम पनि लिने अवसर पायौं । सुरू सुरूमा स्थानीय जंगलमै पाइने लप्सी र अमलाबाट क्याण्डी बनाउने र स्थानीय बजारमा बेच्न सुरू गरें । सुरुमा एक दुई जनाले काम पनि पाउनुभयो । विस्तारै बजार पनि बढ्दै गयो । विभिन्न ठाउँबाट माग आउन सुरू भयो । उद्योग सञ्चालन र कच्चा पदार्थ भण्डारणका लागि टहरा बनाएँ । स्थानीय रूपमा खेर गएको लप्सीबाट क्याण्डी बनाएर बजारमा बेच्ने उद्देश्यले सुरू भएको चम्पक पाउँ उद्योगले आज १५ वर्ष पार गरेको छ ।

सानो कोठाबाट सुरू गरेको काम आज दुई तीनवटा टहरा दुई तीनवटा कोठामा सञ्चालन भइरहेको छ । प्रत्यक्ष रूपमा ५ जना र अप्रत्यक्ष रूपमा घरपरिवारका सबै जना गरी १० जनाले काम गरिरहेका छौं । अहिले महिनाको दुई लाखको पाउँको कारोवार भइरहेको छ, वर्षमा करिब करिब ३०/३५ लाखको कारोवार छ ।

हिजोका दिनमा मान्छेले पत्याएका थिएनन् । काम गर्दै जाँदा र त्यसैलाई निरन्तरता दिँदै जाँदा हुँदो रहेछ, सबैले विश्वास पनि गर्दा रहेछन् भन्ने लगेको छ । आज उपत्यकाका सबै ठाउँ र केही बाहिरी जिल्लासम्म पनि चम्पक पाउँ पुगेको छ । विशेष गरेर उपहार स्वरूप बाहिर पठाउन पनि चम्पक पाउँ सबैको रोजाइमा पर्छ, यसका लागि हामीले विशेष खालको नेपाली कागजको बक्सा बनाएर नेपाली पन झल्कने गरेर विदेश उपहार लानेहरूका लागि माग अनुसार प्याकिङ गरिदिने व्यवस्था पनि गरेका छौं । चाँगुनारायण मन्दिरमा मात्रै पनि करिब महिनाको ४०/५० हजारको पाउँ विक्रि हुन्छ । लेखा हेर्ने छुट्टै कर्मचारी पनि राखेका छौं ।

माग बढेसँगै अहिले चाँगुनारायण, काभ्रेको पनौती र नुवाकोटबाट लप्सी र अमला खरिद गर्ने गरेको छु । प्रविधिको प्रयोग सँगै गुणस्तर सुधारमा पनि निरन्तर लागिरहेकै छु । क्याण्डी बनाउँदा प्रयोग हुने अन्य सामाग्री खुर्सानी, हिंङ र चिनी हुन् । हामीले क्याण्डीको स्वाद र गुणस्तर सुधारका लागि चिनीको सट्टा मह राखेर पनि क्याण्डी बनाउन टेष्टिङ गरिरहेका छौं । महङ्गो पर्ने भएपनि मह मिलाएर बनाएको क्याण्डी धेरैको रूचिमा पर्ने र अन्तर्राष्ट्रिय बजार पनि लिने आंकलन गरेका छौं । हामीसँग अहिले लप्सी र अमलाको विभिन्न स्वाद, रङ, आकार र गुणस्तरका क्याण्डीहरू छन् । माग अनुसार रङ र चिनिको प्रयोग विना महको स्वादमा पनि क्याण्डी उत्पादनको तयारी गरिरहेका छौं । अवको योजना स्वास्थ्यका लागि पनि राम्रो गर्ने औषधिय गुणले युक्त क्याण्डी उत्पादन गर्नुपर्छ भन्ने छ ।

करिब डेढ दशक सहकारीको नेतृत्वमा रहेर स्थानीय महिलाहरूको आर्थिक सशक्तिकरणका लागि गरेको पहलकदमी र स्थानीय चम्पक पाउँ उद्योगको सफलताले आफुलाई निकै गर्व महसुश हुन्छ ।

# सक्रिय महिला साकोसको सफलता

मकवानपुरको इन्द्रसरोबर ४ फाखेलस्थित सक्रिय महिला बचत तथा ऋण सहकारी संस्था लि. आजभन्दा २२ वर्ष अगाडि ३५ जना महिलाहरूको सहभागितामा सेयर पुँजी रू. ३५०० र प्रति सदस्य रू. ५ का दरले १ सय ७५ बचत संकलन गरी सक्रिय महिला बहुउद्देश्यीय सहकारी संस्था उदय भएको थियो । स्थापनाको करिब ५ वर्ष बहुउद्देश्यीय सहकारीको रूपमा सञ्चालित सक्रिय महिला २०६२ साल जेठ ९ गते बचत तथा ऋण सहकारीमा रूपान्तरित भयो । स्थापनाकालदेखि नै महिलाहरूबीच सामुहिक भावनाको विकास गर्दै आर्थिक सशक्तिकरणमा जोड दिने उद्देश्यका साथ संस्था अगाडि बढेको संस्थाका संस्थापक अध्यक्ष अञ्जु लामा स्मरण गर्नुहुन्छ । महिलाहरूमा रहेको गरिबी, अशिक्षा, लैंगिक विभेद जस्ता समस्याहरूलाई न्यूनीकरण गर्दै महिलाहरूको सामाजिक तथा आर्थिक स्तरोन्नती, सचेतना अभिवृद्धि र आर्थिक आत्मनिर्भरताका लागि पहल गर्न केन्द्रीकृत भएर लाग्यौं ।

**स्थापनाको स्मरण**

घरभित्र सीमित महिला, महिलाहरूलाई हेर्ने फरक दृष्टि, घरबाट आर्थिक सामाजिक हिंसा भोग्न बाध्य महिलाहरूको उत्थानका लागि केही गर्ने उद्देश्यले सहकारी संस्था स्थापनाको सोच आयो । आफ्नो परिचय दिन नसक्ने, फलानोको श्रीमति भनेर चिनाउन श्रीमानको नाम उल्लेख गर्न नमिल्ने, रू ५ रूपैयाँ बचत गर्न श्रीमानले दिँदैनन् भनी बचत गर्न नसक्ने अवस्था हुनुले पनि मकवानपुर इन्द्रसरोबरका महिलाहरूको अवस्था निकै दयनिय थियो भन्ने सहज आंकलन गर्न सकिन्छ । अध्यक्ष श्रमिक लामाले भन्नुभयो, "हामीले त्यो अवस्थाबाट महिलाहरूलाई सशक्त बनाउनुपर्ने थियो । त्यसको विकल्पमा हामीले सहकारीलाई अगाडि ल्यायौं,



आज घरको चौघेरामा सीमित र दवियको आवाजसाथ रहेका महिला दिदीबहिनीहरू आज हर क्षेत्रमा सक्रिय महिला सहकारीको आडले सक्रिय र क्रियाशिल बन्नुभएको छ ।"

**उक्लदो ग्राफ**

करिब २ दशक अगाडि ३५ जना सेयर सदस्यको ३५ सय सेयर पुँजी र १ सय ७५ बचत संकलनबाट सुरू भएको सक्रिय महिलाको यात्रा आज निकै अग्लिएको छ । वर्तमानमा १६ सय ४० सेयर सदस्य, १ करोड २१ लाख सेयर पुँजी सहित कुल कारोवार १२ करोड ६७ लाख पुगेको छ । कार्यक्षेत्रको आधारमा ५६ प्रतिशत सदस्य बनाउन सफल सक्रिय महिलाले बचत र ऋण लगानी प्रभावकारीता सँगै कृषिलाई मुख्य लगानी क्षेत्र बनाएको छ । कुल ऋण लगानीको ५० प्रतिशत कृषि क्षेत्रमा छ । कोभिड कहरसँगै मुख्य चुनौतीको रूपमा रहेको भाखा नाघेको ऋण असुली प्रक्रिया पनि अगाडि बढ्दै छ भने संस्थाले कार्यक्षेत्र विस्तार र सदस्यता वृद्धि लक्ष्यलाई मुख्य बनाएको छ ।

**सहकारीका सेवाहरू**

सक्रिय महिला साकोसमा सदस्य सहभागिता वृद्धि निरन्तर उकालो लाग्दो छ भने संस्थाको अवको लक्ष्य पनि कार्यक्षेत्र विस्तार र सदस्यता वृद्धि रहेको छ । साकोससँग बचत सेवा, ऋण सेवा सँगै रेमिट्यान्स, अतिरिक्त सेवा सञ्चालन साथै सदस्य राहत सेवा सञ्चालनमा छन् । सदस्य राहत अन्तर्गत मृत्यु राहत, सुत्केरी राहत, प्राकृतिक विपत्ति राहत, हिंसा पीडित राहत कार्यक्रम सञ्चालनमा छन् । यससँगै सहकारी मार्फत विभिन्न सिप विकास कार्यक्रमहरू,







बाल विवाह सचेतना कार्यक्रम, महिला हिंसा सचेतना, वैदेशिक रोजगार सचेतना कार्यक्रम, पर्यावरण संरक्षण कार्यक्रम, बीमा कार्यक्रम लगायत सचेतनामुलक कार्यक्रमहरू सञ्चालनमा छन् ।

व्यवस्थापक सविना लामाका अनुसार सञ्चालक समिति र व्यवस्थापनबीच सौहार्दपूर्ण एवम् सहयोगी सम्बन्धले पनि संस्थागत विकास र विस्तारमा सहयोग गरेको छ । योजना अनुरूप कार्यसम्पादन नीति साकोसले लिएको छ । नीति बमोजिम कार्यसम्पादन र सञ्चालक समिति निर्णय बीचको तालमेल मिलेको छ जसले गर्दा कार्यसम्पादन सहजतासँगै चुस्त दुरूस्त कार्यशैली विकास भएको छ ।

साकोसले सञ्चालक एवम् कर्मचारीहरूको क्षमता विकासका लागि रणनैतिक योजना मै राखी बजेट विनियोजन गरी वार्षिक रूपमा क्षमता विकासमा जोड दिएको छ भने आवश्यकता अनुसार छाता संघहरूले सञ्चालन गरेको तालिम भ्रमणमा पनि निरन्तर सहभागी छ ।

नेफ्स्कूनद्वारा सञ्चालित साकोस गुणस्तर सुनिश्चितताको कार्यक्रम प्रोबेसनमा सहभागी भइ निरन्तर २ पटक ब्राण्ड प्राप्त गर्न सफल सक्रिय महिला साकोस पूर्णत नीति विधिमा सञ्चालनमा छ, वित्तीय सवलता सँगै संस्थागत सुशासन कायम भएको छ, संस्थाको आधुनिक अभिलेखिकरण पद्दति विकास भई आवश्यक कागजात सुरक्षा वृद्धि, कार्यसम्पादनमा चुस्तता आएको छ भने सदस्य सुरक्षा र वित्तीय स्वस्थता कायम भएको छ । सदस्यको बचतको सुरक्षा सँगै सुरक्षित लगानी प्रवर्द्धन र सदस्य सम्पत्तिदर वृद्धि गर्न आवश्यक योजना निर्माणमा व्यवस्थापनले कुशल कार्यसम्पादन गरिरहेको छ । गुणस्तर ब्राण्ड प्राप्त साकोले नेफ्स्कूनको ३०औं वार्षिक साधारणसभाबाट २०७७ को सर्वोत्कृष्ट साकोस (महिलातर्फ) सम्मान पनि प्राप्त गरेको छ ।

साविकको फाखेल गाविस हाल ४ र ५ नं वडा कार्यक्षेत्र रहेको साकोससँग एउटा सेवाकेन्द्र छ । भौगोलिक हिसाबले सदस्यहरूलाई सेवा लिन टाढा पर्ने भएकाले इन्द्रसरोवर ५ चखेलमा पनि सेवाकेन्द्र सञ्चालनमा ल्याएको थियो । साकोसले मासिक सहकारी शिक्षा कार्यक्रम राखेको छ भने प्रत्येक दुई महिनामा वित्तीय साक्षरता कक्षा सञ्चालन गर्दै आएको छ । कार्यक्षेत्र विस्तार र कारोवार वृद्धि सँगै एसियाली स्तरको एक्सेस कार्यक्रममा सामेल भई ब्राण्ड पाप्त गर्ने लक्ष्यमा साकोस केन्द्रित रहेको व्यवस्थापक लामा बताउनुहुन्छ ।

**Be READY to fight**
**#coronavirus**

Be **SUPPORTIVE** Be **CAREFUL** Be **Alert** Be **KIND**

*For the latest health advice, go to:* **www.who.int/COVID-19**

# समुदायको मन जित्दै दक्षिणकालीको गोपालेश्वर सामुदायिक साकोस



**विरेन्द्र कुमार बलामी, अध्यक्ष**

दक्षिणकाली नगरपालिका ६ स्थित गोपालेश्वर सामुदायिक बचत तथा ऋण सहकारी संस्था लिमिटेड दक्षिण भेगीय सहकारी अभियानकै समुदायमा आधारित एक नमुना सहकारीको रुपमा सञ्चालित छ । तत्कालिन दक्षिणकाली गा.वि.स, टल्कु डुँडेचौर गा.वि.स., छैमले गा.वि.स.र सेतिदेवी गा.वि.स. गरी ५ वटा गा.वि.स.का शिक्षाप्रेमी, स्वास्थ्यप्रेमी, कृषिप्रेमी, संस्कृतिप्रेमी, समाजसेवी लगायतका युवा वर्गहरूबाट सामुदायिक समावेशीकरणलाई समेत आत्मसात गरी २५ जनाको समूह मिलेर २०६७ साल मंसिर ८ गते गोपालेश्वर सामुदायिक सहकारी गठन भएको थियो । प्रथम वार्षिक साधारणसभादेखि नै सहकारीमार्फत समुदायमा सामाजिक, आर्थिक, सांस्कृतिक र पर्यावरणीय विकासका लागि उल्लेखनीय योगदान रहँदै आएको छ । यसको अलावा सहकारीले धार्मिक, ऐतिहासिक, शैक्षिक क्षेत्रको विकासमा पनि उल्लेख्य कामहरू गर्दै आइरहेको छ । लैङ्गिक समानता तथा समावेशीकरणका विषयमा पनि विभिन्न कार्यक्रमहरू आयोजना तथा सचेतनामुलक कार्यक्रमहरू गर्दै अगाडि बढिरहेको छ ।

गोपालेश्वर सामुदायिक बचत तथा ऋण सहकारी संस्था समुदायमा आधारित संस्था हो, जसले गत मंसिरमा ११औं वार्षिक साधारणसभा समेत सम्पन्न गरिसकेको छ । संस्थाका अध्यक्ष विरेन्द्र कुमार बलामी भन्नुहुन्छ, संस्थाले बचत तथा ऋणको प्राथमिक कार्यका अतिरिक्त स्थानीय कला, संस्कार, परम्परा, रीतिरिवाज आदि जर्गेना गर्ने काममा समुदायका विभिन्न सरकारी तथा गैरसकारी निकायहरूसँग हातेमालो गर्दै आएको छ । संस्थामा हाल १३ सय सदस्यहरू छन् । वि.सं. २०७१ सालदेखि टोल टोलमा रहेका उत्पीडित, बेरोजगार, केही गरौं भन्ने भावना बोकेका महिला दिदीबहिनीहरूका लागि न्यूनतम ब्याजमा लगानी गर्ने गरी विभिन्न फुलको नामबाट महिला समूहको नामाकरण हुने गरी महिला समूहको गठन गरिएको छ । गोपालेश्वर सामुदायिक सहकारीको मुख्य काम भनेको विभिन्न सदस्यहरूलाई सीप अनुरूपको जस्तै कृषि, शिक्षा लगायतका क्षेत्रमा ऋण लगानी गर्दै आइरहेको छ । संस्थामा हाल ४५ वटा महिला समूहहरू छन्, समूहमार्फत ३ सय ६२ जना महिलाहरू अभियानमा जोडिनुभएको छ । संस्थाले महिलाहरू लक्षित विभिन्न सीपमुलक तालिमहरूलाई पहिलो प्राथमिकतामाा राखेको छ । लैङ्गिक समानता तथा महिला सशक्तिकरणको अभियानमा गोपालेश्वर सहकारी संस्थाले महिला रोजगारीका लागि अवलम्बन गरेको नीति तथा योजना, सहकारीमार्फत १३ जना महिला कर्मचारीलाई रोजगारी प्रदान साथै विभिन्न तालिम प्रशिक्षकको रूपमा पनि महिलाहरूलाई अवसर प्रदान गर्दै आइरहेको छ ।

वि.सं २०७२ सालदेखि दक्षिणभेगिय क्षेत्रमा रहेका विभिन्न विद्यालयहरूमा बचत गर्ने बानीको विकासका लागि विभिन्न समयमा सचेतना कार्यक्रमको आयोजना गरिएको छ । अन्तर्राष्ट्रिय स्तरकै नमुना कार्यक्रमको रूपमा संस्थाले विद्यार्थी बचत क्लबहरू स्थापना गरेको छ । जसले विद्यार्थीहरूलाई पढाईका साथसाथै विभिन्न अतिरिक्त क्रियाकलापहरूमा प्रतिस्पर्धात्मक क्षमता विकास भएको छ । स्कूल स्कूलमा पुगेर वित्तीय साक्षरताका कक्षाहरू सञ्चालन गर्ने गरेका छौं भने १६ वटा स्कूलहरूमा बचत क्लबहरू सञ्चालन गरेर विद्यार्थीहरूलाई बचत गर्ने अभ्यासमा अभ्यस्त बनाएका छौं । बचत क्लब मार्फत हामीसँग हाल १३०० विद्यार्थीहरू सहकारीको बचत अभियानमा जोडिनुभएको छ । बच्चैदेखि बचत कसरी गर्ने ? बचत किन चाहिन्छ ? भन्ने सिकाएका छौं ।

विशुद्ध सामुहिक क्रियाकलाप अन्तर्गत हामीले सँगसँगै सहकारी संस्थालाई सहयोग र समर्थन हुने गरी सामुदायिक कार्यक्रमहरूमा पनि सहयोग गर्दै आइरहेका छौं । समुदायस्तरमा मठ मन्दिर निर्माण र जिर्णोद्धार गर्नको लागि सहयोग उपलब्ध गराएका छौं, सहकारीको परिकल्पना, ध्येय र उद्देश्य अनुरूप २०६७ सालदेखि नै लैङ्गिक समानता तथा महिला सशक्तिकरण केन्द्रको स्थापना गरी लैङ्गिक समानता तथा सशक्तिकरण अभियान सञ्चालन गरी संस्थाले गरेका कामहरू समाजमा उदारहरणीय रहेका छन् । संस्थाका सेयर सदस्यहरूको संख्या ३९६८ पुगेको छ । संस्थाले गत वर्ष २२ करोड बराबरको कारोवार गर्न सफल भएको छ भने १ करोड ५० लाख सेयर पुँजी र १७ करोड भन्दा बढी ऋण लगानी गर्न सफल भएको छ ।



मीरा आचार्य महर्जन, अध्यक्ष

# महिला सशक्तिकरणमा जोड दिँदै दक्षिणकाली महिला साकोस

काठमाडौंको दक्षिणकाली नगरपालिका वडा नं ६ अवस्थित दक्षिणकाली महिला बचत तथा ऋण सहकारी संस्था लि. समुदायमा आधारित संस्था हो । सदस्यदेखि सञ्चालक र कर्मचारीहरू सबै महिलाहरूमात्रै रहेको साकोसले स्थापनाको २० औं बसन्त पार गरेको छ । कारोवार र सदस्य संख्याका आधारमा सानो भएपनि सुशासित र गुणस्तरीय सहकारीको रूपमा संस्थाले समुदायमा छवि निर्माण गर्न सफल भएको छ । आफ्नै भवनबाट सेवा प्रवाह गरिरेहको साकोसले खासगरी महिला सशक्तिकरण केन्द्रित सहकारी सामाजिक उत्तरदायित्वका कामहरू पनि गर्दै आएको छ । त्यसका लागि सदस्यहरूलाई आत्मनिर्भर अनि उद्यमशील बनाउने र आर्यआर्जनमा जोड्ने सीप कार्यक्रमपनि साकोसले चलाएको छ । महिला उत्थानका क्षेत्रमा अनवरत काम गरेकै कारण साकोसले स्थानीय सरकारबाट पनि आर्थिक तथा अन्य सहयोग प्राप्त गर्दै आएको छ ।

संस्थाकी अध्यक्ष मिरा आचार्य महर्जनले संस्था स्थापनाको इतिहास र वर्तमान बारे राख्नुभएको विचारको सम्पादित अंशः

महिला बालबालिका कार्यालय काठमाडौंले जिल्लाकै सबैभन्दा पहिला आफ्नो कार्यक्रम लागु गरेको दक्षिणकालिमा हो । साविक दक्षिणकाली गाउँपालिका वडा नं. ६, कोपु गाउँबाट शुरू गरेको हो । त्यतिबेलादेखि सबै वडाहरूमा साना साना समूह बनाएर ती समूहलाई समितिमा आवद्ध गराउँदै महिला विकास कार्यालयले सिङ्गो गाविस भरिकै महिलालाई समेटेर दक्षिणकाली महिला बचत तथा ऋण सहकारी संस्था २०५८ सालमा दर्ता गरियो । त्यतिबेलादेखि नै यो सहकारी संस्थाले आर्थिक कारोवार गर्दै आएको छ । त्यतिबेला समूहमा दिदीबहिनीहरूले १० रूपैयाँ जम्मा गर्न सुरू गर्नुभएको थियो । अहिले आएर हामीले संस्थाको २०औं वार्षिक साधारणसभा सम्पन्न गऱ्यौं । १० रूपैयाँबाट सुरू गरेको बचत अभियानमा यतिबेला तिनै दिदीबहिनीहरू लाखौं रूपैयाँ व्यक्तिगत रूपमा बचत गर्न सफल हुनुभएको छ भने संस्थाबाट ऋण लगेर आफैँले व्यापार व्यवसाय समेत गर्नुभएको छ । विगतमा केही आफुलाई व्यक्तिगत खर्च गर्नुपऱ्यो भने पनि घरपरिवारसँग माग्नुपर्ने, श्रीमानसँग माग्नुपर्ने अवस्था थियो । अहिले आफुले आफुखुसीनै संस्थाबाट ऋण लगेर व्यवसाय गर्न सक्षम हुनुभएको छ । महिलाहरूको आर्थिक सशक्तिकरण राम्रो भएको छ । त्यसको एक उदारहण म स्वयम् पनि हो । यस संस्थामा आवद्ध भएर सञ्चालक हुँदै अध्यक्ष भएपछि धेरै कुरामा सशक्तिकरण भएको छ । सहकारी मार्फत समाजमा एक खालको पहिचान बनेको छ ।

सहकारीको सदस्य बन्न त्यतिबेला एक सय रूपैयाँको सेयर थियो भने अहिले रू एक हजार पुगेको छ । संस्थाको सेयर पुँजी ४५ लाख ४ हजार र वासलात ३ करोड ५५ लाख रहेको छ भने ऋण लगानीतर्फ कोभिडका कारण केही प्रभावित भएको छ । गत वर्ष २ करोडको लगानी थियो भने यस वर्ष केही कमी आएर १ करोड ७२ लाख लगानी छ । संस्थाको विशेषता भनेको महिलाहरू मात्रै सदस्य रहनु हो । हामी महिलाहरू मात्रैले पनि संस्था सञ्चालन गर्न सक्छौं भन्ने हो, आज हामीसँग ८ सय महिला सदस्यहरू आवद्ध हुनुहुन्छ । हामीले संस्थामार्फत आर्थिक सँगसँगै विभिन्न सामाजिक गतिविधिहरू पनि अगाडि बढाएका छौं । महिला सशक्तिकरण कार्यक्रम, लैङ्गिक हिंसा विरूद्धको १६ दिने अभियानका कार्यक्रमहरू, नारी दिवस, महिला हिंसा न्यूनीकरणका लागि टोलटोलमा सचेतना कार्यक्रमहरू, समाजका सांस्कृतिक कार्यक्रमहरूमा पनि विभिन्न संस्थाहरूसँग सहकार्य गरेका छौं ।

सदस्यहरूलाई विशेष गरी कृषि पशुपालन र व्यापार व्यवसायमा ऋण लगानी गरेका छौं । संस्थाको एउटा चुनौती भनेको महिलाहरूको नाममा घर जग्गा जमिन नहुने, यदि ठूलो रकम ऋण चाहियो भने पनि धितो राख्नुपऱ्यो भने घरको श्रीमान अथवा पुरूष सदस्यको नाममा सम्पत्ती हुने भएकोले धितो राखेर कारोवार गर्न समस्या भएको पाएका छौं । घर परिवारमा ठूलो पुँजी परिचाल र त्यसको अधिकार पुरूषको हातमा रहने भएकोले हाम्रो जस्तो महिलाद्वारा सञ्चालित सहकारी विशुद्ध रूपमा महिला दिदीवहिनीहरूको पेवा साथै फजुल खर्च र घर खर्चबाट जोगाएर बँचाएको पैसाबाट मात्र चल्ने रहेछ ।

अर्कोकुरा हामीले सदस्यहरूको लागि एउटा आकस्मिक कोष खडा गरेका छौं । कोषमा संस्थाकै एकजना

सदस्य राममाया महर्जनले सुरुमा ५ हजार रूपैया राखिदिनुभयो, हामी सञ्चालक समितिले प्रत्येक महिना बैठक बस्दा सबैबाट रू १०/१० रूपैयाँ कोषमा राख्छौं र अन्य सदस्यहरूले स्वइच्छाले रू १ देखि रू ५० सम्म पनि राखिदिनुहन्छ । साथै संस्थाका केही आकस्मिक आम्दानी भयो भने पनि हामी त्यही कोषमा राख्छौं । यहि कोषबाट हामीले संस्थामा आवद्ध सदस्यको श्रीमान वित्नुभयो भने सहानुभूति स्वरूप रू. ५ हजार आर्थिक सहयोग प्रदान गर्दै आइरहेका छौं । त्यसैगरी नयाँ सदस्य बन्दा एक सदस्य बराबर रू. एक सय ५० रूपैयाँ अतिरिक्त लिन्छौं, र त्यसै मार्फत हामीले स्वास्थ्य बीमा सुविधा लागु गरेका छौं । सदस्यहरू बिरामी पर्दा अर्थात ठूलो उपचार गर्नुपर्दा हामीले रू ३ हजारदेखि ५ हजारसम्म सहयोग प्रदान गर्ने गरेका छौं ।

संस्थाले आफ्नै भवनबाट सेवा दिन सफल भएको छ र सदस्यहरूलाई आवश्यक तालिम तथा सीप विकासका कार्यक्रमहरू पनि आफ्नै भवनबाट गर्दै आइरहेका छौं । हाम्रो भवन निर्माणको श्रेय पनि यही टोलबासी, तत्कालिन गाविस अध्यक्ष र यहाँका टोलबासी समुदायहरूलाई जान्छ । त्यतिबेला महिला बालबालिका कार्यलयले भवन बनाउनको लागि तपाईहरूसँग जग्गा भयो भने भवन निर्माणका लागि केही आर्थिक सहयोग गर्‍छौं भनेपछि यही टोलबासीहरूले संस्था रहेसम्मको लागि भनेर जग्गा उपलब्ध गराइदिनुभएकै कारण आज हामीले आफ्नै भवनबाट सेवा दिइरहन पाएका छौं । यही टोलबासीनै धन्यवादको पात्र हुनुहुन्छ । भवन निर्माणका लागि महिला बालबालिका कार्यालय र गाविसले सुरुमा ५०/५० हजार दिएपछि हामीले यो भवन सुर गर्‍यौं । विभिन्न संघ संस्था र स्थानीय निकायहरूबाट आर्थिक अनुदानहरू प्राप्त भयो, महिला बालबालिका कार्यालयबाटपछि डेढ लाख सहयोग पनि प्राप्त भयो । यसरी बर्षेसाल एक एक इट्टा थप्दै हामी यो भवन निर्माण सम्पन्न गर्न सफल भयौं । त्यसैगरी दक्षिणकाली नगरपालिका वडा नं. ६ बाट महिलाहरूलाई आयआर्जनका क्रियाकलापमा जोड्न केही बजेट विनियोजन भएको थियो, त्यसबाट धुप उद्योग सञ्चालन गरेर त्यसमा रोजगारी दिलाउनको लागि यही भवनको माथिल्लो तलामा तालिम सञ्चालन गर्‍यौं, अहिले त्यहीबाट धुप उत्पादनको काम पनि भइरहेको छ ।

यस्तै अरू विभिन्न कार्यक्रमहरू जुन महिलाहरूले घरमै बसेर गर्न सक्ने कामहरूको तालिम दिएर महिलाहरूलाई आर्थिक रूपमा सशक्तिकरण गर्न संस्थाले पहल गरिरहेको छ । जस्तै झोलाहरू बनाउने, बाटेको धुप बनाउने, स्वेटर, मोजा बुन्ने आदि । उत्पादित वस्तुहरूको पनि बजारीकरणको समस्या छ । हामीले स्थानीय उत्पादनको प्रयोगमा जोड दिन पनि सकेका छैनौं । महिलाहरूले उत्पादन गरेको सामानहरू यही भवनको एक कोठामा बिक्री कक्ष राखेर विभिन्न ठाउँमा पठाउनको लागि पनि लागिपरेका छौं । सदस्यहरूद्वारा निर्मित स्थानीय वस्तुहरूलाई बजारसम्म पुर्‍याउन कसरी सहजीकरण गर्ने भन्ने विषयमा पनि सोचिरहेका छौं ।

साकोस आवाज
सहकारी सँगै सञ्चार



Like
Comment
Share

कृपया सहकारी समाचारका लागि:
saccosaawaj.coop.np मा जानुहोला ।

यदि तपाईंसँग कुनै समाचार भएमा
saccosaawaj@gmail.com मा पठाउनुहोला ।

# नेफस्कून फिल्ड कार्यालय तथा सेवाकेन्द्र सम्बन्धी जानकारी

| क्र.सं. | फिल्ड कार्यालयहरू | स्थापना मिति | सम्पर्क नं. | इमेल |
|---|---|---|---|---|
| १. | चितवन | २०५८ कार्तिक २५ | ०५६-५७२१५१ | chitwanfo@nefscun.org.np |
| २. | सुनसरी | २०६० षौष १३ | ०२५-५८४८०५ | sunsarifo@nefscun.org.np |
| ३. | बाँके | २०६३ आश्विन १ | ०८१-५३७५९१ | bankefo@nefscun.org.np |
| ४. | दोलखा | २०६७ आश्विन २ | ०४९-४२१६८४ | dolakhafo@nefscun.org.np |
| ५. | सर्लाही | २०७० जेठ १८ | ०४६-५३०६८७ | sarlahifo@nefscun.org.np |
| ६. | चावहिल | २०७० असार १५ | ०१-४४७९५४४ | chabahilfo@nefscun.org.np |
| ७. | ललितपुर | २०७१ वैशाख १० | ०१-५५३२६५० | lalitpurfo@nefscun.org.np |
| ८. | कञ्चनपुर | २०७१ वैशाख २४ | ०९९-५२५२०५ | kanchanpurfo@nefscun.org.np |
| ९. | रूपन्देही | २०७१ असार २१ | ०७१-५४०३६८ | rupandehifo@nefscun.org.np |
| १०. | पोखरा | २०७२ फागुन १२ | ०६१-५३३३८९ | kaskifo@nefscun.org.np |
| ११. | झापा | २०७२ फागुन १२ | ०२३-५८५३५५ | jhapafo@nefscun.org.np |
| १२. | कलंकी | २०७३ भाद्र १५ | ०१-५२३४३५० | kalankifo@nefscun.org.np |
| १३. | डडेलधुरा | २०७३ आश्विन १८ | ०९६-४१०१२७ | dadeldhurafo@nefscun.org.np |
| १४. | दाङ | २०७३ आश्विन २० | ०८२-५६१८०९ | dangfo@nefscun.org.np |
| १५. | पर्सा | २०७३ मंसिर १२ | ०५१-५२८१०६ | parsafo@nefscun.org.np |
| १६. | लमजुङ | २०७३ पौष २० | ०६६-५२१०९३ | lamjungfo@nefscun.org.np |
| १७. | सुर्खेत | २०७४ माघ ४ | ०८३-५२५७६० | surkhetfo@nefscun.org.np |
| १८. | बनेपा | २०७४ फागुन ७ | ०११-६६२७५४ | banepafo@nefscun.org.np |
| १९. | न्यूरोड | २०७५ वैशाख १० | ०१-४२२४७६२ | newroadfo@nefscun.org.np |
| २०. | जनकपुर | २०७५ असार २८ | ०४१-५९०५९० | janakpurfo@nefscun.org.np |
| २१. | धादिङ | २०७५ भाद्र १७ | ०१०-५२१२९९ | dhadingfo@nefscun.org.np |
| २२. | मकवानपुर | २०७५ आश्विन १७ | ०५७-५२३८१२ | makawanpurfo@nefun.org.np |
| २३. | भक्तपुर | २०७५ मंसिर २६ | ०१-५०९३३०३ | bhaktapurfo@nefscun.org.np |
| २४. | गोंगबु | २०७७ श्रावण ३२ | ०१-४९५१५६५ | gongabufo@nefscun.org.np |
| क्र.सं. | सेवाकेन्द्रहरू | स्थापना मिति | सम्पर्क नं. | इमेल |
| १. | लेटाङ | २०७५ मंसिर १७ | ०२१-५६०६०५ | letangfo@nefscun.org.np |
| २. | भुमही | २०७६ असार २० | ०७८-४१५४१८ | bhumahisc@nefscun.org.np |
| ३. | टाँडी | २०७६ मंसिर १ | ०५६-५६०७८९ | tandisc@nefscun.org.np |
| ४. | मन्थली | २०७७ श्रावण २६ | ०४८-५४०४१० | manthalisc@nefscun.org.np |
| ५. | विराटनगर | २०७७ कार्तिक २३ | ०२१-५९०४१५ | biratnagarsc@gmail.com |
| ६. | खैरहनीटार | २०७७ कार्तिक २६ | ०६५-४१२२०५ | nefscunkhairenitar@gmail.com |
| ७. | सुर्यविनायक | २०७८ श्रावण ८ | ०१-६६१२९४० | nefscunsuryabinayak@gmail.com |
| ८. | विर्तामोड | २०७८ श्रावण १३ | ०२३-५९०४१९ | nefscun.birtamod@gmail.com |
| ९. | धनगढी | २०७८ श्रावण २५ | ०९१-५९०५१० | nefscun.dhangadhi@gmail.com |
| १०. | सिन्धुली | २०७८ मंसिर १४ | ०४७-५९०३०० | nefscunsindhuli@gmail.com |
| ११. | म्याग्दी | २०७८ पुस २८ | ०६९-५२२०८९ | myagdisc.nefscun@gmail.com |

नेफस्कून

**नेपाल बचत तथा ऋण केन्द्रीय सहकारी संघ लि.**
नयाँ बानेश्वर, काठमाडौं
फोन नं.: ०१-४७९१९६३, ४७८०२०१
इमेलः nefscun@nefscun.org.np
वेबसाइटः www.nefscun.org.np


www.iginepal.com
निर्जीवन बीमा सँग सम्बन्धित
हरेक प्रकारको
जोखिम वहन गर्ने
जिम्मेवारीका साथ अगाडी बढ्दै
IGI
IME GENERAL INSURANCE
IME General Insurance Limited
Corporate Office : Narayanchaur, Naxal, Kathmandu, Nepal
Phone (Hunting) : +977 1 4511510 | Fax : +977 1 4511736 | Email : info@iginepal.com

IMELiFE कर्जा म्यादी जीवन बीमा योजना

# आइ.एम.ई. कर्जा म्यादी जीवन बीमा योजना

# I.M.E. Credit Term Life Policy

## विवरण:

मानव जीवन संग सम्बन्धित जीवन बीमा,लघुवित्त संस्थाहरुको बचत तथा ऋण सहकारी संस्थाहरुद्धारा आफ्ना ग्राहकलाई प्रदान गरिने विभिन्न कर्जाको सुरक्षणको लागि यो बीमा योजना बजारमा हामीले ल्याएका छौ ।

यस अन्तर्गत बिभिन्न ब्यक्ति, संस्थाका शेयर सदस्यहरु, बचतकर्ताहरु र संस्था मार्फत कर्जा लिएका ऋणीहरुको न्युनतम बीमाशुल्कमा जीवन बीमा गरी वित्तीय संस्थाहरुको कर्जा सुरक्षित समेत गर्न सकिनेछ । बीमित व्यक्तिको बीमा अवधि भित्र कुनै पनि कारण (कालगति, दुर्घटना, कुनै रोग वा अन्य कुनै अज्ञात कारण) बाट मृत्यु भएमा बीमा बराबरको रकम सहित भुक्तानी गरिने छ । साथै काजक्रिया खर्च वा दुर्घटनाको कारणबाट आंशिक वा पूर्ण स्थायी अशक्तताको समेत जोखिम बहन गरिने छ ।

| | |
|---|---|
| १. न्यूनतम प्रबेश उमेर: | १६ वर्ष |
| २. अधिकतम प्रवेश उमेर: | ६५ वर्ष |
| ३. न्यूनतम बीमा अवधि: | १ वर्ष |
| ४. अधिकतम बीमा अवधि: | ९ वर्ष |
| ५. अधिकतम उमेर परिपक्वतामा: | ६६ वर्ष |
| ६. न्यूनतम बीमाङ्क रकम: | रु. १0,000/- |
| ७. अधिकतम बीमाङ्क रकम: | रु. २0,00,000/- |
| ८. बीमा शुल्क भुक्तानी तरिका: | वार्षिक । |
| ९. चुक्ता मुल्यरसमर्पण मूल्यरकर्जा: | बीमालेख अन्तर्गत यी सुबिधाहरु उपलब्ध हुने छैन । |


**IME Life Insurance Company Ltd.**

3rd Floor, Hathway Complex, Lainchaur, Kathmandu | P. Box 740 | 977-01-4024071

info@imelifeinsurance.com | www.imelifeinsurance.com